# बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपाल

नक्शाल, काठमाडौँ

०१-४५१६४७३, www.pfpid.org.np

## UNCRPD र नीति नियम सम्बन्धि तालिम

२-४ चैत्र २०७९

चितवन

तालिम अध्ययन सामग्री

# अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी २००६

# अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि एवं स्वेच्छिक प्रोटोकल २००६

१३ डिसेम्बर २००६ मा संयुक्त राष्ट्र संघको ६१ औं महासभाबाट पारित भएको हो । नेपालको व्यवस्थापिका संसदद्वारा सन २००९ डिसेम्बर २७ मा अनुमोदन गरीएको हो ।

**प्रस्तावनाः**

**प्रस्तुत महासन्धिका पक्ष राष्ट्रहरु,**

)क (मानव परिवारका सम्पूर्ण सदस्यहरुको नैसर्गिक मर्यादा र मूल्य तथा समान र अहरणीय अधिकारलाई नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधारशीलाको रुपमा मान्यता दिने संयुक्त राष्ट्र संघको बडापत्रमा उद्घोषित सिद्धान्तहरु स्मरण गदै;

)ख (संयुक्त राष्ट्रसंघले मानव अधिकारको विश्वव्यापी घोषणपत्र र मानवअधिकार सम्बन्धि अन्तराष्ट्रिय प्रतिज्ञापत्रहरुमा प्रत्येक व्यक्ति तिनमा उल्लिखित सबै अधिकार तथा स्वतन्त्रताहरुको कुनै किसिमको भेदभाव विना हकदार भएको घोषणा र मन्जूरी गरेको कुरालाई स्वीकार गर्दै ;

)ग (सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरुको सर्वव्यापकता, अविभाज्यता, अन्तरनिर्भरता तथा अन्तरसम्बन्द्धता साथै अपाङ्गता भएका व्यक्तिहरुलाई विना कुनै भेदभाव त्यस्ता अधिकार र स्वतन्त्रताहरुको पूर्ण उपभोगको प्रत्याभूति दिनुपर्ने आवश्यकतालाई पुनः पुष्टि गर्दै;

)घ (आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, नागरीक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, सबै किसिमका जातिय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तराष्ट्रिय महासन्धि, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, यातना तथा अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, बाल अधिकार सम्बन्धी महासन्धि, बसाई सरेको सम्पूर्ण कामदार तथा उनीहरुको परिवारका सदस्यहरुको अधिकार संरक्षण गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासंन्धिलाई स्मरण गर्दै ;

)ङ (अपाङ्गता एउटा नवीनतम अवधारणा हो र अपाङ्गता भएका व्यक्तिहरु र दृष्किोण सम्वन्धी एवं वातावरणीय अवरोधहरु वीचको अन्तरक्रियाको परिणाम स्वरुप उत्पन्न हुन्छ, जसले अन्य व्यक्तिहरु सरह समान आधारमा समाजमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन वाधा पुर्याउँछ, भन्ने कुरालाई मान्यता दिंदै;

)च (अपाङ्गता भएका व्यक्तिहरुलाई अवसरहरुको थप समानिकरण गर्नका लागि राष्ट्रिय, क्षेत्रीय र अन्तराष्ट्रिय तहमा नीति, योजना, कार्यक्रम तथा कार्यहरुको प्रवद्र्धन, तर्जुमा तथा मूल्याङ्कनमा प्रभाव पार्न अपाङ्ग व्यक्तिहरु सम्वन्धी विश्व कार्ययोजना तथा अपाङ्गता भएका व्यक्तिहरुलाई अवसरमा समानिकरण सम्वन्धी साधारण नियमहरुमा उल्लिखित सिद्धान्त र नीति निर्देशनहरुको महत्वलाई मान्यता दिंदै ;

)छ (अपाङ्गता सम्वन्धी षियलाई दिगो विकासका सम्वद्ध रणनीतिहरुको अभिन्न अङ्गको रुपमा मूल प्रवाहीकरण गर्नुपर्ने महत्वलाई जोड दिंदै ;

)ज (अपाङ्गताको आधारमा कुनै पनि व्यक्ति विरुद्ध हुने भेदभाव मानव मात्रको नैसंर्गिक मर्यादा तथा मूल्यको उल्लंघन हो भन्ने कुरालाई समेत मान्यता दिंदै ;

)झ (अपाङ्गता भएका व्यक्तिहरुको विविधतालाई थप स्वीकार गर्दै ;

)ञ (थप सघन सहयोग आवश्यक पर्ने लगायतका अपाङ्गता भएका सबै व्यक्तिहरुको मानव अधिकार सम्बद्र्धन र संरक्षणको आवश्यकतालाई मान्यता दिंदै ;

)ट (यस्ता विभिन्न दस्तावेज र प्रयासहरुका वावजुद पनि अपाङ्गता भएका व्यक्तिहरुले विश्वका सबै भूभागहरुमा समाजका समान सदस्यको रुपमा सहभागी हुन अवरोध तथा मानव अधिकार उल्लंघनको निरन्तर सामना गरीरहेका छन् भन्ने कुरामा चासो राख्दैं ;

)ठ (प्रत्येक मुलुक र खासगरी विकासोन्मुख मुलुकहरुमा अपाङ्गता भएका व्यक्तिहरुको जीवनावस्थाहरुमा सुधार गर्नका लागि अन्तराष्ट्रिय सहयोगको महत्वलाई स्वीकार गर्दै ;

)ड (अपाङ्गता भएका व्यक्तिहरुले उनीहरुको समुदायको सर्वाङ्गीण हित र विविधतामा पु¥याएको वा पुर्याउन सक्ने अमूल्य योगदानलाई तथा अपाङ्गता भएका व्यक्तिहरुको सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरुको पूर्ण उपभोगको प्रवद्र्धनले तथा अपाङ्गता भएका व्यक्तिहरुको पूर्ण सहभागिताले उनीहरुको स्वामित्वको अनुभूतिमा अभिबुद्धि तथा समाजको मानविय, सामाजिक र आर्थिक विकास एवं गरीवी निवारणमा अर्थपूर्ण प्रगति ल्याउने कुरालाई मान्यता दिंदै;

)ढ (अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो लागि आफैले छनौट गर्न पाउने स्वतन्त्रता लगायत उनीहरुको व्यक्तिगत स्वायत्तता र स्वतन्त्रताको महत्वलाई स्वीकार गर्दै;

)ण (अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको प्रत्येक्ष सरोकार हुने लगायतका अन्य नीति र कार्यक्रमहरुको निर्णय गर्ने प्रक्रियामा सक्रिय रुपमा संलग्न हुन पाउने अवसर उपलब्ध हुनु पर्दछ भन्ने कुरामा विचार गर्दै;

)त (जाति, रंग, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातिय, आदिवासी वा सामाजिक उत्पति, सम्पत्ति, जन्म, उमेर वा अन्य हैसियतको आधारमा विविध वा गम्भिर प्रकारका भेदभावका भागीदार भएका अपाङ्गता भएका व्यक्तिहरुले सामना गर्नु परेको कठिन अवस्थाबारे चासो राख्दै;

)थ (अपाङ्गता भएका महिला वा बालिकाहरु प्रायः घरभित्र र बाहिर दुबै स्थानमा अक्सर हिंसा, चोट वा दुव्र्यवहार, तिरस्कार वा तिरस्कारजन्य व्यवहार, गलत व्यवहार वा शोषणको उच्च जोखिममा भएको स्विकार गर्दै;

)द (अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिका सरह समान आधारमा सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरुको पूर्ण उपभोग गर्नु पाउनु पर्ने कुरा स्वीकार गर्दै तथा यस उद्देश्य प्राप्तिका लागि पक्ष राष्ट्रहरुले बालअधिकार सम्बन्धी महासंन्धि अन्तर्गत वहन गर्न कबूल गरेका जिम्मेवारीहरुको स्मरण गर्दै ;

)ध (अपाङ्गता भएका व्यक्तिहरुको लागि सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरुको पूर्ण उपभोग प्रवद्र्धन गर्ने सम्पूर्ण प्रयासहरुमा लैङ्गिक दृष्टिकोण समाहित गर्नुपर्ने आवश्यकतामा जोड दिंदै ;

)न (अपाङ्गता भएका बहुसंख्यक व्यक्तिहरु गरीबीको अवस्थामा जीवन यापन गरेको तथ्यलाई उजागर गर्दै तथा यस सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरुमा गरीवीले पारेको नकारात्मक प्रभाव सम्बोधन गर्नुपर्ने गम्भीर आवश्यकतालाई मान्यता दिंदै ;

)प (संयुक्त राष्ट्रसंघको बडापत्रमा उल्लिखित उद्देश्य तथा सिद्धान्तको पूर्ण सम्मानमा आधारित शान्ति र सुरक्षाका अवस्थाहरु तथा लागू हुने मानवअधिकार सम्बन्धी लिखतहरुको परिपालना अपाङ्गता भएका व्यक्तिहरु तथा खासगरी सशस्त्र द्वन्द्व र विदेशी कब्जामा रहेका व्यक्तिहरुको पूर्ण संरक्षणका लागि अपरिहार्य भएको कुरा दृष्टिगत गर्दै ;

)फ (अपाङ्गता भएका व्यक्तिहरुलाई सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरुको उपभोग गर्नमा सक्षम तुल्याउन भौतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण, स्वास्थ्य र शिक्षा एवं सूचना र संञ्चारमा पहुँचको महत्वकलाई स्वीकार गर्दै ;

)ब (अन्य व्यक्ति तथा आफू रहेको समुदाय प्रति कर्तव्य रहेको प्रत्येक व्यक्तिमा मानव अधिकारसम्बन्धी अन्तराष्ट्रिय विल (International Bill of Rights) मा व्यवस्था गरीएका अधिकारहरुको सम्वर्धन र पालनाको लागि प्रयत्नरत रहने जिम्मेवारी रहेको कुरालाई महसुस गर्दै ;

)भ (परिवार समाजको प्राकृतिक र आधारभूत समूहगत ईकाइ हो तथा समाज र राज्यबाट संरक्षण प्राप्त गर्न हकदार छ एवं अपाङ्गता भएका व्यक्तिहरुको अधिकारहरुको पूर्ण र समान उपभोगका लागि योगदान दिन परिवारलाई सक्षम तुल्याउन अपाङ्गता भएका व्यक्तिहरु तथा उनीहरुको परिवारले आवश्यक संरक्षण र सहयोग प्राप्त गर्नुपर्छ भनी आश्वस्त हुदैं;

)म (अपाङ्गता भएका व्यक्तिहरुको अधिकार र मर्यादाको सम्वर्धन र संरक्षण गर्ने विस्तृत तथा एकीकृत अन्तराष्ट्रिय महासंन्धिले अपाङ्गता भएका व्यक्तिहरुको गम्भिर सामाजिक असुविधालाई पुनः सम्बोधन गर्न तथा विकासोन्मुख र विकसित दुवै मुलुकहरुमा नागरीक,

राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रहरुमा समान अवसरहरुका साथै उनीहरुको सहभागितालाई सम्बद्र्धन गर्न महत्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा विश्वस्त हुंदै;

देहाय बमोजिम सहमत भएका छन् :–

**धारा १ उद्देश्य :** प्रस्तुत महासंन्धिको उद्देश्य अपाङ्गता भएका सबै व्यक्तिहरुबाट हुने सम्पूर्ण मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरुको पूर्ण र समान उपभोग सम्बद्र्धन, संरक्षण एवं सुनिश्चित गर्नु तथा उनीहरुको नैसर्गिक मर्यादाको सम्मानको संवद्र्धन गर्नु हो । अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालिन अशक्तताद्वारा सृजित विभिन्न अवरोधहरुसंगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्तिहरु सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउँछ

**धारा २ परिभाषा : प्रस्तुत महासन्धिको प्रयोजनको लागि ;**

**"संचार"** भन्नाले भाषा, पाठको प्रस्तुती, ब्रेल, स्पर्श सञ्चार, ठूलो छापा, पहुँचयोग्य बहु माध्यम लगायत पहुँचयोग्य सूचना र सञ्चार प्रविधिको साथै लेख्य, श्रव्य, सामान्य भाषा, मानव वाचक, तथा सञ्चारका प्रवद्र्धनात्मक र वैकल्पिक माध्यम, तरिका, साधन र ढाँचा समेतलाई जनाउँछ ।

**" भाषा"** भन्नाले बोली र सांकेतिक भाषा तथा अन्य प्रकारका ध्वनीरहित भाषा समेतलाई जनाउँछ । **"अपाङ्गताको आधारमा हुने विभेद"** भन्नाले अन्य व्यक्तिहरु सरह समान आधारमा राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरीक वा अन्य क्षेत्रहरुमा सम्पूर्ण मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरुको स्वीकार्यता, उपभोग वा प्रयोगमा व्यवधान पार्ने वा शुन्यकिरण गर्ने उद्देश्यले वा त्यस्तो प्रभाव भएको अपाङ्गताको आधारमा हुने कुनै पनि विषमता, उपेक्षा वा प्रतिबन्ध सम्झनु पर्छ । सो शब्दले उपयुक्त अनुकुलताको अस्वीकार लगायतका सबै प्रकारका विभेदहरुसमेतलाई जनाउँछ ।

**"उपयुक्त अनुकूलता"** भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य व्यक्तिहरु सरह समान आधारमा सम्पूर्ण मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरुको उपभोग वा प्रयोगको सुनिश्चितता कुनै निश्चित अवस्थामा आवश्यक भएकोमा, कुनै पनि असमानुपातिक वा अनुचित भार नपारी प्रदान गरीएको आवश्यक र उपयुक्त सुधार वा अनुकुलता सम्झनु पर्छ ।

**"सर्वमान्य संरचना"** भन्नाले उच्चतम सम्भव हदसम्म, विशिष्टीकृत संरचना वा ग्रहणशीलता विना सबै मानिसहरुले प्रयोग गर्न सक्ने उत्पादन, वातावरण, कार्यक्रम र सेवाहरुको संरचना सम्झनु पर्छ । "सर्वमान्य संरचना" ले अपाङ्गता भएका व्यक्तिहरुको निश्चित वर्गको लागि आवश्यक भएको बखत प्रयोग गरीने सहायक उपकरणलाई वाहेक गर्ने छैन ।

**धारा ३ सामान्य सिद्धान्तहरु :** प्रस्तुत महासन्धिका सिद्धान्तहरु देहायबमोजिम हुनेछन् ;

)क (नैसर्गिक मर्यादाको सम्मान, आफ्नो लागि आफै छनौट गर्न पाउने स्वतन्त्रता लगायतका वैयक्तिक स्वायत्तता तथा व्यक्तिको स्वतन्त्रताको सम्मान;

)ख (गैर– भेदभाव;

)ग (समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण;

)घ (मानव विविधता एवं मानवियताको अंगको रुपमा अपाङ्गता भएका व्यक्तिको भिन्नताको स्वीकार्यता;

)ङ (अवसरहरुमा समानता

)च (पहुँचयोग्यता;

)छ (पुरुष र महिला बीच समानता;

(ज (अपाङ्गता भएका बालबालिकाको विकासोन्मुख क्षमताको सम्मान तथा अपाङ्गता भएका बालबालिकाको आफ्नो पहिचानको संरक्षण गर्न पाउने अधिकारको सम्मान ।

**धारा ४ सामान्य दायित्वहरु :**

१ .पक्ष राष्ट्रहरु अपाङ्गताको आधारमा हुने कुनै पनि प्रकारको भेदभाव नगरी अपाङ्गता भएका सबै व्यक्तिहरुलाई सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरुको पूर्ण उपभोग सुनिश्चित र प्रवद्र्धन गर्ने कबुल गर्दछन् । यस उद्देश्य प्राप्तिका लागि पक्ष राष्ट्रहरुले देहायबमोजिमका कार्यहरु गर्ने कबुल गर्दछन् :

)क (प्रस्तुत महासन्धिमा स्वीकार गरीएका अधिकारहरुको कार्यान्वयनको लागि सम्पूर्ण उपयुक्त व्यवस्थापकीय, प्रशासनिक तथा अन्य उपायहरु ग्रहण गर्ने;

)ख (अपाङ्गता भएका व्यक्तिहरु विरुद्ध भेदभाव सृजना गर्ने विद्यमान कानून, नियम, प्रथा तथा प्रचलनलाई संशोधन वा उन्मूलन गर्न कानून बनाउने लगायतका सबै उपयुक्त उपायहरु अवलम्बन गर्ने;

)ग (अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकारको संरक्षण तथा प्रवद्र्धन गर्न सबै नीति तथा कार्यक्रमहरुलाई ध्यान दिने;

)घ (यस महासन्धिसंग बाझिने कुनै पनि कार्य वा प्रचलनमा संलग्न नहुने तथा सार्वजनिक निकाय तथा संस्थाहरुले प्रस्तुत महासन्धि अनुरुप कार्य गरेको सुनिश्चित गर्ने;

)ङ (कुनै पनि व्यक्ति, संस्था वा निजी उद्यमबाट अपाङ्गताको आधारमा हुने विभेद अन्त्य गर्न सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन् गर्ने ;

)च (अपाङ्गता भएका व्यक्तिहरुको खास आवश्यकता परिपूर्ति गर्न न्यूनतम संभावित ग्रहणशीलता भएका र न्यूनतम खर्च लाग्ने गरी यस महासन्धिको धारा २ मा परिभाषित विश्वव्यापी रुपमा डिजाईन गरीएको वस्तु, सेवा, उपकरण र सुविधाहरुको अनुसन्धान तथा विकास गर्ने वा सोको

लागि प्रोत्साहित गर्ने, त्यस्ता वस्तु, सेवा, उपकरण र सुविधाहरुको उपलब्धता र प्रयोग प्रवद्र्धन गर्ने र मापदण्ड तथा मार्ग निर्देशिकाहरुको विकास गर्न विश्वव्यापी रुपमा डिजाईन प्रवद्र्धन गर्ने ।

)छ (धान्न सक्ने मूल्यका प्रविधिहरुलाई प्राथमिकता दिंदै अपाङ्गता भएका व्यक्तिहरुलाई सुहाउँदो सूचना र संचार प्रविधि, गमनशील सहाय सामग्री, उपकरण, सहयोगात्मक प्रविधिहरु लगायत अन्य नयाँ प्रविधिहरुको अनुसन्धान, विकास गर्ने वा सोको लागि प्रोत्साहित गर्ने तथा त्यस्ता प्रविधिहरुको उपलब्धता र प्रयोगको प्रवद्र्धन गर्ने;

ज (अपाङ्गता भएका व्यक्तिहरुलाई नयाँ प्रविधिका साथै अन्य प्रकारको सहयोग, आधार सेवा र सुविधा लगायतका अन्य गमनशलि सहाय सामाग्री, उपकरण तथा सहयोगात्मक प्रविधिहरुबारे पहुँचयोग्य जानकारी उपलब्ध गराउने;

झ (प्रस्तुत महासन्धिमा प्रत्याभूत गरीएका सहयोग र सुविधाहरु अझ राम्ररी उपलब्ध गराउन अपाङ्गता भएका व्यक्तिहरुसंग काम गर्ने पेशाकर्मी तथा कर्मचारीलाई तालिम, प्रशिक्षण प्रवद्र्धन गर्ने ।

२ .आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको सम्बन्धमा प्रत्येक पक्ष राष्ट्रले अन्तराष्ट्रिय सहयोगको संरचनाभित्र अन्तराष्ट्रिय कानूनबमोजिम प्रस्तुत महासन्धिमा उल्लिखित तत्काल लागू हुने जिम्मेवारीहरुमा प्रतिकूल प्रभाव नपार्ने गरी आफूसंग उपलब्ध श्रोतहरुको अधिकतम हदसम्म र आवश्यकता अनुसार त्यस्ता अधिकारहरुको प्रगतिशील ढंगले पूर्ण प्राप्ति गर्ने उद्देश्यले उपायहरु अवलम्बन गर्ने कवूल गर्दछ ।

३ .पक्ष राष्ट्रहरुले प्रस्तुत महासन्धि कार्यान्वयन गर्ने कानून तथा नीतिहरुको निर्माण र कार्यान्वयनमा तथा अपाङ्गता भएका व्यक्तिहरुसंग सम्बन्धित विषयहरुसग सम्बन्धित अन्य निर्णय गर्ने प्रक्रियाहरुमा अपाङ्गता भएका बालबालिकाहरु लगायत अपाङ्गता भएका व्यक्तिहरुसंग उनीहरुका प्रतिनिधी संस्थाहरु मार्फत निकट रुपमा परामर्श गर्ने तथा निजहरुलाई सक्रिय रुपमा संलग्न गराउनेछन् ।

४ .कुनै पक्ष राष्ट्रको कानून वा त्यस्तो राष्ट्रलाई लागू हुने अन्तराष्ट्रिय कानूनमा अपाङ्गता भएका व्यक्तिहरुका अधिकारको प्राप्तिका लागि थप अनुकूल व्यवस्थाहरु गरीएका भए प्रस्तुत महासन्धिमा लेखिएको कुनै पनि कुराले त्यस्ता व्यवस्थाहरुलाई प्रभाव पार्ने छ्रैन । कानून, परम्परा, नियम वा प्रथाबमोजिम कुनै पक्ष राष्ट्रहरुको इलाकामा स्वीकार गरीएका वा विद्यामान रहेका मानवअधिकार र आधारभूत स्वतन्त्रताहरु उपर प्रस्तुत महासंधीले त्यस्ता अधिकार वा स्वतन्त्रताहरु स्वीकार नगरेको वा कम हदमा स्वीकार गरेको बहानामा कुनै पनि प्रतिबन्ध लगाईने वा त्यस्तो अधिकार र स्वतन्त्रताहरुलाई न्यूनीकरण गरीनेछैन ।

५ .प्रस्तुत महासन्धिका व्यवस्थाहरु कुनै सीमा वा अपवाद विना संघिय राज्यका सबै भागहरुमा लागू हुनेछ ।

**धारा ५ समानता र गैर भेदभाव**

१ .पक्ष राष्ट्रहरु कानूनको अगाडि तथा अन्तर्गत सबै व्यक्तिहरु समान भएको तथा कुनै पनि भेदभाव विना कानूनको समान संरक्षण र समान सुविधाको हकदार भएको स्वीकार गर्छन् ।

२ .पक्ष राष्ट्रहरुले अपाङ्गताको आधारमा हुने सबै भेदभावहरु निषेध गर्नेछन् तथा अपाङ्गता भएका व्यक्तिहरुलाई कुनै पनि आधारमा हुने भेदभाव विरुद्ध समान तथा प्रभावकारी कानूनी संरक्षण प्रत्याभूत गर्नेछन् ।

३ .समानता प्रवद्र्धन तथा भेदभाव उन्मूलन गर्नका लागि पक्ष राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरुलाई उचित अनुकूलता प्रदान गरीएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त कदमहरु चाल्नेछन् ।

४ .प्रस्तुत महासन्धिका शर्तहरु अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुको वास्तविक समानताको गति बढाउन वा प्राप्त गर्न आवश्यक पर्ने विशेष उपायहरुलाई भेदभाव मानिने छैन ।

**धारा ६ : अपांगता भएका महिला**

१ .पक्ष राष्ट्रहरु अपाङ्गता भएका महिला तथा बालिकाहरु विविध भेदभावको भागीदार भएको छन् भनी स्वीकार गर्छन तथा यस सम्बन्धमा उनीहरुले सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरुको पूर्ण र समान उपभोग गरेको सुनिश्चित गर्न उपायहरु अवलम्बन गर्नेछन् ।

२ .महिलाहरुको लागि प्रस्तुत महासन्धिमा व्यवस्था गरीएका मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरुको अभ्यास तथा उपभोगको प्रत्याभूति गर्ने उद्देश्यले उनीहरुको पूर्ण विकास, प्रगति तथा सशक्तिकरण सुनिश्चित गर्न पक्ष राष्ट्रहरुले सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् ।

**धारा ७ अपाङ्गता भएका बालबालिका**

१ .पक्ष राष्ट्रहरुले अन्य बालबालिका सरह समान आधारमा अपाङ्गता भएका बालबालिकाले सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरुको पूर्ण उपभोग गरेको सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरु अवलम्बन गर्नेछन् ।

२ .अपाङ्गता भएका बालबालिकासंग सम्बन्धित सबै काम कारबाहीहरुमा बालबालिकाको सर्वोत्तम हित नै प्राथमिक विषय हुनेछ ।

३ .पक्ष राष्ट्रहरुले अन्य बालबालिका सरह समान आधारमा अपाङ्गता भएका बालबालिकाले उनीहरुलाई प्रभाव पार्ने सबै विषयहरुमा आफ्नो धारणा व्यक्ति गर्ने अधिकार तथा उमेर र परिपक्कता अनुसार उनीहरुको धारणालाई उचित सम्मान दिईने तथा त्यस्ता अधिकारको उपयोगका लागि अपाङ्गता तथा उमेर अनुसार उपयुक्त हुने सहयोगहरु प्रदान गर्ने कुरा सुनिश्चित गर्नेछन् ।

**धारा ८ सचेतना अभिवृद्धि**

१ .पक्ष राष्ट्रहरुले देहायका कार्यहरु गर्न तात्कालिक, प्रभावकारी तथा उपयुक्त उपायहरु अवलम्बन गर्न कबूल गर्दछन् :

)क (पारिवारिक तह लगायत सम्पूर्ण समाजमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धमा तथा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार तथा स्वाभिमानको सम्मान अभिबृद्धि गर्न सचेतना अभिबृद्धि गर्ने;

)ख (लिङ्ग र उमेरमा आधारित लगायत जीवनका सबै पक्षहरुमा अपाङ्गता भएका व्यक्तिहरुसंग सम्बन्धित पुरातन, पूर्वाग्रही तथा हानिकारक प्रचलनहरु विरुद्ध जुध्ने;

(ग (अपाङ्ग भएका व्यक्तिहरुको सामार्थ्य तथा योगदानहरुबारे सचेतना अभिबृद्धि गर्ने ।

२ .यस उद्देश्य प्राप्तिका लागि देहायका उपायहरुसमेत पर्दछन्

क (देहायका कुराहरुका लागि, डिजाइन गरीएका प्रभावकारी सार्वजनिक सचेतना अभियानहरुको थालनी गरी कायम राख्ने :

)अ (अपाङ्गता भएका व्यक्तिहरुको अधिकारप्रतिको ग्रहणशीलता संवद्र्धन गर्ने;

)आ (अपाङ्गता भएका व्यक्तिहरु प्रति सकारात्मक धारणा तथा उच्चतर सामाजिक सचेतना अभिबृद्धि गर्ने;

)इ (अपाङ्गता भएका व्यक्तिहरुको सीप, गुण र क्षमताको स्वीकार्यता तथा कार्यस्थल र श्रम बजारमा उनीहरुको योगदान प्रवद्र्धन गर्ने ;

ख (सानो उमेरदेखिका सम्पूर्ण बालबालिकामा लगायत शिक्षा प्रणालीका सम्पूर्ण तहहरुमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार प्रति सम्मानको धारणा अभिबृद्धि गर्ने;

ग (प्रस्तुत महासन्धिको उद्देश्य अनुकूल हुने गरी अपाङ्गता भएका व्यक्तिहरुलाई प्रस्तुत गर्न सञ्चारका सबे अंगहरुलाइ प्रोत्साहित गर्ने;

घ (अपाङ्गता भएका व्यक्तिहरु र अपाङ्गता भएका व्यक्तिहरुको अधिकारहरुका बारेमा चेतनामूलक प्रशिक्षण कार्यक्रमहरुलाई प्रोत्साहित गर्ने ।

**धारा ९ पहुँचयुक्तता**

१ .अपाङ्गता भएका व्यक्तिहरुलाई स्वनिर्भरता पूर्वक जीवन यापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्ण रुपमा सहभागी हुन सक्षम बनाउन पक्ष राष्ट्रहरुले अन्य व्यक्ति सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरुलाई शहरी र ग्रामीण दुबै क्षेत्रहरुमा भौतिक वातावरण, यातायात, सूचना तथा सञ्चार प्रविधि र प्रणालीहरु लगायत सूचना र सञ्चार तथा सर्वसाधारणलाई खुला भएका वा प्रदान गरीका अन्य सुविधा तथा सेवाहरुमा पहुँच सुनिश्चित गर्न उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् । त्यस्ता उपायहरु, जसमा पहुँचयुक्ततामा रहेका व्यवधान र अवरोधहरुको पहिचान तथा अन्त्य समेत समाबेश हुन्छन् , अन्य कुराका अतिरिक्त देहायका कुराहरुको हकमा अवलम्बन गरीनेछन् :

क (विद्यालय, आवास, चिकित्सकीय सुविधा र कार्यस्थल लगायत भवन, सडक, यातायात तथा अन्य आन्तरिक र बाह्य सुविधाहरु;

ख (विद्युतिय सेवा तथा संकटकालिन सेवाहरु लगायत सूचना, संचार तथा अन्य सुविधाहरु । २ . पक्ष राष्ट्रहरुले देहायका कार्यहरु गर्नको लागि समेत उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् :

)क (सर्वसाधारणलाइ्र खुला भएको वा प्रदान गरीएको सुविधा र सेवाहरुमा पहुँचको लागि न्यूनतम मापदण्ड र निर्देशिकाहरु निर्माण गर्ने, जारी गर्ने तथा सोको कार्यान्वयनको अनुगमन गर्ने ;

)ख (सर्वसाधारणलाई खुला भएका वा प्रदान गरीएका सुविधा र सेवाहरु प्रदान गर्ने निजी क्षेत्रका निकायले अपाङ्गता भएका व्यक्तिहरुको पहुँचको हरेक पक्षमा ध्यान दिएको सुनिश्चित गर्ने ;

)ग (अपाङ्गता भएका व्यक्तिहरुले सामना गर्नु परेको पहुँचका सवालहरुमा सरोकारवाला पक्षहरुलाई प्रशिक्षण प्रदान गर्ने;

)घ (सर्वसाधारणलाई खुला भएको भवन भित्रका तथा अन्य सुविधाहरुमा ब्रेल तथा पढ्न र बुझ्न सरल हुने ढंगमा सांकेतिक सूचना प्रदान गर्ने ;

)ङ (भवन र सर्वसाधारलाई खुला भएका अन्य सुविधाहरुको पहुँचमा सहजता प्रदान गर्न पथ प्रदर्शक, वाचक तथा व्यावसायिक सांकेतिक भाषा अनुवादक लगायत प्रत्यक्ष सहयोग तथा सहयोगीहरु उपलब्ध गराउने; च (अपाङ्गता भएका व्यक्तिहरुको सूचनामा पहुँच सुनिश्चित गर्न अन्य उपयुक्त किसिमका सहायता र सहयोगको प्रवद्र्धन गर्ने;

छ (इन्टरनेट लगायत नयाँ सूचना र सञ्चार प्रविधि तथा प्रणालीहरुमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच प्रवद्र्धन गर्ने;

ज (पहुँच योग्य सूचना र सञ्चारका प्रविधि तथा प्रणालीहरुको डिजाइन, विकास, उत्पादन तथा वितरणलाई शुरुदेखि नै संवद्र्धन गर्ने ताकी ती प्रविधि र प्रणालीहरु न्यूनतम मूल्यमा उपलब्ध हुन सकून् ।

## धारा १० जीवनको अधिकार

प्रत्येक मानवलाई जीवनको नैसर्गिक अधिकार भएको कुरा पक्ष राष्ट्रहरुले पुनः पुष्टि गर्दछन् तथा अन्य व्यक्तिहरु सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरुका लागि यस अधिकारको प्रभावकारी उपभोग सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरु अबलम्बन गर्ने छन् ।

## धारा ११ जोखिमका अवस्थाहरु तथा मानविय संकटहरु :

पक्ष राष्ट्रहरुले अन्तराष्ट्रिय मानविय कानून तथा अन्तराष्ट्रिय मानवअधिकार कानून लगायत अन्तराष्ट्रिय कानूनहरु अन्तर्गतका जिम्मेवारीहरु अनुसार सशस्त्र द्वन्द्व, मानविय संकट तथा प्राकृतिक प्रकोपहरु घटेका अवस्थाहरु लगायत जोखिमका अन्य अवस्थाहरुमा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र सुरक्षा सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरु अवलम्बन गर्नेछन् ।

## धारा १२ कानूनको अगाडि समान मान्यता

१ .पक्ष राष्ट्रहरु अपाङ्गता भएका व्यक्तिहरुलाई कानूनको अगाडि व्यक्तिको रुपमा सर्वत्र मान्यता पाउने अधिकार भएको पुनः पुष्टि गर्छन् ।

२ .अन्य व्यक्तिहरु सरह समान आधारमा जीवनका सबै पक्षहरुमा अपाङ्गता भएका व्यक्तिहरुले कानूनी क्षमता उपभोग गर्छन् भनी पक्ष राष्ट्रहरुले स्वीकार गर्नेछन् ।

३ .अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो कानूनी क्षमता प्रयोग गर्न आवश्यक पर्ने सहयोगमा पहुँच प्रदान गर्न पक्ष राष्ट्रहरुले उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् ।

४ .पक्ष राष्ट्रहरुले कानूनी क्षमताको प्रयोगसंग सम्बन्धित सम्पूर्ण उपायहरु अन्तराष्ट्रिय मानव अधिकार कानूनबमोजिम उल्लघंन रोक्न उपयुक्त र प्रभावकारी सुरक्षाहरु भएको सुनिश्चित गर्नेछन् । त्यस्ता सुरक्षाहरुले कानूनी क्षमताको प्रयोगसंग सम्बन्धित सम्पूर्ण उपायहरुले व्यक्तिहरुको अधिकार इच्छा र चाहनाहरुको सम्मान गर्ने, स्वार्थहरुको द्वन्द र अनुचित प्रभावाट मुक्त भएको, समानुपातिक तथा व्यक्तिको अवस्थाहरु अनुरुप भएको, सम्भव भएसम्म कम समयको लागि प्रयोग हुने तथा सक्षम, स्वतन्त्र र निष्पक्ष अधिकारी वा न्यायिक निकायबाट पुनरावलोकनका भागीदार भएको सुनिश्चित गर्नेछन् । त्यस्ता सुरक्षाहरु व्यक्तिको अधिकार तथा स्वार्थहरुलाई प्रभाव पारेको उपायहरुको मात्रा अनुसार समानुपातिक हुनेछन् ।

५ .यस धाराको अधिनमा रही पक्ष राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरुलाई सम्पति स्वामित्वमा लिने, अपुताली पाउने, आफ्नो आर्थिक कारोबारहरु आफैले नियन्त्रण गर्ने र बैंक ऋण, धितो बन्धक तथा अन्य प्रकारका वित्तीय ऋणमा समान पहुँच सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त र प्रभावकारी उपायहरु अवलम्बन गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरु आफ्नो सम्पत्तिबाट स्वेच्छाचारी ढंगमा वञ्चित नगरीएको सुनिश्चित गर्नेछन् ।

## धारा १३ न्यायमा पहुँच

१ .साक्षीको रुपमा लगायत प्रत्यक्ष वा अप्रत्यक्ष सहभागीको रुपमा अनुसन्धानात्मक तथा अन्य प्रा।रम्भिक चरणहरुमा अपाङ्गता भएका व्यक्तिहरुको प्रभावकारी भूमिकामा सहजता प्रदान गर्ने उद्देश्यले पक्ष राष्ट्रहरुले कार्यविधिगत तथा उमेर अनुसारका अनुकुलताहरुको माध्यमबाटसमेत अन्य व्यक्तिहरु सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरुलाई न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्नेछन् ।

२ .अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्न सघाउने उद्देश्यले पक्ष राष्ट्रहरुले प्रहरी, कारागारका कर्मचारी लगायत न्याय प्रशासनको क्षेत्रमा काम गर्ने व्यक्तिहरुका लागि उपयुक्त प्रशिक्षण प्रवद्र्धन गर्नेछन् ।

## धारा १४ व्यक्तिको स्वतन्त्रता तथा सुरक्षा

१ .अन्य व्यक्तिहरु सरह समान आधारमा

)क (अपाङ्गता भएका व्यक्तिहरुले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार उपभोग गरेको;

)ख (गैरकानूनी वा स्वेच्छाचारी ढंगमा अपाङ्गता भएका व्यक्तिहरु स्वतन्त्रताबाट वञ्चित नगरीएका र स्वतन्त्रता वञ्चित गर्ने कुनै पनि कार्य कानून अनुरुप भएको तथा अपाङ्गताको विद्यमानताले कुनै पनि अवस्थामा स्वतन्त्रता वञ्चित गर्ने कार्यलाई न्यायोचित नठहराउने कुरा पक्ष राष्ट्रहरुले सुनिश्चित गर्नेछन् ।

२ (पक्ष राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरु कुनै पनि प्रक्रियाद्वारा आफ्नो स्वतन्त्रताबाट वञ्चित भएमा उनीहरु अन्य व्यक्तिहरु सरह समान आधारमा अन्तराष्ट्रिय मानवअधिकार कानून बमोजिमका प्रत्याभूतिहरुका हकदार भएको तथा उनीहरुलाई यस महासंन्धिका उपयुक्त अनुकूलताका व्यवस्थहरु लगायत उद्देश्य तथा सिद्धान्तहरुको परिपालना हुने गरी व्यवहार गरीएको सुनिश्चित गर्नेछन् ।

**धारा १५ यातना वा क्रुर, अमानविय वा अपमानजनक ब्यवहार वा सजायबाट स्व्तन्त्रता**

१ .कुनै पनि व्यक्तिलाई यातना दिइने वा क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा सजाय गरिनेछैन् । खासगरी कसैलाई पनि निजको स्वतन्त्र सहमति विना चिकित्सिकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन ।

२ .अन्य व्यक्तिहरु सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरुलाई यातना वा क्रुर, अपमानजनक व्यवहार वा सजायको भागीदार हुनबाट रोक्न पक्ष राष्ट्रहरुले सम्पूर्ण प्रभावकारी व्यवस्थापकीय, प्रशासनिक, न्यायिक वा अन्य उपायहरु अवलम्बन गर्नेछन् ।

**धारा १६ शोषण, हिंसा र दुव्र्यवहारबाट स्वतन्त्रता**

१ .अपाङ्गता भएका व्यक्तिहरुलाई घरभित्र र बाहिर दुबै ठाउँमा लैंगिक पक्षहरुमा आधारित लगायत सबै प्रकारका शोषण, हिंसा तथा दुव्र्यवहारबाट संरक्षण गर्न पक्ष राष्ट्रहरुले सम्पूर्ण उपयुक्त व्यवस्थापकीय प्रशासनिक, सामाजिक, शैक्षिक तथा अन्य उपायहरु अवलम्बन गर्नेछन् ।

२ .पक्ष राष्ट्रहरुले शोषण, हिंसा र दुरुपयोगका घटनाहरु कसरी रोक्न, पहिचान गर्ने र सोको प्रतिवेदन भन्ने कुराको सूचना र शिक्षाको व्यवस्था मार्फत लगायत, अन्य कुराको अतिरिक्त, अपाङ्गता भएका व्यक्ति, तिनीहरुको परिवार र परिचारकका लागि उपयुक्त लिङ्ग र उमेर संवेदनशिल सहयोग सुनिश्चित गरेर सबै प्रकारका शोषण, हिंसा तथा दुरुपयोग रोक्नसमेत सबै उपयुक्त उपायहरु अबलम्बन गर्नेछन् । पक्ष राष्ट्रहरुले संरक्षण सेवाहरु उमेर, लिङ्ग र अपाङ्गता संवेदनशील भएको पक्ष राष्ट्रहरुले सुनिश्चित गर्नेछन् ।

३ .सम्पूर्ण प्रकारका शोषण, हिंसा तथा दुव्र्यवहारका घटना रोक्नका लागि पक्ष राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरुको सेवाका लागि तयार गरीएको सम्पूर्ण सुविधा तथा कार्यक्रमहरु स्वतन्त्र निकायहरुबाट प्रभावकारी ढंगमा अनुगमन गरीएको सुनिश्चित गर्नेछन् ।

४ .कुनै पनि प्रकारको शोषण, हिंसा वा दुव्र्यवहारको शिकार भएका अपाङ्गता भएका व्यक्तिहरुको शारीरिक, मानसिक र मनोबैज्ञानिक पुनप्राप्ति, पुनरुथापन तथा सामाजिक पुनः एकिकरणको प्रवद्र्धन गर्न पक्ष राष्ट्रहरुले संरक्षण सेवाहरुको व्यवस्था लगायत अन्य सम्पूर्ण आवश्यक उपायहरु अवलम्बन गर्नेछन् । स्वास्थ्य, कल्याण, आत्मसम्मान, स्वाभिमान र स्वायतत्ता अभिबृद्धि गर्ने तथा लिङ्ग र उमेरको उचित आवश्यकताहरुलाई ध्यान दिने वातावरणमा यस्तो पुनप्राप्ति र पुनः एकिकरण सञ्चालन हुनेछ ।

५ .अपाङ्गता भएका व्यक्तिहरु विरुद्ध हुने शोषण, हिंसा र दुव्र्यवहारका घटनाहरुको पहिचान, अनुसन्धान तथा उपयुक्त भएकोमा अभियोजन गरीएको सुनिश्चित गर्न पक्ष राष्ट्रहरुले महिला र

बालबालिका केन्द्रित कानून तथा नीतिहरु लगायत अन्य प्रभावकारी कानून तथा नीति निर्माण गर्नेछन् ।

**धारा १७ व्यक्तिको अखण्डताको संरक्षण गर्ने :**

अन्य व्यक्तिहरु सरह समान आधारमा अपाङ्गता भएको प्रत्येक व्यक्तिलाई निजको शारीरिक र मानसिक अखण्डताको लागि सम्मानको अधिकार छ ।

**धारा १८ .आवतजावत र राष्ट्रियता सम्बन्धी स्वतन्त्रता**

१ .पक्ष राष्ट्रहरुले देहाय बमोजिमका कुराहरुसमेत सुनिश्चित गरी अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य व्यक्तिहरु सरह आवतजावत गर्ने स्वतन्त्रता, आफ्नो वासस्थान र राष्ट्रियता रोज्न पाउने स्वतन्त्रताको अधिकार स्वकिार गर्नेछन् :

)क (राष्ट्रियता प्राप्त र परिवर्तन गर्ने अधिकार भएको तथा स्वेच्छाचारी ढंगमा वा अपाङ्गताको आधारमा आफ्नो राष्ट्रियताबाट वञ्चित नगरीएको;

)ख (अपाङ्गताको आधारमा आफ्नो राष्ट्रियताको वा अन्य परिचयका कागजातहरु प्राप्त गर्ने, राख्ने वा उपयोग गर्ने क्षमताबाट वा आवतजावतको स्वतन्त्रताको प्रयोगमा सहजता प्रदान गर्न अवश्यक पर्ने अध्यागमन कारबाही जस्ता सम्बन्धित प्रक्रियाहरुको उपयोग गर्नबाट वञ्चित नगरीएको;

)ग (आफ्नो देश लगायत कुनै पनि देश छोड्न स्वतन्त्र रहेको;

)घ (स्वेच्छाचारी ढंगमा वा अपाङ्गताको आधारमा आफ्नो देशमा प्रवेश गर्न पाउने अधिकारबाट वञ्चित नगरीएको

२ .जन्म भए लगतै अपाङ्गता भएका बालबालिकाको दर्ता गरीनेछ र निजहरुलाई जन्मनासाथ नाम पाउने अधिकार, राष्ट्रियता प्राप्त गर्ने अधिकार तथा सम्भव भएसम्म आफ्नो बुवाआमा पहिचान गर्ने र निजहरुबाट स्याहार, सुसार पाउने अधिकार हुनेछ ।

**धारा १९ स्वतन्त्रतापूर्वक  बस्न पाउने तथा समुदायमा समावेश गरीने**

यस महासन्धिका पक्ष राष्ट्रहरुले अन्य व्यक्तिहरु सरहको छनौट सहितको अपाङ्गता भएका व्यक्तिहरुलाई समुदायमा बस्न पाउने समान अधिकार भएको स्वीकार गर्छन् तथा देहाय बमोजिमका कुराहरुसमेत सुनिश्चित गरी अपाङ्गता भएका व्यक्तिहरुलाई यस अधिकारको पूर्ण उपभोग गर्न तथा निजहरुको समुदायमा पूर्ण समावेश र सहभागितामा सहजता प्रदान गर्न प्रभावकारी उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् :

)क (अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य व्यक्तिहरु सरह समान आधारमा आफ्नो बासस्थान र कहाँ र कस्को साथमा बस्ने भनी छनौट गर्ने अवसर हुन्छ र कुनै खास तोकिएको बसोबास व्यवस्थामा बस्नका लागि उनीहरुलाई बाध्य बनाइदैन;

)ख (अपाङ्गता भएका व्यक्तिहरुलाई बस्न र समुदायमा समाबेश हुन तथा समुदायबाट एक्ल्याउने र अलग्याउने कार्य हुनबाट रोक्न आवश्यक पर्ने व्यक्तिगत सहयोग लगायत विभिन्न स्तरका घर भित्रको, आवासीय र अन्य सामुदायिक सहयोग सेवाहरुमा पहुँच हुन्छ;

)ग (सर्वसाधारणलाई उपलब्ध सामुदायिक सेवा तथा सुविधाहरु अपाङ्गता भएका व्यक्तिहरुलाई समान आधारमा उपलब्ध छन् तथा निजहरुको आवश्यकताहरु प्रति उत्तरदायी छन् ।

**धारा २० व्यक्तिगत गमनशिलता :**

पक्ष राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरुलाई देहायका कुराहरुको माध्यमबाट समेत अधिकतम सम्भावित स्वनिर्भरता सहति व्यक्तिगत गमनशिलता सुनिश्चित गर्न प्रभावकारी उपायहरु अवलम्बन गर्नेछन् :

)क (अपाङ्गता भएका व्यक्तिहरुलाई निजहरुले रोजको तरिका र समयमा तथा धान्न सक्ने मूल्यमा व्यक्तिगत गमनशिलता सहज बनउने;

)ख (गुणस्तरिय गमनशिलता सेवा, उपकरण, सहयोगात्मक प्रविधि तथा प्राणीबाट हुने प्रत्यक्ष सहयोग र माध्यम सेवा धान्न सक्ने मूल्यमा उपलब्ध गराई पहुँच सहज बनाउने;

)ग (अपाङ्गता भएका व्यक्तिहरु तथा अपाङ्गता भएका व्यक्तिहरुको साथमा काम गर्ने विशेषज्ञ कर्मचारीहरुलाई गमनशिलता सीपसम्बन्धी तालिम प्रदान गर्ने;

)घ (गमनशिलता सेवा, उपकरण, सहयोगात्मक प्रविधि उत्पादन गर्ने निकायहरुलाई अपाङ्गता भएका व्यक्तिहरुको लागि गमनशिलताका सम्पूर्ण पक्षहरुमा ध्यान दिन प्रोत्साहन गर्ने ।

**धारा २१ विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनामा पहुँच :**

यस महासन्धिको धारा २ मा परिभाष भएबमोजिमका आफूले रोजेको सबै प्रकारका सञ्चारका माध्यमहरु मार्फत अन्य व्यक्तिहरु सरह अपाङ्गता भएका व्यक्तिहरुले समान आधारमा सूचना र मत माग गर्ने, प्राप्त गर्ने र प्रदान गर्ने लगायतका विचार र अभिव्यक्तिको स्वतन्त्रता उपभोग गर्न पाउने कुरा सुनिश्चित गर्न पक्ष राष्ट्रहरुले देहायका कार्यहरु समेत गरी सबै उपयक्त उपायहरु अवलम्बन गर्नेछन् :

)क (अपाङ्गता भएका व्यक्तिहरुलाई सर्वसाधारणका लागि लक्षित गरीएका सूचनालाई विभिन्न प्रकारका अपाङ्गतालाई उपयुक्त हुने गरी पहुँचयोग्य ढाँचा र प्रविधिमा समयमा नै र अतिरिक्त खर्च विना उपलब्ध गराउने;

)ख (अपाङ्गता भएका व्यक्तिहरुले कार्यालयीय अन्तरक्रियाहरुमा आफूले रोजेको सांकेतिक भाषा, ब्रेल, प्रवद्र्धनात्मक र वैकल्पिक संचार एवं संचारका अरु सबै प्रकारका पहुँचयोग्य साधन, तरिका र ढाँचा प्रयोग गर्न पाउने कुरालाई स्वीकार गरेर एवं त्यस्तो प्रयोगलाई सहज बनाउने;

)ग (सर्वसाधारणलाई इन्टरनेट लगायतका सेवा प्रदान गर्ने निजी क्षेत्रका संस्थाहरुलाई त्यस्तो सूचना र सेवा अपाङ्गता भएका व्यक्तिहरुले पहुँच गर्न र प्रयोग गर्न सक्ने ढाँचामा प्रदान गर्न आव्हान गर्ने;

)घ (इन्टरनेटको माध्यमबाट सूचना प्रदान गर्ने सूचना पदायकहरु लगायत आम संचारलाई उनीहरुको सेवा अपाङ्गता भएका व्यक्तिहरुका लागि पहुँचयोग्य बनाउनका लागि प्रोत्साहित गर्ने;

ङ (सांकेतिक भाषाको प्रयोगलाई मान्यता दिने तथा प्रवद्र्धन गर्ने ।

## धारा २२ गोपनीयताको सम्मान

१ .कुनै पनि अपाङ्गता भएका व्यक्तिहरुलाई निजको बासस्थान वा बसोबासको प्रवन्ध मिलाइएको स्थान जहाँ भए तापनि जिनको गोपनियता, परिवार, घर वा पत्राचार वा अन्य प्रकारका संचारहरुलाई स्वेच्छेचारी वा गैरकानूनी हस्तक्षेप वा निजको सम्मान र प्रतिष्ठालाई गैरकानूनी आक्रमणको विषय बनाइनेछैन । अपाङ्गता भएका व्यक्तिहरुलाई त्यस्ता हस्तक्षेप वा आक्रमण विरुद्ध कानूनको संरक्षण पाउने अधिकार हुनेछ ।

२ .पक्ष राष्ट्रहरुले अन्य व्यक्तिहरु सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरुको वैयक्तिक, स्वस्थ्य तथा पुर्नस्थापना सम्बन्धी सूचनाको गोपनीयताको संरक्षण गर्ने छन् ।

## धारा २३ घर तथा परिवारको सम्मान

पक्ष राष्ट्रहरुले देहायका कुराहरु सुनिश्चित गर्नका लागि विवाह, परिवार, पितृत्व वा मातृत्व र नाता सम्बन्धहरुसंग सम्बन्धित सबै कुराहरुमा अन्य व्यक्तिहरु सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरु विरुद्धका भेदभाव उन्मूलन गर्ने प्रभावकारी र उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् :

)क (विवाह योग्य उमेर भएका अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो चाहना अनुसारको जीवन साथीसंग स्वतन्त्र र पूर्ण सहमतिको आधारमा विवाह गर्ने र परिवार बसाउने अधिकार स्वीकार गरीएको;

)ख (आफ्ना सन्तानहरुको संख्या तथा जन्मान्तरको बारेमा स्वतन्त्रता तथा जिम्मेवारीपूर्वक निर्णय गर्ने तथा उमेर सुहाउँदो जानकारी, प्रजनन् सम्बन्धी तथा परिवार नियोजन शिक्षामा पहुँच पाउने अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई स्वीकार गरीएको छ तथा निजहरुलाई त्यस्ता अधिकारहरु प्रयोग गर्न सक्षम बनाउने साधनहरु उपलब्ध गराइएको;

)ग (अन्य व्यक्तिहरु सरह समान आधारमा अपाङ्गता भएका बालबालिका लगायत अपाङ्गता भएका व्यक्तिहरुले प्रजनन क्षमतालाई कायम गर्न राखेको ।

२ .पक्ष राष्ट्रहरुले संरक्षकत्व, अभिभावकत्व, ट्रष्टीसिप, धर्मपुत्र वा धर्मपुत्रीको रुपमा ग्रहण गर्ने वा यस्तै अन्य संस्थाहरुसम्बन्धी अवधारणा राष्ट्रिय कानूनमा विद्यमान भएमा त्यस सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार र जिम्मेवारीहरुलाई सुनिश्चित गर्नेछन; सबै अवस्थामा बालबालिकाको सर्वोत्तम हित सर्वोपरी हुनुपर्नेछ । आफ्नो बालबच्चाको पालनपोषण गर्ने जिम्मेवारी निर्वाह गर्नका लागि पक्ष राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरुलाई उपयुक्त सहयोगहरु प्रदान गर्नेछन् ।

३ .पक्ष राष्ट्रहरुले पारिवारिक जीवनको सम्बन्धमा अपाङ्गता भएका बालबालिकाहरुको समान अधिकार भएको सुनिश्चित गर्नेछन् । त्यस्ता अधिकारहरुको उपभोगका लागि तथा अप्रकाशन, परित्याग, बेवास्ता र पृथकीकरण गर्ने करालाई रोक्न पक्ष राष्ट्रहरुले अपाङ्गता भएका बालबालिका तथा निजका परिवारहरुलाई समयमै विस्तृत जानकारी, सेवा र सहयोग उपलब्ध गराउने कवूल गर्नेछन् ।

४ .पक्ष राष्ट्रहरुले अधिकार प्राप्त अधिकारीहरुले लागू हुने कानून र कार्यविधि बमोजिम पृथकीकरण कार्य बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएको भनी न्यायिक पुरावलोकनको अधिनमा रही निर्णय गरेबमोजिम बाहेक आफ्नो ईच्छा विरुद्ध कुनै पनि बालबालिका निजको बावु आमाबाट अलग गरीदैनन भनी सुनिश्चित गर्नेछन् । बालबालिका वा बावु आमा मध्ये कुनै एक जना वा दुवैमा अपाङ्गता भएको आधारमा कुनै पनि अवस्थामा कुनै पनि बालबालिकालाई पृथक गरीनेछैन ।

५ .पक्ष राष्ट्रहरुले अपाङ्गता भएको बालबालिकालाई सबैभन्दा नजिकको परिवारले पालनपोषण गर्न असमर्थ भएको अवस्थामा त्यस्ता बालबालिकालार्ई वैकल्पिक रुपमा स्याहार सम्भार गर्न

विस्तृत नाता सम्बन्धमा तथा त्यस्तो हुन नसकेमा समुदायभित्र नै पारिवारिक वातावरणमा स्याहार सम्भार गर्ने व्यवस्था गर्न हरसम्भव प्रयास गर्नेछन ।

## धारा २४ शिक्षा

१ .पक्ष राष्ट्रहरुले अपाङ्गता भएको व्यक्तिहरुको शिक्षाको अधिकार स्वीकार गर्छन । विना कुनै भेदभाव र समान अवसरको आधारमा यस अधिकारलाई हासिल गर्नका लागि पक्ष राष्ट्रहरुले देहायका कुराहरु तर्फ निर्देशित हुने गरी सबै तह र जीवनपर्यन्त सिकाईमा समाबेशी शिक्षा प्रणाली सुनिश्चित गर्नेछन् :

)क (मानवको अन्तर्निहित क्षमताका साथै स्वाभिमानको बोध तथा आत्म मूल्यको पूर्ण विकास एवं मानवअधिकार, आधारभूत स्वतन्त्रता र मानव विविधताको अभिवृद्धि गर्ने;

)ख (अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो व्यक्तित्व, क्षमता र सिर्जनशिलताका साथै निजहरुको मानसिक र भौतिक क्षमतालाई अधिकतम हदसम्म विकास गर्ने;

)ग (अपाङ्गता भएका व्यक्तिहरुलाई प्रभावकारी ढंगमा स्वतन्त्र समाजमा सहभागी हुन सक्षम गराउने

२ .यस अधिकार प्राप्तिका लागि पक्ष राष्ट्रहरुले देहायका कुराहरु सुनिश्चित गर्नेछन् :

)क (अपाङ्गताको आधारमा अपाङ्गता भएका व्यक्तिहरु साधारण शैक्षिक प्रणालीबाट उपेक्षित नभएका तथा अपाङ्गताको आधारमा अपाङ्गता भएका बालिबालिकाहरु निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा वा माध्यमिक शिक्षाबाट उपेक्षित नभएका;

)ख (आफू बसेको समुदायमा अन्य व्यक्तिहरु सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरुको समाबेशी, स्तरिय र निःशुल्क प्राथमिक तथा माध्यमिक शिक्षामा पहुँच भएको;

)ग (व्यक्तिको आवश्यकता अनुसारको मनासिव अनुकूलता उपलब्ध गराइएको; (घ (अपाङ्गता भएका व्यक्तिहरुलाई प्रभावकारी शिक्षा सहज बनाउन प्रचलित शिक्षा प्रणाली अन्तर्गत उनीहरुले सहयोग प्राप्त गरेका;

)ङ (पूर्ण समावेशिपनको लक्ष्यसंग मेल खाने गरी प्राज्ञिक तथा सामाजिक विकास अधिकतम हुने वातावरणमा प्रभावकारी वैयक्तिक सहयोगका उपायहरु प्रदान गरीएका ।

३ .पक्ष राष्ट्रहरुले अपाङ्गता भएको व्यक्तिहरुलाई शिक्षामा निजहरुको पूर्ण र समान सहभागितालाई सहज बनाउन र समुदायको एक सदस्यको रुपमा जीवन र सामाजिक विकासका सीपहरु सिक्न सक्षम

बनाउनेछन् । यस उद्देश्य प्राप्तिका लागि पक्ष राष्ट्रहरुले देहायका उपायहरु लगायतका उपयुक्त उपायहरु अबलम्बन गर्नेछन्: –

)क (ब्रेल, वैकल्पिक लिपी, सञ्चारका सम्बन्द्र्धनात्मक तथा वैकल्पिक तरिका साधन र ढाँचा तथा पूर्वाभास र गमनशील सीप सिक्न सहज तुल्याउने साथै दौतरीबाट सिक्ने कला र परामर्श सहज बनाउने;

)ख (सांकेतिक भाषा सिक्न र बहिरा समुदायको भाषिक पहिचानको प्रवद्र्धनलाई सहज बनाउने;

)ग (दृष्टिविहिन, बहिरा वा श्रवण दृष्टिविहिन व्यक्ति खासगरी बालबालिकाहरुलाई त्यस्ता व्यक्तिहरुका लागि सबैभन्दा उपयुक्त भाषा र तरिका तथा सञ्चार माध्यमबाट एवं प्राज्ञिक र सामाजिक विकासलाई अधिकतम बनाउने वातावरणहरुमा शिक्षा प्रदान गरीएको सुनिश्चित गर्ने ।

४ .यस अधिकारको प्राप्ति सुिनश्चित गर्न सहयोग पुर्याउने उद्देश्यले पक्ष राष्ट्रहरुले सांकेतिक भाषा र ब्रेलमा योग्य अपाङ्गता भएका शिक्षकहरु लगायत अन्य शिक्षकहरु नियुक्त गर्न तथा शिक्षाका सबै तहहरुमा कार्य गर्ने विशेषज्ञ र कर्मचारीहरुलाई प्रशिक्षित गर्न उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् । त्यस्तो प्रशिक्षणमा अपाङ्गता बारेको सचेतना र अपाङ्गता भएको व्यक्तिहरुलाई सहयोग गर्न सञ्चारका उपयुक्त संबद्र्धनात्मक एवं वैकल्पिक उपाय, सञ्चारको माध्यम तथा ढाँचा शैक्षिक प्रविधि र सामग्री समाहित भएको हुनुपर्नेछ ।

५ .पक्ष राष्ट्रहरुले भेदभाव विना र अन्य व्यक्तिहरु सरह समान आधारमा अपाङ्गता भएको व्यक्तिहरु सामान्य शिक्षा, व्यावसायिक प्रशिक्षण, प्रौढ शिक्षा तथा आजीवन अध्ययनमा पहुँच प्राप्त गर्न सक्षम भएको सुनिश्चित गर्नेछन् । यस उद्देश्य प्राप्तिका लागि पक्ष राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरुलाई मनासिव अनुकूलता प्रदान गरीएको सुनिश्चित गर्नेछन् ।

**धारा २५ स्वास्थ्य :**

पक्ष राष्ट्रहरुले अपाङ्गताको आधारमा हुने भेदभाव विना अपाङ्गता भएका व्यक्तिहरुलाई उच्चतम प्राप्यस्तरको स्वास्थ्य प्राप्त गर्ने अधिकार भएको स्वीकार गर्छन । पक्ष राष्ट्रहरुले स्वास्थ्यसंग सम्बन्धित पुर्नस्थापना लगायत लैङ्गिक संवेदनशील भएका स्वास्थ्य सेवाहरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई पहुँच भएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् । खासगरी पक्ष राष्ट्रहरुले देहायका कुराहरु गर्नेछन्: –

)क (अपाङ्गता भएको व्यक्तिहरुलाई पनि अन्य व्यक्तिहरुलाई प्रदान गरीए अनुसारकै तह, गुण र स्तरको निःशुल्क वा धान्न सकिने यौनजन्य र प्रजनन स्वास्थ्य तथा जनसंख्यामा आधारित सार्वजनिक स्वास्थ्य कार्यक्रमका क्षेत्रहरुमा लगायत अन्य स्वास्थ्य उपचार र कार्यक्रमहरु प्रदान गर्ने;

)ख (अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष गरी निजहरुको अपाङ्गताको कारणले आवश्यक पर्ने उपयुक्तता अनुसार यथासमय अपाङ्गता पहिचान तथा हस्तक्षेप गर्ने एवं बच्चा तथा वृद्ध व्यक्तिहरु लगायत अन्य व्यक्तिहरुमा थप अपाङ्गता न्यूनिकरण वा रोकथाम गर्न तयार गरीएका सेवाहरु लगायतका स्वास्थ्य सेवाहरु प्रदान गर्ने;

)ग (ग्रामिण क्षेत्रहरु लगायत मानिसहरुको आफ्नो समुदायको सम्भव भएसम्म नजिक हुने गरी त्यस्ता स्वास्थ्य सेवाहरु प्रदान गर्ने;

)घ (तालिम एवं सार्वजनिक र निजी स्वास्थ्य उपचारका लागि नैतिक मापदण्डहरुको कार्यान्वयनको माध्यमबाट मानवअधिकार, मर्यादा, स्वायतत्ता र अपाङ्गता भएको व्यक्तिहरुका आवश्यकता लगायतका विषयहरुमा सचेतना अभिवृद्धि गरी स्वतन्त्र तथा सूचित सहमतिका आधारमा समेत अन्य व्यक्ति सरहको स्तरिय उपचार अपाङ्गता भएको व्यक्तिहरुलाई प्रदान गर्न स्वास्थ्य व्यवसायीहरुलाई लगाउने;

)ङ (राष्ट्रिय कानूनले स्वास्थ्य बीमा र जीवन बीमालाई अनुमति दिएको अवस्थामा त्यस्तो बमिाको व्यवस्थामा अपाङ्गता भएको व्यक्तिहरु विरुद्धको भेदभावलाई निषेध गर्ने तथा त्यस्तो बमिा स्वच्छ र उचित ढंगमा प्रदान गरीने;

च (अपाङ्गताको आधारमा स्वास्थ्य उपचार वा स्वास्थ्य सेवा वा खाद्यान्न वा पेय पदार्थको भेदभावकारी अस्वीकृतिलाई रोक्ने ।

**धारा २६ वासस्थान र पुर्नस्थापना**

१ .पक्ष राष्ट्रहरुले अपाङ्गता भएको व्यक्तिहरुलाई अधिकत्तम स्वतन्त्रता, पूर्ण शारीरिक, मानसिक, सामाजिक र व्यावसायिक सक्षमता हासिल गर्न एवं कायम राख्न तथा जीवनका सबै पक्षहरुमा पूर्णरुपले समाबेश हुन सक्षम तुल्याउन दौतरीको सहयोग मार्फत लगायत अन्य प्रभावकारी र उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् । यस उद्देश्य प्राप्तिको लागि, पक्ष राष्ट्रहरुले खासगरी स्वास्थ्य, रोजगारी, शिक्षा र सामाजिक सेवाका क्षेत्रहरुमा विस्तृत वासस्थान र पुनस्थानासम्बन्धी सेवा र कार्यक्रमहरु देहाय अनुसार आयोजना, सुदृढीकरण तथा विस्तार गर्नेछन् :

)क (त्यस्ता सेवा र कार्यक्रमहरु सकेसम्म प्रारम्भिक अवस्थामा नै सुरु गरीने तथा व्यक्तिको आवश्यकता र क्षमताको बहु आयामिक मूल्याङ्कनमा आधारित हुनेछन्;

ख (त्यस्ता सेवा र कार्यक्रमहरुले समुदायमा र समाजका सबै पक्षहरुमा सहभागिता र समावेशीलाई सघाउ पुर्याउने  छन् र स्वेच्छिक हुनेछन् तथा अपाङ्गता भएका व्यक्तिहरुलाई ग्रामिण क्षेत्रहरु लगायत अन्य क्षेत्रहरुमा सकेसम्म उनीहरुको समुदायको नजिक हुने गरी उपलब्ध गराइनेछन् ।

२ .पक्ष राष्ट्रहरुले वासस्थान र पुर्नस्थापना  सम्वन्धी सेवामा कार्यरत कर्मचारी र पेशा कर्मीहरुका लागि प्रारम्भिक एवं निरन्तर प्रशिक्षणको विकासलाई प्रवद्र्धन गर्नेछन् । ३ .पक्ष राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरुका लागि तयार गरीएका वासस्थान र पुर्नस्थापना सँग सम्वन्धित सहयोगी उपकरण ता प्रविधिका उपलब्धता, ज्ञान र प्रयोगलाई प्रवद्र्धन गर्नेछन् ।

**धारा २७ काम र रोजगार**

१ .पक्ष राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरुको अन्य व्यक्तिहरु सरह समान आधारमा काम गर्न पाउने अधिकारलाई स्वीकार गर्छन्; त्यस्तो अधिकारमा श्रम बजारमा अपाङ्गता भएका व्यक्तिहरुले स्वतन्त्रा पूर्वक छनौट र स्वीकार गरेको काम गरी जीवन निर्वाह गर्न पाउने अवसर तथा खुल्ला, समावेशी तथा पहुँचयोग्य वातावरणमा काम गर्ने अधिकारसमेत समावेश छ । पक्ष राष्ट्रहरुले, अन्य कुराका अतिरिक्त, देहायका कार्यहरु गर्नको लागि कानून निर्माण लगायत उपयुक्त उपायहरु अवलम्बन गरी रोजगारीको क्रममा अपाङ्गता बेहोरेका व्यक्तिहरु लगायत अपाङ्गता भएका अन्य व्यक्तिहरुको कामको अधिकार उपभोगको संरक्षण र प्रवद्र्धन गर्नेछन्;

)क (भर्ना, छनौट र नियुक्तिका शर्तहरु, सेवाको निरन्तरता, वृत्ति विकास र सुरक्षित एवं स्वस्थ्यकर कार्य अवस्था लगायत सबै प्रकारका रोजगारीहरुसंग सम्वन्धित अपाङ्गताको आधारमा हुने भेदभावलाई निषेध गर्ने;

)ख (अन्य व्यक्तिहरु सरह अपाङ्गता भएका व्यक्तिहरुको समान अवसर तथा समान कामको लागि समान ज्याला, सुरक्षित र स्वस्थकर कार्यअवस्था, दुराचारबाट संरक्षण समेत तथा गुनासोको सुनुवाई लगायतका काम गर्नका लागि चाहिने न्यायपूर्ण र अनुकूल वातावरण पाउने अधिकारको संरक्षण गर्ने;

)ग (अन्य व्यक्तिहरु सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरुले पनि निजहरुको श्रम तथा ट्रेड युनियन सम्वन्धी अधिकार प्रयोग गर्न पाएको सुनिश्चित गर्ने;

)घ (साधारण प्राविधिक एवं पेशागत निर्देशन कार्यक्रम, पदस्थापन सेवा एवं पेशागत तथा निरन्तर तालिममा प्रभावकारी रुपमा पहुँच प्राप्त गर्न अपाङ्गता भएका व्यक्तिहरुलाई सक्षम बनाउने;

)ङ (अपाङ्गता भएका व्यक्तिहरुलाई काम खोज्ने, काम पाउने, काममा बहाल रहने र काममा फर्कने एवं श्रम बजारमा रोजगारी र वृत्ति विकासका अवसरहरुको प्रवद्र्धन गर्ने;

)च (अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वरोजगार, उद्यमशीलता, सहकारिताको विकास र आफै व्यवसाय शुरु गर्ने अवसरहरुको प्रवद्र्धन गर्ने;

)छ (सार्वजनिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगारी प्रदान गर्ने;

)ज (सकारात्मक कार्य योजना, प्रोत्साहन तथा अन्य उपायहरु समाविष्ट उपयुक्त नीति र उपायहरुको माध्यमद्वारा निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरुको रोजगारीलाई प्रवद्र्धन गर्ने;

)झ (अपाङ्गता भएका व्यक्तिहरुलाई कार्यस्थलमा मनासिव अनुकूलता उपलब्ध गराइएको सुनिश्चित गर्ने;

)ञ (अपाङ्गता भएका व्यक्तिहरुले खुला श्रम बजारमा कार्यअनुभव प्राप्त गर्ने कुरालाई प्रवद्र्धन गर्ने;

)ट (अपाङ्गता भएका व्यक्तिहरुको लागि व्यवसायिक तथा पेशागत पुर्नस्थापना , रोजगारीको निरन्तरता तथा काममा फर्कने कार्यक्रमहरुको प्रवद्र्धन गर्ने ।

२ .पक्ष राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरु दास वा बाँधा नबनाइएको तथा उनीहरुले अन्य व्यक्तिहरु सरह समान आधारमा बलपूर्वक वा अनिवार्य श्रमबाट संरक्षण पाएको सुनिश्चित गर्नेछन् ।

**धारा २८ पर्याप्त जीवनस्तर र सामाजिक संरक्षण :**

१ .पक्ष राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरु आफैलाई र तिनका परिवारको लागि समेत पर्याप्त खाद्यान्न, लुगा एवं आवाससमेतको पर्याप्त जीवनस्तरको तथा जीवन निर्वाहका अवस्थाहरुको निरन्तर सुधारको अधिकार भएको स्वीकार गर्छन तथा अपाङ्गताको आधारमा गरीने कुनै पनि भेदभाव विना त्यस्तो अधिकारको उपभोग, संरक्षण र प्रवद्र्धन गर्न उपयुक्त कदमहरु चाल्नेछन् ।

२ .पक्ष राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा तथा अपाङ्गताको आधारमा गरीने कुनै पनि भेदभाव विना त्यस्तो अधिकारको उपभोग गर्न पाउने अधिकार भएको स्वीकार गर्छन् तथा त्यस्तो अधिकारको उपभोग, संरक्षण र प्रवद्र्धन गर्न देहायका उपायहरु लगायत अन्य उपयुक्त कदमहरु चाल्नेछन् :

)क (स्वच्छ पानीको आपूर्तिमा अपाङ्गता भएका व्यक्तिहरुको समान पहुँच सुनिश्चित गर्ने तथा उपयुक्त र धान्न सकिने मूल्यमा सेवा, उपकरण र अपाङ्गतासंग सम्बन्धित आवश्यकताहरुको लागि अन्य सहयोगहरुमा निजहरुको पहुँच सुनिश्चित गर्ने;

)ख (अपाङ्गता भएका व्यक्तिहरु खासगरी अपाङ्गता भएका महिला र वृद्ध वृद्धाहरुको लागि सामाजिक सुरक्षा कार्यक्रम तथा गरीबी न्यूनीकरण कार्यक्रमहरुमा पहुँच सुनिश्चित गर्ने;

)ग (गरीबीको अवस्थामा जीवन यापन गरीरहेका अपाङ्गता भएका व्यक्तिहरु र उनीहरुका परिवारलाई पर्याप्त तालिम, परामर्श, आर्थिक सहयोग एवं राहत सेवा लगायत अपाङ्गता सम्बन्धी खर्चहरुमा राज्यबाट प्रदान गरीने सहयोगमा पहुँच सुनिश्चित गर्ने;

)घ (सार्वजनिक आवास कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुको पहुँचलाई सुनिश्चित गर्ने;

)ङ (अपाङ्गता भएका व्यक्तिहरुको अवकाश पछिको सुविधा तथा कार्यक्रमहरुमा पहुँच सुनिश्चित गर्ने ।

**धारा २९ राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता**

पक्ष राष्ट्रहरुले अन्य व्यक्तिहरु सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरुलाई राजनीतिक अधिकार तथा त्यस्तो अधिकारहरुको उपभोग गर्ने अवसरको प्रत्याभूत दिनेछन् र देहायका कुराहरु गर्ने कबूल गर्नेछन् :

)क (अन्य व्यक्तिहरु सरह अपाङ्गता भएका व्यक्तिहरुलाई मतदान गर्ने तथा निर्वाचित हुने लगायत प्रत्यक्ष वा स्वतन्त्र रुपमा चुनिएका प्रतिनिधीहरु मार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी एवं पूर्ण रुपमा सहभागी हुन सकेका छन् भनी अरु कुराका अतिरिक्त देहायका कुराहरुबाट सुनिश्चित गर्ने :

)अ (मतदानका प्रक्रिया, सुविधा र सामग्रीहरु उपयुक्त, पहुँचयोग्य तथा बुझ्न एवं प्रयोग गर्न सहज भएको सुनिश्चित गर्ने;

)आ (अपाङ्गता भएका व्यक्तिहरुले भयमुक्त वातावरणमा निर्वाचन र सार्वजनिक जनमत संग्रहहरुमा गोप्य मतदान प्रक्रियाद्वारा मतदान गर्ने तथा निर्वाचनमा उम्मेदवार हुने, सरकारका सबै तहहरु र सार्वजनिक कार्यहरुमा पद धारण गर्न र कार्य सम्पादन गर्न पाउने अधिकारको संरक्षण गर्ने तथा उपयुक्त भएको अवस्थामा सहयोगात्मक र नयाँ प्रविधिहरुको प्रयोगलाई सहज बनाउने;

)इ (अपाङ्गता भएका व्यक्तिहरुलाई मतदाताको रुपमा आफ्नो इच्छा स्वतन्त्र रुपमा अभिव्यक्त गर्न सक्ने अधिकार प्रत्याभूत गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि उनीहरुको अनुरोधमा मतदान गर्न उनीहरुले रोजेको व्यक्तिको सहयोग प्राप्त गर्न अनुमति दिने ।

)ख (अपाङ्गता भएका व्यक्तिहरुले अन्य व्यक्तिहरु सरह समान आधारमा विना भेदभाव सार्वजनिक क्रियाकलापहरुको सञ्चालनमा प्रभावकारी तथा पूर्ण रुपमा सहभागी हुन सक्ने वातावरणको सक्रिय रुपले प्रवद्र्धन गर्ने तथा देहायका कुराहरु लगायत सार्वजनिक क्रियाकलापहरुमा उनीहरुको सहभागितालाई प्रोत्साहित गर्ने;

)अ (मुलुकको सार्वजनिक तथा राजनैनिक जीवनसंग संम्बन्धित गैरसरकारी संघ संस्थाहरुमा तथा राजनैतिक दलहरुको गतिविधी र सञ्चालनमा सहभागिता;

)आ (अन्तराष्ट्रिय, राष्ट्रिय, क्षेत्रिय र स्थानियस्तरमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व गर्न अपाङ्गता भएका व्यक्तिहरुको संगठन खोल्ने र त्यस्तो संगठनको सदस्य बन्ने ।

**धारा ३० साँस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिता**

१ .पक्ष राष्ट्रहरु अन्य व्यक्तिहरु सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरुलाई साँस्कृतिक जीवनमा सहभाग िहुने अधिकार भएको स्वीकार गर्छन र पक्ष राष्ट्रहरुले अपाङ्गता भएका व्यक्तिहरुले देहाय बमोजिमका कुराहरु गर्न पाएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् :

)क (पहुँचयोग्य ढाँचाहरुमा सांस्कृतिक सामाग्रीहरुमा पहुँच उपभोग गर्ने;

)ख (पहुँचयोग्य ढाँचाहरुमा टेलिभिजन कार्यक्रम, चलचित्र, नाटक र अन्य साँस्कृतिक क्रियाकलापहरुमा पहुँच उपभोग गर्ने;

)ग (नाट्यशाला, संग्रहालय, सिनेमा हल, पुस्तकालय, पर्यटकीय सेवा जस्ता सांस्कृतिक कार्यक्रम वा सेवाहरु सञ्चालन गर्ने स्थानहरुमा पहुँच उपभोग गर्ने तथा सम्भव भएको हदसम्म राष्ट्रिय साँस्कृतिक महत्वका स्मारक र स्थलहरुमा पहुँच उपभोग गर्ने ।

२ .अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको व्यक्तिगत फाइदाको लागि मात्र नभई समाजको वैभवताको लागि समेत उनीहरुको सिर्जनशिल, कलात्मक तथा बौद्धिक आन्तरिक क्षमताको विकास तथा उपभोग गर्ने अवसर प्राप्त गर्न सक्षम बनाउन पक्ष राष्ट्रहरुले उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् ।

३ .बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार संरक्षण गर्ने कानूनले अपाङ्गता भएका व्यक्तिहरुलाई साँस्कृतिक सामग्रीहरुमा पहुँच गर्न अनुचित वा विभेदकारी अवरोधहरु सिर्जना नगरेको सुनिश्चित गर्न पक्ष राष्ट्रहरुले अन्तराष्ट्रिय कानूनबमोजिम सम्पूर्ण उपयुक्त कदमहरु चाल्नेछन् ।

४ .अन्य व्यक्तिहरु सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरु पनि सांकेतिक भाषा तथा बहिरा संस्कृति लगायत विशेष साँस्कृतिक तथा भाषिक पहिचानको मान्यता र सहायता पाउने हक राख्नेछन् ।

५ .अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य व्यक्तिहरु सरह समान आधारमा मनोरञ्जनात्मक, विश्राम तथा खेलकुदका क्रियाकलापहरुमा सहभागी हुन सक्षम बनाउने अभिप्रायले भएको देहायका उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् :

)क (सम्पूर्ण तहहरुमा मूलप्रवाहका खेलकुद क्रियाकलापमा अपाङ्गता भएका व्यक्तिहरुको सम्भव भएको हदसम्म सहभागितालाई प्रोत्साहित तथा प्रवद्र्धन गर्ने;

ख (अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता विशेष खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापहरु आयोजना गर्ने, विकास गर्ने तथा त्यसमा सहभागी हुन पाउने अवसर उपलब्ध भएको सुनिश्चित गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि अन्य व्यक्तिहरु सरह समान आधारमा उपयुक्त प्रशिक्षण, तालिम र श्रोतहरुको व्यवस्थालाई प्रोत्साहित गर्ने;

ग (अपाङ्गता भएका व्यक्तिहरुको खेलकुद, मनोरञ्जनात्मक र पर्यटकीय स्थानहरुमा पहुँच भएको सुनिश्चित गर्ने;

)घ (विद्यालय प्रणालीभित्रका क्रियाकलापहरु लगायत अन्य नाटक, मनोरञ्जन र विश्राम र खेलकुद क्रियाकलापहरुमा अन्य बालबालिका सरह अपाङ्गता भएका बालबालिकाहरुको पहुँच भएको सुनिश्चित गर्ने;

)ङ (मनोरञ्जनात्म्क, पर्यटकीय, विश्राम वा खेलकुद क्रियाकलापका संस्थाहरुमा संलग्न व्यक्तिहरुबाट अपाङ्गता भएका व्यक्तिहरुले सेवामा पहुँच पाएको सुनिश्चित गर्ने ।

**धारा ३१ तथ्याङ्क तथा आँकडा संकलन**

१ .यस महासन्धिलाई कार्यान्वयन गर्नका लागि नीति तर्जुमा तथा कार्यान्वयन गर्न आफूलाई सक्षम बनाउन पक्ष राष्ट्रहरुले तथ्याङ्क तथा अनुसन्धानात्मक आँकडा लगायतका उपयक्त सूचना संकलन गर्ने कबूल गर्दछन् । त्यस्तो सूचना संकलन गर्ने तथा राख्ने प्रक्रिया देहायबमोजिम हुनेछ :

)क (अपाङ्गता भएका व्यक्तिहरुको विश्वसनीयता र गोपनीयताको सम्मान सुनिश्चित गर्न सूचना÷तथ्याङ्क संरक्षण सम्बन्धी कानून लगायतका कानूनी रुपमा स्थापित सुरक्षा व्यवस्थाको पालना गर्ने;

)ख (आँकडाहरुको संकलन तथा प्रयोगमा मानवअधिकार र आधारभूत स्वतन्त्रता संरक्षण गर्न अन्तराष्ट्रिय रुपमा मान्य अन्य मापदण्ड र नैतिक नियमहरुको पालना गर्ने ।

)२ (यस धारा बमोजिम संकलित सूचनाहरु उपयक्तता अनुसार केलाइनेछ तथा यस महासन्धि अन्तर्गत पक्ष राष्ट्रहरुको जिम्मेवारीको कार्यान्वयन मूल्यांकनमा सहयोग गर्न तथा अपाङ्गता भएका व्यक्तिहरुले उनीहरुको अधिकार प्रयोग गर्दा सामना गर्नुपरेका अवरोधहरुको पहिचान तथा सम्बोधन गर्न प्रयोग गरीनेछन् ।

)३ (पक्ष राष्ट्रहरुले त्यस्ता तथ्याङ्कको सम्प्रेषण गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरु र अन्य व्यक्तिहरुको त्यस्ता तथ्याङ्कमा पहुँच सुनिश्चित गर्ने जिम्मेवारी ग्रहण गर्नेछन् ।

**धारा ३२ अन्तराष्ट्रिय सहयोग**

१ .पक्ष राष्ट्रहरुले यस महासन्धिका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि राष्ट्रय प्रयासहरुको समर्थनमा अन्तराष्ट्रिय सहयोग र यसको प्रवद्र्धनको महत्वलाई स्वीकार गर्छन तथा यस सम्बन्धमा उपयुक्ततानुसार राष्ट्रहरु बीच तथा सम्बन्धित अन्तराष्ट्रिय र क्षेत्रिय संगठन र नागरीक समाज खासगरी अपाङ्गता भएका व्यक्तिहरुको संगठनको साझेदारीमा उपयुक्त र प्रभावकारी उपायहरु अवलम्बन गर्नेछन् । त्यस्ता उपायहरुमा अरु कुराहरुको अतिरिक्त देहायका कुराहरु समेत समावेश हुन सक्नेछन् :

)क (अन्तराष्ट्रिय विकास कार्यक्रम लगायतका अन्तराष्ट्रिय सहयोग कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई समावेश गर्ने तथा निजहरुको लागि पहुँचयोग्य भएको सुनिश्चित गर्ने;

)ख (सूचना, अनुभव, प्रशिक्षण कार्यक्रम तथा सर्वोत्तम अभ्यासहरुको आदानप्रदान तथा हिस्सादारी समेतको माध्यमबाट सक्षमता विकासलाई सहज बनाउने तथा समर्थन गर्ने;

)ग (अनुसन्धान तथा वैज्ञानिक र प्राविधिक ज्ञानको पहुँचमा सहयोग सहज बनाउने;

)घ (पहुँचयोग्य तथा सहयोगात्मक प्रविधिहरुमा पहुँच र हिस्सेदारीद्वारा तथा प्रविधि हस्तान्तरण मार्फत उपयक्तताअनुसार प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने;

२ .यस धाराका व्यवस्थाहरुले प्रस्तुत महासन्धि अन्तर्गत प्रत्येक पक्ष राष्ट्रले वहन गर्नुपर्ने दायित्वमा प्रतिकूल प्रभाव पार्नेछैनन् ।

धारा ३३ राष्ट्रिय स्तरमा कार्यान्वयन तथा अनुगमन

१ .प्रस्तुत महासन्धिको कार्यान्वयनसँग सम्बन्धित कुराहरुका लागि आफ्नो संगठनको प्रणाली अनुसार सरकारी संरचनाभित्र एक वा एकभन्दा बढी सम्पर्क विन्दुहरु तोक्ने तथा विभिन्न क्षेत्र तथा तहहरुमा भएका सम्बन्धित कामहरु सहज तुल्याउन सरकारी संरचनाभित्र एक समन्वयनकारी निकाय स्थापना गर्न वा तोक्ने काम उचित ध्यान दिनेछन् ।

२ .पक्ष राष्ट्रहरुले यस महासन्धिको कार्यान्वयनको प्रवद्र्धन, संरक्षण तथा अनुगमन गर्न उपयुक्तताअनुसार आफ्नो कानूनी तथा प्रशासनिक प्रणाली बमोजिम आफ्नो मुलुकमा एक वा सो भन्दा बढी स्वतन्त्र संयन्त्रहरु समेतको एक कार्य संरचना तोक्ने वा स्थापित गर्नेछन् । पक्ष राष्ट्रहरुले त्यस्तो संयन्त्र तोक्दा वा स्थापना गर्दा मानवअधिकारको संरक्षण र संवद्र्धनको लागि गठन भएको राष्ट्रिय संस्थाको हैसियत र कार्य प्रणालीसंग सम्बन्धित सिद्धान्तहरुलाई दृष्टिगत गर्नेछन् ।

३ .अनुगमन प्रक्रियामा नागरीक समाज खासगरी अपाङ्गता भएको व्यक्तिहरु र तिनीहरुका प्रतिनिधि संस्थाहरुलाई पूर्णरुपमा संलग्न तथा सहभागी गराइनेछन् ।

**धारा ३४ अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी समिति**

१ .अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी समिति (यसपछि "समिति" भनिएको (को स्थापना गरीनेछ, जसले यसपछि व्यवस्था गरीएका कामहरु गर्नेछ ।

२ .प्रस्तुत महासन्धि लागू हुँदाका बखतमा यस समितिमा बाह्र वटा विशेषज्ञहरु रहनेछन् । महासन्धिमा थप साठी अनुमोदन वा सम्मिलनहरु भएपछि बढीमा अठार जना सदस्यहरु रहने गरी समितिको सदस्यता संख्यामा छ जना सम्मले थप गर्न सकिनेछ ।

३ .समितिका सदस्यहरुले आफ्नो व्यक्तिगत क्षमतामा कार्य गर्नेछन् र निजहरु उच्च नैतिक चरित्र तथा यस महासन्धिले समेटेका क्षेत्रमा उत्कृष्ट सक्षमता र अनुभव भएका व्यक्तिहरु हुनेछन् । सदस्यहरुको मनोनयन गर्दा प्रस्तुत महासन्धिको धारा

४) ३ (मा उल्लिखित व्यवस्था उपर उचित ध्यान दिन आव्हान गरीनेछ ।

४ .समन्यायिक भौगोलिक वितरण, विभिन्न प्रकारका सभ्यता तथा प्रमुख कानूनी प्रणालीहरुको प्रतिनिधित्व, सन्तुलित लैंगिक प्रतिनिधित्व तथा अपाङ्गता भएका विशेषज्ञ व्यक्तिहरुको सहभागितालाई विचार गर्दै पक्ष राष्ट्रहरुले समितिका सदस्याहरु निर्वाचित गर्नेछन् ।

५ .पक्ष राष्ट्रहरुको सम्मेलनको वैठकबाट यस महासन्धिका पक्ष राष्ट्रहरुले आफ्नो नागरीकहरुमध्येबाट मनोनयन गरेका व्यक्तिहरुको सूचिबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरु निर्वाचित हुनेछन् । दुई तिहाइ पक्ष राष्ट्रहरु उपस्थित भए गणपुरक संख्या पुगेको मानिने त्यस्तो बैठकमा उपस्थित तथा मतदान गर्ने पक्ष राष्ट्रहरुका प्रतिनिधिहरुको सर्वाधिक मत तथा पूर्ण बहुमत प्राप्त गर्ने व्यक्तिहरु समितिमा निर्वाचित हुनेछन्

६ .प्रस्तुत महासन्धि लागू भएको छ महिना भित्रै प्रारम्भिक निर्वाचन हुनेछ । प्रत्येक निर्वाचनको कम्तीमा चार महिना अगावै संयुक्त राष्ट्रसंघका महासचिवले पक्ष राष्ट्रहरुलाई सदस्याताका लागि दुई महिना भित्र मनोनयन पेश गर्न आव्हान गर्दै पत्र पठाउनेछन् । तत्पश्चात् महासचिवले मनोनयन गर्ने पक्ष राष्ट्रहरु समेत खुलाई त्यसरी मनोनयन गरीएका सबै व्यक्तिहरुको वर्णनुक्रममा नामको सूची तयार गर्नेछन् तथा त्यस्तो सूची यस महासन्धिका पक्ष राष्ट्रहरुलाई पेश गर्नेछन् ।

७ .समितिका सदस्यहरु चार वर्षका लागि निर्वाचित हुनेछन् । एक पटकका लागि उनीहरु पुनः निर्वाचित हुन योग्य हुनेछन् । तर प्रथम निर्वाचिनमा निर्वाचित छ सदस्यको कार्यकाल दुई वर्ष पूरा

भएपछि समाप्त हुनेछ, प्रथम निर्वाचन सम्पन्न भए लगतै त्यस्ता छ सदस्यहरुको नाम यस धाराको प्रकरण ५ मा उल्लेख गरीएको बैठकको अध्यक्षद्वारा गोला हालेर छानिनेछ ।

८ .समितिका थप छ सदस्यहरुको निर्वाचन यस धाराका सम्बन्धित व्यवस्थाहरु बमोजिम नियमित निर्वाचनको समयमा हुनेछ ।

९ .समितिका सदस्यको मृत्यु भएमा वा निजले राजिनामा दिएमा वा अन्य कारणले निजले आफ्नो जिम्मेवारी पूरा गर्न नसक्ने घोषणा गरेमा, मनोनयन गर्ने पक्ष राष्ट्रले यस धाराको सम्बन्धित व्यवस्थामा गरीएको योग्यता भएको र शर्त पूरा गर्ने विशेषज्ञ व्यक्तिलाई बाँकी कार्यकालका लागि सेवा गर्न नियुक्त गर्नेछन् ।

१० .समितिले आफ्नो कार्यविधिको नियम बनाउने छ ।

११ .प्रस्तुत महासंधी अन्तर्गतको समितिको कार्यको प्रभावकारी सम्पादनको लागि संयुक्त राष्ट्रसंघका महासचिवले आवश्यक कर्मचारी तथा सुविधा उपलब्ध गराउनेछन् र समितिको प्रारम्भिक बैठक बोलाउने छन् ।

१२ .समितिका जिम्मेवारीहरुको महत्वलाई ध्यानमा राख्दै महासभाले निर्णय गरेको शर्त तथा बन्देजका अधिनमा रही प्रस्तुत महासन्धि अन्तर्गत स्थापित समितिका सदस्यहरुले संयुक्त राष्ट्र संघको श्रोतबाट पारिश्रमिक पाउने छन् ।

१३ .समितिका सदस्यहरुलाई संयुक्त राष्ट्र संघको विशेषधिकार तथा उन्मुक्तिसम्बन्धी महासन्धिका सम्बन्धित दफाहरुमा व्यवस्था गरीए अनुसार राष्ट्रहरु, संघको मिसनमा कार्यरत विशेषज्ञहरुको सुविधा, विशेषाधिकार तथा उन्मुक्ति प्राप्त हुनेछ ।

## धारा ३५ पक्ष राष्ट्रहरुको प्रतिबेदन

१ .सम्बन्धित पक्ष राष्ट्रको लागि प्रस्तुत महासन्धि लागू भएको मितिले दुई वर्ष भित्र प्रत्येक पक्ष राष्ट्रले यस महासन्धि अन्तर्गतका आफ्ना जिम्मेवारीहरु पूरा गर्न अवलम्बन गरेका उपयाहरु तथा त्यस सम्बन्धमा हासिल गरेको प्रगतिसम्बन्धी विस्तृत प्रतिवेदन संयुक्त राष्ट्र संघको महासचिव मार्फत समिति समक्ष पेश गर्नेछन् ।

२ .पक्ष राष्ट्रहरुले तत्पश्चात् कम्तीमा प्रत्येक चार वर्षमा र समितिले अनुरोध गरेको जुनसुकै बखत पछिल्ला प्रतिबेदनहरु पेश गर्नुपर्नेछ ।

३ .समितिले प्रतिबेदनको विषय वस्तुका सम्बन्धमा लागू हुने कुनै पनि निर्देशिका सम्बन्धमा निर्णय गर्न सक्नेछ ।

४ .समिति समक्ष विस्तृत प्रारम्भिक प्रतिबेदन पेश गरेको पक्ष राष्ट्रले आफ्ना पछिल्ला प्रतिबेदनहरुमा अगाि‍ड नै उपलब्ध गराइएका जानकारीहरु दोहोरयाउन आवश्यक हुने छैन । त्यसरी समिति समक्ष पेश गर्नुपर्ने प्रतिबेदनहरु तयार गर्दा, सो कार्य खुला र पारदर्शी तवरले गर्ने तर्फ ध्यान दिन तथा प्रस्तुत महासन्धिको धारा ४) ३ (मा गरीएको व्यवस्थामा उचित ध्यान पुरयाउन पक्ष राष्ट्रहरुलाई आव्हान गरीन्छ ।

५ .प्रस्तुत महासन्धि अन्तर्गतका जिम्मेवारीहरु निर्वाह गर्नेमात्रा, प्रभाव पार्ने तत्वहरु र कठिनाईहरुको बारेमा प्रतिबेदनहरुले औल्याउन सक्नेछन् ।

## धारा ३६ प्रतिबेदन उपर विचार

१ .समितिले प्रत्येक प्रतिवेदन उपर विचार गर्नेछ, सो प्रतिवेदनका सम्वन्धमा आफूले उपयुक्त ठानेको कुनै पनि सुझाव र सामान्य सिफारिस गरी त्यस्ता सुझाव र सिफारिसहरु पक्ष राष्ट्रलाई पठाउनेछ । पक्ष राष्ट्रले आफूले उपयुक्त ठानेको कुनै पनि जानकारी बारे समितिलाई जवाफ दिन सक्नेछ । समितिले प्रस्तुत महासन्धिको कार्यान्वियनसँग सम्वन्धित थप जानकारी पक्ष राष्ट्रसँग अनुरोध गर्न सक्नेछ ।

२ .कुनै पक्ष राष्ट्रहरुले लामो समयदेखि प्रतिवेदन पेश नगरेको भए, सूचना गरेको तीन महिनाभित्र पनि त्यस्तो सम्वन्धित प्रतिवेदन पेश नगरीएमा आफूलाई उपलब्ध भरपर्दो जानकारीको आधारमा समितिले त्यस्तो सम्वन्धित राज्यपक्षलाई त्यस पक्ष राष्ट्रहरुमा प्रस्तुत महासन्धिको कार्यान्वियनको जाँचबुझको आवश्यकता बारे सूचित गर्न सक्नेछ । समितिले त्यस्तो जाँचबुझमा सहभागी हुन सम्वन्धित पक्ष राष्ट्रलाई आब्हान गर्नेछ । पक्ष राष्ट्रले सम्वन्धित प्रतिवेदन पेश गरी जवाफ दिएमा, यस धाराको प्रकरण १ को व्यवस्था लागू हुनेछ ।

३ .संयुक्त राष्ट्र संघको महासचिबले सबै पक्ष राष्ट्रहरुलाई प्रतिवेदनहरु उपलब्ध गराउने छन् ।

४ .पक्ष राष्ट्रहरुले आ–आफ्नो मुलुकहरुमा आफ्ना प्रतिवेदनहरु सर्वसाधारणलाई व्यापक रुपमा उपलब्ध गराउने छन् तथा त्यस्ता प्रतिवेदनहरुसंग सम्वन्धित सुझाब र सामान्य सिफरिसहरुमा पहुँच सहज बनाउने छन् ।

५ .पक्ष राष्ट्रहरुबाट प्राप्त प्रतिवेदनहरुमा प्राविधिक सहयोग र सल्लाहको लागि अनुरोध भएको वा आवश्यकता दर्शाएको भए समितिले उपयुक्त ठानेको अवस्थामा सो सम्बोधन गर्नका लागि त्यस्ता अनुरोध तथा संकेतहरुको सम्वन्धमा समितिको आफ्नो भनाई वा सिफरिसहरु भए सो सहित राष्ट्रसंघको विशिष्टीकृत निकाय, कोष र कार्यक्रहरु तथा सक्षम निकायहरुलाई पठाउने छ ।

**धारा ३७ पक्ष राष्ट्रहरु तथा समिति वीच सहयोग**

१ .प्रत्येक पक्ष राष्ट्रले समितिलाई सहयोग गर्ने तथा आफ्नो कार्यदिश पूरा गर्न समितिका सदस्यहरुलाई सहयोग गर्नेछ ।

२ .पक्ष राष्ट्रहरुसँगको आफ्नो सम्वन्धमा, प्रस्तुत महासन्धिको कार्यान्वयनको लागि समितिले राष्ट्रिय क्षमता अभिवृद्धि गर्नका लागि अन्तराष्ट्रिय सहयोग मार्फत लगायत अन्य उपाय र माध्यहरु उपर उचित ध्यान दिनेछ ।

**धारा ३८ समितिको अन्य निकायहरुसँगको सम्वन्ध**

प्रस्तुत महासन्धिको प्रभावकारी कार्यान्वयन अभिवृद्धि गर्न तथा प्रस्तुत महासन्धिले समेटेको क्षेत्रमा अन्तरराष्ट्रिय सहयोग प्रोत्साहित गर्न :

)क (विशिष्टीकृत निकायहरु र संयुक्त राष्ट्रसंघका अन्य अंगहरुलाई उनीहरुको अधिकार क्षेत्र भित्र पर्ने यस महासन्धिका व्यवस्थाहरुको कार्यान्वयनका सम्वन्धमा विचार विमर्श गरिंदा प्रतिनिधित्व गर्ने अधिकार हुनेछ । आ–आफ्नो सम्वन्धित अधिकार क्षेत्र भित्र पर्ने महासन्धिको कार्यान्वयनका विषयमा समितिले उचित ठानेको अवस्थामा त्यस्ता विशिष्टिकृत निकायहरु र अन्य सक्षम संस्थाहरुलाई विशेषज्ञ परामर्श प्रदान गर्न आमन्त्रण गर्न सक्नेछ । समितिले विशिष्टिकृत निकायहरु र संयुक्त राष्ट्रसंघका अन्य अंगहरुलाई उनीहरुको कार्यक्षेत्रभित्र पर्ने विषयहरु बारे महासन्धिको कार्यान्वयनसम्बन्धी प्रतिबेदन पेश गर्नको लागि आव्हान गर्न सक्नेछ ;

)ख (आ–आफ्नो प्रतिबेदन तयार गर्ने निर्देशिका, सुझाव र साधारण सिफारिसहरुमा एकरुपता सुनिश्चिता गर्ने तथा आ–आफ्नो कार्यसम्पादनमा दोहोरोपन र अतिक्रमण हटाउने उद्देश्यले समितिले आफ्नो कार्यादेश पूरा गर्दा उपयुक्त ठानेको अवस्थामा मानव अधिकारसम्बन्धी अन्तराष्ट्रिय सन्धिहरुबाट स्थापित अन्य सम्बद्ध नियकायहरुसंग परामर्श गर्नेछ ।

**धारा ३९ समितिको प्रतिबेदन**

समितिले आफ्ना क्रियाकलापको बारेमा महासभा र आर्थिक तथा सामाजिक परिषद समक्ष प्रत्येक दुई वर्षमा प्रतिबेदन पेश गर्नेछन् तथा पक्ष राज्यहरुबाट प्राप्त भएका प्रतिबेदन र सूचनाको जाँचबुझको आधारमा सुझाव र साधारण सिफारिसहरु गर्न सक्नेछ । त्यस्ता सुझाव र साधारण सिफारिहरुमा पक्ष राष्ट्रहरुबाट कुनै टिप्पणी गरीएको भए सो समेत समितिको प्रतिबेदनमा समाबेश गरीनेछ ।

**धारा ४० पक्ष राष्ट्रहरुको सम्मेलन**

१ .पक्ष राष्ट्रहरु प्रस्तुत महासन्धिको कार्यान्वयनसँग सम्बन्धित विषयहरुमा विचार विमर्श गर्नका लागि पक्ष राष्ट्रहरुको सम्मेलनमा नियमित रुपमा सहभागी हुनेछन् । २ .प्रस्तुत महासन्धि लागू भएको छ महिना भित्रै संयुक्त राष्ट्रसंघका महासचिवद्वारा पक्ष राष्ट्रहरुको सम्मेलन बोलाइनेछ । त्यसपछिका बैठकहरु संयुक्त राष्ट्र संघका महासचिवद्वारा दुई वर्षमा एक पटक वा पक्ष राष्ट्रहरुको सम्मेलनले निर्णय गरे अनुसार बोलाइनेछ ।

**धारा ४१ अभिलेख अधिकारी**

संयुक्त राष्ट्र संघका महासचिव प्रस्तुत महासन्धिको अभिलेख अधिकारी हुनेछन् ।

**धारा ४२ हस्ताक्षर**

सबै पक्ष राष्ट्रहरु तथा क्षेत्रिय एकिकृत संगठनबाट हस्ताक्षरको लागि प्रस्तुत महासन्धि ३० मार्च २००७ देखि संयुक्त राष्ट्र संघको न्यूयोर्क स्थित प्रधान कार्यालयमा खला हुनेछ ।

**धारा ४३ वन्धित हुने सहमति**

प्रस्तुत महासन्धि हस्ताक्षरकारी राष्ट्रहरुबाट अनुमोदन तथा हस्ताक्षरकारी क्षेत्रिय एकिकृत संगठनबाट हस्ताक्षरको औपचारिक पुष्टि हुनु पर्नेछ । महासन्धिमा हस्ताक्षर नगरेको कुनै राष्ट्र वा क्षेत्रिय एकिकृत संगठनबाट सम्मिलन हुनको लागि प्रस्तुत महासन्धि खुला रहनेछ ।

**धारा ४४ क्षेत्रिय एकिकृत संगठन**

१ ."क्षेत्रिय एकिकृत संगठन" भन्नाले कुनै निश्चित क्षेत्रका सार्वभौम राष्ट्रहरुले महासन्धिले निर्देशित गर्ने विषयहरुका सम्बन्धमा त्यस्तो संगठनका सदस्य राष्ट्रहरुले आफ्नो सक्षमता हस्तान्तरण गरी गठन गरेको कुनै पनि संगठन सम्झनुपर्छ । त्यस्ता संगठनहरुले तिनीहरुको औपचारिक पुष्टि वा सम्मेलनको दस्तावेजमा महासन्धिले निर्देशित गरेका विषयहरुको सम्बन्धमा आफ्नो सक्षमताको सीमाको घोषणा गर्नेछन् । आफ्नो सक्षमताको सीमामा कुनै आधारभूत परिवर्तन भएपछि त्यस्ता संगठनहरुले अभिलेख अधिकारीलाई सोको जानकारी गराउनुपर्नेछ ।

२ .यस महासन्धिको "पक्ष राष्ट्रहरु" भन्ने सन्दभ आफ्नो सक्षमताको सीमाभित्र त्यस्ता संगठनहरुका हकमा पनि लागू हुनेछ ।

३ .धारा ४५ को प्रकारण १ र धारा ४७ को प्रकरण २ र ३ को प्रयोजनको लागि, क्षेत्रिय एकिकृत संगठनले दाखिला गरेको लिखतको गणना गरीनेछैन ।

४ .आफ्नो सक्षमताभित्र रहेका विषयहरुमा क्षेत्रिय एकिकृत संगठनहरुले पक्ष राष्ट्रहरुको सम्मेलनमा प्रस्तुत महासन्धिको पक्ष भएका आफ्नो सदस्य राष्ट्रहरुको संख्या बराबरको मताधिकार प्रयोग गर्न सक्नेछन् । कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गरेमा त्यस्तो संगठनले आफ्नो मताधिकार प्रयोग गर्न पाउने छैन वा त्यस्तो संगठनले आफ्नो मताधिकार प्रयोग गरेमा कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गर्न पाउने छैन ।

## धारा ४५ लागू हुने

१ .अनुमोदन वा सम्मिलनको बिसौं लिखत दाखिला भएको मितिले तीसौं दिनदेखि प्रस्तुत महासन्धि लागू हुनेछ । २ .अनुमोदन वा सम्मिलनको बीसौं लिखत दाखिला भएपछि महासन्धि अनुमोदन गर्ने वा यसमा सम्मिलित हुने प्रत्येक राष्ट्र वा क्षेत्रिय एकिकृत संगठनको हकमा अनुमोदन, औपचारिक पुष्टि वा सम्मिलनको आफ्नो लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि प्रस्तुत महासन्धि लागू हुनेछ ।

## धारा ४६ आरक्षण

१ .प्रस्तुत महासन्धिको उद्देश्य र प्रयोजनसंग मेल नखाने आरक्षण राख्न पाइने छैन । २ .जुनसुकै समयमा पनि आरक्षणहरु फिर्ता लिन सकिनेछ ।

## धारा ४७ संशोधन

१ .कुनै पनि पक्ष राष्ट्रले प्रस्तुत महासन्धिमा संशोधन प्रस्ताव गर्न र संयुक्त राष्ट्र संघका महासचिव समक्ष सो प्रस्ताव पेश गर्न सक्नेछ । त्यसपछि महासचिवले त्यस्तो प्रस्तावमा विचार वा निर्णय गर्नका लागि उनीहरु पक्ष राष्ट्रहरुको सम्मेलनको पक्षमा भए वा नभएको कुरा उनीहरुलाई सूचित गर्ने अनुरोध सहित प्रस्तावित संशोधनहरु पक्ष राष्ट्रहरुलाई पठाउने छन् । त्यस्तो सम्मेलनको जानकारी दिएको चार महिनाभित्र कम्तीमा एक तिहाई पक्ष राष्ट्रहरु त्यस्तो सम्मेलनको पक्षमा भएको अवस्थामा महासचिवले संयुक्त राष्ट्र संघको तत्वावधानमा सम्मेलन बोलाउने छन् । महासचिवले पक्ष राष्ट्रहरुको दुई तिहाई बहुमतबाट पारित भएको कुनै पनि संशोधन महासभामा अनुमोदनका लागि पेश गर्ने र तत्पश्चात् सबै पक्ष राष्ट्रहरु समक्ष स्वीकृतका लागि पेश गर्नेछन् ।

२ .यस धाराको प्रकरण १ अनुसार ग्रहण र स्वीकृत गरीएको संशोधन ग्रहण गरीएको मितिमा कायम रहेका पक्ष राष्ट्रहरुमध्ये स्वीकृतिको लिखत दाखिला गर्नेको संख्या दुई तिहाई पुगेको मितिले तीसौं दिनदेखि सो संशोधन लागू हुनेछ । त्यसपछि सो संशोधन कुनै पक्ष राष्ट्रले स्वीकृतिको लिखत दाखिला

गरेको मितिले तीसौं दिनदेखि सो राष्ट्रको हकमा लागू हुनेछ । स्वीकृति गरेको पक्ष राष्ट्रको हकमा मात्रै संशोधन लागू हुनेछ ।

३ .पक्ष राष्ट्रहरुको सम्मेलनबाट सर्वसम्मतिबाट निर्णय गरीएको भए धारा ३४,३८,३९ तथा ४० संग मात्र सम्वन्धित यस महासन्धिको प्रकरण १ बमोजिम पारित ता स्वीकृत कुनै पनि संशोधन त्यस्तो संशोधन पारित गरेको मितिमा दाखिल गरेको स्वकृतिको लिखत पक्ष राष्ट्रहरुको संख्याको दुई तिहाई पुगेको तीसौं दिन देखि सबै पक्ष राष्ट्रहरुको हकमा लागू हुनेछ ।

## धारा ४८ परित्याग

संयुक्त राष्ट्र संका महासचिबलाई लिखित सूचना दिएर कुनै पनि पक्ष राष्ट्रले प्रस्तुत महासन्धिलाई परित्याग गर्न सक्नेछ । महासचिवले सूचना प्राप्त गरेको मितिले एक वर्ष पछि परित्याग प्रभावकारी हुनेछ ।

## धारा ४९ पहुँचयोग्य स्वरुप

प्रस्तुत महासन्धिको पाठ पहुँचयोग्य स्वरुपमा उपलब्ध गराइनेछ ।

## धारा ५० प्रमाणिक पाठहरु

प्रस्तुत महासन्धिका अरवी, चिनीयाँ, अंग्रेजी, फ्रान्सेली, रसियाली तथा स्पेनेली भाषाका पाठहरु समान रुपमा प्रमाणिक हुनेछन् । जसको प्रमाण स्वरुप, सम्वन्धित सरकारहरुबाट पूर्ण अख्तियार पाएका देहायका हस्ताक्षरकारी अधिकार सम्पन्न प्रतिनिधिहरुले प्रस्तुत महासन्धिमा हस्ताक्षर गरेका छन् ।

# अपाङ्गता भएका व्यक्तिहरुके अधिकार सम्वन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २००६

प्रस्तुत प्रोटोकलका पक्ष राष्ट्रहरु देहाय बमोजिम गर्न सहमत भएका छन् ।

**धारा १**

१ .प्रस्तुत प्रोटोकलको कुनै पनि पक्ष राष्ट्रले महासन्धिका व्यवस्थाहरुको उल्लंघन भएबाट पिडित भएको भनि दावी गर्ने त्यस्तो पक्ष राष्ट्रको क्षेत्राधिकार भिका व्यक्तिहरु वा त्यस्ता व्यक्तिहरुको समूहबाट वा तर्फबाट सूचना प्राप्त गर्ने र सो सम्वन्धमा विचार गर्ने सक्षमता अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी समिति) "समिति") मा भएको स्वीकार गर्दछ ।

२ .प्रस्तुत प्रोटोकलको पक्ष नभएको महासन्धिको कुनै पक्ष राष्ट्रसंग सम्वन्धित कुनै पनि सूचना समितिले ग्रहण गर्ने छैन ।

**धारा – २**

समतिले देहायका अवस्थाहरुमा कुनै सूचना अग्राह्य मान्नेछ :

)क (त्यस्तो सूचना बेनामी भएमा;

)ख (त्यस्तो सूचनाले सो सूचना पेश गर्ने अधिकारको दुरुपयोग गर्ने भएमा वा महासन्धिका व्यवस्थाहरुसंग मेल नखाने भएमा;

)ग (सोही कुरा समितिले अगाडि नै जाँचबुझ गरीसकेको भए वा अन्तराष्ट्रिय अनुसन्धान वा निरोपणको अन्य कुनै कार्यविधि अन्तर्गत जाँचबुझ भइसकेको वा जाँचबुझ भइरहेको भए;

)घ (उपलब्ध सम्पूर्ण घरेलु उपचारको उपयोग गरी नसकिएको भए । उपचारको लागि दिइएको निवेदनको कारबाही अनुचित रुपमा लम्बाइएको वा प्रभावकारी उपचार प्राप्त गर्न सकिने सम्भावना नभएको अवस्थामा यो कुरा लागू हुनेछैन ।

)ङ (त्यस्तो सूचना स्पष्टतः दुराशयमा आधारित रहेको वा पर्याप्त रुपमा स्थापित नगरीएको भए, वा

)च (प्रस्तुत प्रोटोकल लागू भएको मिति पछि पनि त्यस्तो सूचनाका विषय वस्तुहरु निरन्तर कायम रहेको अवस्थामा बाहेक त्यस्ता सूचनाका विषय वस्तुहरु सम्वन्धित पक्ष राष्ट्रको लागि प्रस्तुत प्रोटोकल लागू हुनु भन्दा अगावै घटेको भए ।

**धारा – ३**

प्रस्तुत प्रोटोकलको धारा २ मा गरीएको व्यवस्थाको अधिनमा रहि, आफू समक्ष पेश गरीएको कुनै पनि सूचना समितिले गोप्य ढंगमा पक्ष राष्ट्रहरुको जानकारीमा ल्याउने छ। प्रापक पक्ष राष्ट्रले त्यस्तो विषय र सो सम्वन्धमा आफूले कुनै उपचार अवलम्बन गरेको भए सो कुराहरु स्पष्ट गर्दै छ महिनाभित्र समिति समक्ष लिखित रुपमा स्पष्टीकरण वा विवरणहरु पेश गर्नु पर्नेछ।

**धारा –४**

१ .सूचना प्राप्त भएपछि र तथ्यमा प्रवेश गरी निर्णयमा पुग्नु अगावै कुनै पनि समयमा, पक्ष राष्ट्रले आरोपित उल्लंघनका पिडित वा पिडितहरुलाई सम्भावित अपुरणीय क्षति हुनबाट रोक्न आवश्यक पर्ने अन्तरिम उपायहरु अवलम्बन गर्ने भनि समितिले सम्वन्धित पक्ष राष्ट्रलाई अविलम्ब विचारका लागि अनुरोध गरी पठाउन सक्नेछ।

२ .यस धाराको प्रकरण १ अन्तर्गत समितिले आफ्नो स्वविवेक प्रयोग गरेको अवस्थामा सो कुरालाई सूचनाको ग्राहयता वा सूचनाको तथ्य उपर निर्णय भएको मानिने छैन।

**धारा – ५**

प्रस्तुत प्रोटोकल अन्तर्गतका सूचनाहरुको छानविन गर्दा समितिले गोप्य बैठक गर्नेछ। सूचना उपर छानविन गरेपछि आफ्नो कुनै सुझाब वा सिफारिसहरु भए समितिले सम्वन्धित पक्ष राष्ट्र तथा सूचना दिने व्यक्तिलाई पठाउनेछ।

**धारा – ६**

१ .कुनै पक्ष राष्ट्रले महासन्धिमा व्यवस्था गरीएका अधिकारहरुको गम्भीर वा सिलसिलाबद्ध उल्लंघन गरेको भरपर्दो सूचना समितिले प्राप्त गरेमा, त्यस्तो सूचनाको छानविनमा सहयोग गर्न र यस उद्देश्यका लागि सम्वन्धित सूचनाका सम्वन्धमा आफ्नो भनाइ पेश गर्न त्यस्तो पक्ष राष्ट्रलाई आव्हान गर्नेछ।

२ .सम्वन्धित पक्ष राष्ट्रबाट पेश हुन सक्ने भनाइ तथा आफूलाई उपलब्ध अन्य कुनै भरपर्दो सूचनालाई ध्यानमा राखेर, समितिले छानविन गर्न र अविलम्ब समितिलाई सो सम्वन्धमा जानकारी गराउन आफ्नो एक वा एकभन्दा बढी सदस्यहरुलाई खटाउन सक्नेछ। आवश्यक भएमा र सम्वन्धित पक्ष राष्ट्रको सहमतिमा त्यस्तो छानविन अन्तर्गत सो पक्ष राष्ट्रको इलाकामा भ्रमण गर्ने कुरा समेत पर्न सक्नेछ।

३ .त्यस्तो छानविनका ठहरहरु परीक्षण गरेपछि समितिले टिप्पणी र सिफारिसहरु समेत संलग्न गरी त्यस्ता ठहरहरु सहित सम्वन्धित पक्ष राष्ट्रलाई पठाउने छ।

४ .समितिले पठाएका त्यस्ता ठहर, टिप्पणी र सिफारिसहरु प्राप्त गरेको छ महिनाभित्र सम्वन्धित पक्ष राष्ट्रले आफ्नो भनाइ समिति समक्ष पेश गर्नु पर्नेछ ।

५ .त्यस्तो छानविन गोप्य ढंगमा संचालन गरीने छ तथा कारवाहीका सम्पूणृ चरणहरुमा पक्ष राष्ट्रको सहयोग खोजिने छ ।

**धारा – ७**

१ .समितिले प्सतुत प्रोटोकलको धारा ६ अन्तर्गत संचालन गरीएको छानविनको जवाफमा सम्वन्धित पक्ष राष्ट्रले अवलम्बन गरेका उपायहरुको विवरण महासन्धिको धारा ३५ अन्तर्गतको आफ्नो प्रतिवेदनमा समावेश गर्नका लागि आब्हान गर्न सक्नेछ ।

२ .धारा ६.४ मा उल्लिखित छ महिनाको अवधि समाप्त भएपछि आवश्यक भएमा समितिले सम्वन्धित पक्ष राष्ट्रलाई त्यस्तो छानविनको जवाफमा अवलम्बन गरीएका उपायहरु बारे आफूलाई जानकारी गराउन आब्हान गर्न सक्नेछ ।

**धारा – ८**

प्रत्येक पक्ष राष्ट्रले प्रसतुत प्रोटोकलमा हस्ताक्षर वा अनुमोदन गर्दाको बखतमा वा त्यसमा सम्मिलन गर्दा

धारा ६ र ७ मा व्यवसथा भए बमोजिमको समितिको सक्षमता आफूले स्वीकार नगर्ने भनि घोषण गर्न सक्नेछ ।

**धारा – ९**

संयुक्त राष्ट्र संघका महासचिब प्रस्तुत प्रोटोकलको अभिलेख अधिकारी हुनेछन् ।

**धारा – १०**

प्रस्तुत प्रोटोकल महासन्धिको हस्ताक्षरकारी राष्ट्र तथा क्षेत्रीय एकीकृत संगठनबाट हस्ताक्षरका लागि ३० मार्च २००७ देखि न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा खुल्ला हुनेछ ।

**धारा – ११**

प्रस्तुत प्रोटोकल महासन्धिको अनुमोदन वा सम्मिलन गरेका हस्ताक्षरकारी राष्ट्रहरुबाट हस्ताक्षर हुनु पर्नेछ । प्रस्तुत प्रोटोकल महासन्धिबाट औपचारिक रुपमा पुष्टि गरेका वा त्यसमा सम्मिलित भएका हस्ताक्षरकारी क्षेत्रीय एकीकृत संगठनबाट औपचारिक पुष्टि हुनु पर्नेछ । महासन्धि अनुमोदन गरेको,

औपचारिक रुपमा पुष्टि वा सम्मिलन गरेको र प्रस्तुत प्रोटोकलमा हस्ताक्षर नगरेको कुनै पनि राष्ट्र वा क्षेत्रीय एकीकृत संगठनबाट सम्मिलन हुनको लागि प्रस्तुत प्रोटोकल खुल्ला रहनेछ ।

**धारा – १२**

१ ."क्षेत्रीय एकीकृत संगठन" भन्नाले कुनै निश्चित क्षेत्रका सार्वभौम राष्ट्रहरुले महासन्धि र प्रस्तुत र प्रोटोकलले निर्देशित गर्ने विषयहरुका सम्वन्धमा त्यस्तो संगठनका सदस्य राष्ट्रहरुले आफ्नो सक्षमता हस्तान्तरण गरी गठन गरेको कुनै संगठन सम्झनु पर्छ । त्यस्ता संगठनहरुले तिनीहरुको औपचारिक पुष्टि वा सम्मेलनको लिखतमा महासन्धि र प्रस्तुत प्रोटोकलले निर्देशित गरेका विषयहरुको सम्वन्धमा आफ्नो सक्षमताको सीमाको घोषण गर्दछन् । आफ्नो सक्षमताको सीमामा कुनै आधारभूत परिवर्तन भएपछि त्यस्ता संगठनहरुले अभिलेख अधिकारीलाई जानकारी गराउनु पर्नेछ । २ .प्रस्तुत प्रोटोकलका "पक्ष राष्ट्रहरु" भन्ने सन्दर्भ आफ्नो सक्षमताको सीमाभित्र त्यस्ता संगठनहरुका हकमा समेत लागू हुनेछ ।

३ .धारा १३ को प्रकरण १ र धारा १५ को प्रकरण २ को प्रयोजनको लागि क्षेत्रीय एकीकृत संगठनले दाखिल गरेको कुनै पनि लिखतको गणना गरीने छैन । ४ .आफ्नो सक्षमताभित्र रहेका विषयहरुमा क्षेत्रीय एकीकृत संगठनहरुले पक्ष राष्ट्रहरुको सम्मेलनमा प्रस्तुत प्रोटोकलको पक्ष भएका आफ्नो सदस्य राष्ट्रहरुको संख्या बराबरको मताधिकार प्रयोग गर्न सक्नेछन् । कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गरेमा त्यस्तो संगठनले आफ्नो मताधिकार प्रयोग गर्न पाउने छैन वा त्यस्तो संगठनले आफ्नो मताधिकार प्रयोग गरेमा कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गर्न पाउने छैन ।

**धारा – १३**

१ .महासन्धि लागू भएको कुराको अधिनमा रहि, अनुमोदन वा सम्मिलनको दशौं लिखत दाखिल गरेको तीसौं दिन देखि प्रस्तुत प्रोटोकल लागू हुनेछ ।

२ .दश वटा लिखतहरु दाखिल भए पछि अनुमोदन गर्ने, औपचारिक रुपमा पुष्टि गर्ने वा सम्मिलन गर्ने प्रत्येक राष्ट्र वा क्षेत्रीय एकीकृत संगठनको हकमा यो प्रोटोकल त्यस्तो दस्तावेज दाखिला गरेको तीसौं दिन देखि लागू हुनेछ ।

**धारा – १४**

१ .प्रस्तुत प्रोटोकलको उद्देश्य र प्रयोजनसंग मेल नखाने आरक्षण राख्न पाइने छैन ।

२ .जुनसुकै समयमा पनि आरक्षणहरु फिर्ता लिन सकिनेछ ।

**धारा – १५**

१ .कुनै पनि पक्ष राष्ट्रले प्रस्तुत प्रोटोकलमा संशोधन प्रस्ताव गर्न र संयुक्त राष्ट्रसंघका महासचिब समक्ष सो प्रस्ताव पेश गर्न सक्नेछ । त्यसपछि, महासचिबले त्यस्तो प्रस्तावमा विचार वा निर्णय गर्नका लागि उनीहरु पक्ष राष्ट्रहरुको सम्मेलनको पक्षमा भए वा नभएको कुरा उनीलाई सूचित गर्ने अनुरोध सहित प्रस्तावित संशोधनहरु पक्ष राष्ट्रहरुलाई पठाउनेछन् । त्यस्तो सम्मेलनको जानकारी दिएको चार महिनाभित्र कम्तीमा एक तिहाइ पक्ष राष्ट्रहरुले त्यस्तो सम्मेलनको पक्षमा भएको

अवस्थामा महासचिबले संयुक्त राष्ट्रसंघको तत्वावधानमा सम्मेलन बोलाउने छन् । महासचिबले पक्ष राष्ट्रहरुको दुई तिहाई बहुमतबाट पारित भएको कुनै पनि संशोधन महासभामा अनुमोदनका लागि पेश गर्ने र तत्पश्चात् सबै पक्ष राष्ट्रहरु समक्ष स्वीकृतिका लागि पेश गर्नेछन् ।

२ .यस धाराको प्रकरण १ अनुसार ग्रहण र स्वीकृति गरीएको संशोधन ग्रहण गरेको मितिमा कायम रहेका पक्ष राष्ट्रहरु मध्ये स्वीकृतिको लिखत दाखिला गर्नेको संख्या दुई तिहाइ पुगेको मितिले तीसौं दिनदेखि सो संशोधन लागू हुनेछ । त्यसपछि सो संशोधन कुनै पक्ष राष्ट्रले स्वीकृतिको लिखित दाखिला गरेको मितिले तीसौं दिनेदेखि सो राष्ट्रको हकमा लागू हुनेछ । स्वीकृति गरेको राष्ट्रको हकमा मात्रै संशोधन बाध्यात्मक हुनेछ ।

**धारा – १६**

संयुक्त राष्ट्रसंघका महासचिबलाई लिखित सूचना दिएर कुनै पनि पक्ष राष्ट्रले प्रस्तुत प्रोटोकललाई परित्याग गर्न सक्नेछ । महासचिबले सूचना प्राप्त गरेको मितिले एक वर्ष पछि परित्याग प्रभावकारी हुनेछ ।

**धारा – १७**

प्रस्तुत प्रोटोकलको पाठ पहुँचयोग्य स्वरुपमा उपलब्ध गराइनेछ ।

**धारा – १८**

प्रस्ततु प्रोटोकलको अरवी, चिनीयाँ, अंग्रेजी, फ्रान्सेली, रसियाली ता स्पेनेली भाषाका पाठहरु समान रुपमा प्रामाणिक हुन्छन् । जसको प्रमाण स्वरुप, सम्वन्धित सरकारहरुबाट पूर्ण अख्तियार पाएका देहायका हस्ताक्षरकारी अधिकार सम्पन्न प्रतिनिधिहरुले प्रसतुत प्रोटोकलमा हस्ताक्षर गरेका छन् ।

*अन्य महासन्धीहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि भएका व्यवस्थाहरू*

**स्थानीय तह/ सरकार**

- "स्थानीय तह" भन्नाले यस संविधान बमोजिम स्थापना हुने **गाउँपालिका, नगरपालिका** र **जिल्ला सभालाई** संम्झनु पर्दछ। **धारा ३०६(१)ढ**
- संविधान अनुसार यसै संरचनालाई नै हामी स्थानिय सरकार भन्दछौ।
- संविधानले नै अधिकार दिएको हुदा स्थानिय तहले स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा **विधायिकी, कार्यकारिणी र न्यायिक** अभ्यासलाई संस्थागत गर्दछ।

**वार्षिक योजना तथा वजेट तर्जुमाका आधारहरु**

- योजना बनाउँदा नेपाल सरकार र प्रेदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रृयासँग अनुकूल हुने गरी **सुसासन, वातावरण, बालमैत्रि, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशिकरण** जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्छ।
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय **अनुभवी, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक** लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नु
- समन्वयमा कार्य गर्नु पर्ने : (१) **गैरसरकारी सङ्घ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायीक सङ्घ संस्थाले स्थानीय** तहसँगको समन्वयमा रही कार्य गर्नु पर्छ
- वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका **महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति लगायतका समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी योजना बनाउने** तथा काम गर्ने,

**योजना तथा बिकास कार्यका लागि विषयगत क्षेत्र छुट्याउने**

- आर्थिक विकास
- सामाजिक विकास
- पूर्वाधार विकास
- वन, वातावरण तथा विपद् व्यवस्थापन
- सुशासन तथा संस्थागत विकास

**बजेट निर्माणका चरणहरु**

**पहिलो चरण : बजेटको पूर्व तयारी**

- पुष मसान्तभित्रै आयव्ययको प्रक्षेपण गरी चैत मसान्तभित्र स्थानीय तहले संघ र प्रदेशबाट बजेटको सीमा कार्यक्रम मार्गदर्शन प्राप्ति
- बजेट निर्माणका चरणहरु

**दोस्रो चरण : स्रोत अनुगमन तथा बजेट सीमा निर्धारण**

यो चरण चैत्र १५ गतेसम्म बजेटको सीमा निर्धारण गर्ने गरिन्छ। यो सिमा निर्धारण गर्न दुईवटा समिति बनाउने गरिन्छ

१. स्थानीय राजस्व परामर्श समिति स्थानीय तहको उप–प्रमुखको संयोजकत्वमा रहन्छ।

राजस्व परामर्श समितिले आफ्नो स्थानीय सरकारले लगाउने करको दर र दायराहरू तोक्ने गर्छ । कति राजस्व संकलन हुन सक्छ भनेर प्रक्षेपण गर्छ। यो चरण चैत्र १५ गतेसम्म बजेटको सीमा निर्धारण गर्ने गरिन्छ। यो सिमा निर्धारण गर्न दुईवटा समिति बनाउने गरिन्छ

२. स्रोत अनुमान तथा बजेटको सीमा निर्धारण गर्ने समिति जुन प्रमुखको संयोजकत्वमा हुने गर्दछ। यो समितिले आगामी वर्ष स्थानीय सरकारलाई प्राप्त हुने आन्तरिक आय र राजस्वबाट प्राप्त हुने रकम, नेपाल सरकार अथवा प्रदेश सरकारबाट प्राप्त हुने रकम सबैको अनुमान गर्छ। कति प्राप्त गर्न सकिन्छ भन्ने अनुमान गरेर बजेटको अंक निर्धारण हुन्छ। त्यसको आधारमा कुन–कुन क्षेत्रमा कति–कति बजेट विनियोजन गर्ने भन्नेमा यो समितिले काम गर्छ।

**तेस्रो चरण : बस्ती तहका योजना छनौट**

सहभागिता मूलक तरिकाले बस्तीमा रहेका सम्पूर्ण समुदायको उपस्थिति गराउने र प्राथमिकताको आधारमा बस्तीस्तरका योजनाहरू छनौट गरेर लिनु पर्छ। यो काम वैशाख मसान्त सम्ममा गरिसक्नु पर्ने हुन्छ।

**(बैशाख देखी जेष्ठ सम्म सम्पन्न गरिसक्नु पर्ने )**

**चौथो चरण : वडा तहमा योजना छनौट तथा प्राथमिकिकरण**

वडा तहको योजना छनौटका लागि पनि प्राथमिक करणको आधारमा योजना छनौट गरेर बजेटको खाका बनाएर, विषय क्षेत्र पनि छुटाएर आफ्नो कार्यपालिकामा पठाउनुपर्ने हुन्छ।

**(जेठ असार भित्र)**

**पाँचौ चरण : बजेट तथा कार्यक्रमको तर्जुमा**

बजेट तथा कार्यक्रमको तर्जुमा गर्नको लागि बजेट तथा कार्यक्रम तर्जुमा समिति हुन्छ। यो समितिको उपप्रमुखले संयोजन गर्नुपर्छ। विषयगत क्षेत्र हेर्ने कार्यपालिकाका सदस्यहरु पनि सदस्य हुन्छन्। प्रमुख प्रशासकीय अधिकृत र योजनाका शाखा हेर्ने शाखा प्रमुख सदस्य सचिव रहने गरी बजेट

तर्जुमा समिति छ । यो बजेट तर्जुमा समितिले आगामी वर्ष गर्ने स्थानीय तहको नीति कार्यक्रम बनाउने, त्यसैगरी बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने र अर्कोचाहिँ विषयगत, क्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाउने र अन्तिम रुप तयार गर्ने ।

**जेठ असार**

**छैटौँ चरण : गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति**

बजेट तथा कार्यक्रम गाउँ, नगर कार्यपालिकामा पेश हुन्छ र गाउँ, नगर कार्यपालिकाबाट त्यो स्वीकृत गरेर अथवा अनुमोदन गरेर गाउँ नगरसभामा प्रस्तुत गर्नुपर्ने हुन्छ ।

**असारको १० गते भित्र गाउँ, नगरसभामा पेश गर्नुपर्नेछ ।**

**सातौं चरण : गाउँ तथा नगरसभाबाट बजेट तथा कार्यक्रम स्वीकृत**

गाउँ वा नगर कार्यपालिकाबाट पेश भैसकेको बजेटलाई १५ दिन भित्र छलफल हुन्छ । छलफल भएपछि सभाबाट स्वीकृत भयो भने स्वीकृत गर्ने तर परिमार्जन गर्नुपर्ने भयो भने सभाले कार्यपालिकामा फिर्ता पनि पठाउन सक्छ । कार्यपालिकामा फिर्ता आयो भने ५ दिन भित्रमा कार्यपालिकाले परिमार्जन गर्नुपर्ने भए परिमार्जनसहित ५ दिन भित्रमा सभामा पुन पेश गर्ने र असार मसान्त भित्र स्थानीय सरकारले सभाबाट पारित गरिसक्नुपर्ने हुन्छ ।

**योजना निर्माणमा स्वावलम्बन समूहको भूमिका**

- स्थानीय तहले बनाउने नीति कार्यक्रम बजेटमा अपांगता सवाल समावेश गर्न स्थानीय स्वावलम्बन समूहको ठूलो भूमिका रहन्छ ।
- बजेट नीति तथा कार्यक्रमको छलफल प्रारम्भिक चरणको सुझाव गाउ वडाबाट नै हुने भएको हुँदा सोही समयमा आफ्ना सुझाव तथा माग पत्रका सुची तयार गरि पेश गर्नु पर्दछ ।
- वडाले स्थानीय कार्यपालिकामा बजेट कार्यक्रम पेश गर्दा आफ्नो कार्यक्रम पर्यो परेन भनि खबरदारी गर्नु पर्दछ ।
- नगरसभाको वैठकमा सहभागीहुन प्रयत्न गर्ने वा सहभागीहुने व्यक्ति मार्फत आफ्ना कुरा पुर्याउने ।
- **नियमित वकालत लवि वैठक गर्ने ।**

**अपांगतामैत्री योजना बनाउन समन्वय गर्ने पर्ने सरोकारवालाहरू**

- स्थानीय जन प्रतिनिधि
- कार्यपालिका सदस्यहरू
- गाउँ सभामा सहभागी हुने व्यक्तिहरू
- स्थानीय उपभोक्ता समूहका प्रतिनिधि

- नेतृत्वमाथि गैरसरकारी संस्थाहरू जस्तै स्थानीय अपांगता भएका व्यक्तिहरूको संस्थाहरू, गैरसरकारी महासंघ नेपाल रेडक्रम सोसाइटी विभिन्न संजालहरु आदी
- राजनीतिक दलहरू
- विषय विज्ञ पत्रकार शिक्षक
- अधिकार कर्मी

**अपांगता मैत्री योजना बनाउन स्थानीय सामुदायिक कार्यकर्ताको भूमिका**

- कसरी वकालत गर्ने भनि विभिन्न प्रशिक्षण प्रदान गरेर
- योजनाका लागी दिने सुझावहरु तयार पार्न सहयोग गरेर
- विभिन्न सरोकारवाला र स्थानीय स्वावलम्बन समूहको बैठक छलफलको आयोजना गर्न
- बजेट नीति नियम सम्बन्धी योजनाका सूचना प्रमाणहरू संकलन गरेर
- बजेट कार्यक्रम लाई कार्यान्वयन का लागी सहजि करण गरेर

**स्थानिय तहमा अपांगतामैत्री बजेट निर्माणको सफलताको कथा**

- प्रदेश १ को पाँचथर को फिदिम नगरपालिकामा त्यहाँका स्थानीय अभियन्ताहरूको वकालतले नगरपालिकामा हेल्प डेस्क स्थापना गर्न सफल भयो। हेल्प डेस्कमा कार्य गर्ने गरि मासिक तलव सहित अपांगता भएका व्यक्तिलाई नै रोजगारी प्रदान गरियो।
- संखुवासभाको खाँदवारि नगरपालिकामा रहेका अपांगता भएका व्यक्तिहरूको पहलमा स्थानीय सरकारको सहयोगमा नै संस्थाको भवन निर्माण गर्ने सफल भएको छ। उक्त जिल्लाका स्थानीय तहमा रहेका स्वावलम्बन समूहले पालिकाको बजेट निर्माण प्रक्रियामा वकालत गरि बजेट छुट्याउन लगाई आय आर्जन लगायतका कार्यक्रमहरु गर्ने गरेका छन्।
- प्रदेश ५ को तिलोत्तमा नगरपालिकामा रहेका अपांगता भएका व्यक्तिहरूको समूहले बजेट निर्माणको प्रक्रियामा वडा तह देखी वकालत गुरु गर्दै नगर सभा सम्म नियमित वकालत गरेको कारणले अपांगता भएका व्यक्तिहरूको लागी सबै वडामा बजेट समावेश गर्न सफल भयो।
- हाल तिलोत्तमा नगरपालिका आफैले पत्र पठाएर अपांगता भएका व्यक्तिहरूलाई बजेट निर्माण प्रक्रियामा सुझाव माग्ने महत्पुर्ण बैठकमा सहभागी गराउने गरेको छ।
- प्रदेश ५ को मधुवन नगरपालिकामा गठन भएको एक स्वावलम्बन समूहले आफ्नो पालिकामा नियमित वकालत गरि स्वावलम्बन समूहको कार्यालय संचालन गर्न सानो एउटा घर निर्माण गर्न सफल भयो। हाल पालिका संग समन्य गरि बिउपुँजी बितरण सहायक सामाग्री बितरण जस्ता कार्यक्रम हरु गर्दै आएको छ।

श्रोत : अपांग पुनर्थापना केन्द्र बर्दियाका पदाधिकारिबाट जानकारी

# अपांगता भएका व्यक्तिहरूलाई राज्यले दिने सेवा सुविधाहरू

**नीतिगत रूपमा अपांगता विषयमा सरोकार राख्ने निकायहरू**

**संघीयस्तरमा**

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- विषयगत अन्य मन्त्रालयहरू जस्तै, शिक्षा, स्वास्थ्य, शहरी विकाश, यातायात आदि

**प्रदेशस्तरमा**

- सामाजिक विकाश मन्त्रालय

**स्थानीय तहमा**

- सम्बन्धित गाउँपालिका तथा नगरपालिकाहरू

**अपांगता परिचय पत्र**

- सम्बन्धित गाउँपालिका वा नगरपालिका मार्फत आवश्यक प्रकृया पुराइ प्राप्त गर्न सकिन्छ । अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐनको दफा ४२ अनुसार गठित स्थानीय समन्वय समितिबाट परिचय पत्र वितरण हुन्छ ।
- हरेक स्थानीय तहमा उपमेयर वा उपाध्यक्षको अध्यक्षतामा स्थानीय समन्वय समिति गठन भएको हुन्छ र सामाजिक विकाश विभागबाट अपांगता भएका व्यक्तिहरूको सेवा तथा सुविधा प्रदान हुन्छ ।

**निःशुल्क शिक्षाको व्यवस्था**

- अपांगता भएका व्यक्तिहरूलाइ निःशुल्क शिक्षा दिने कुरा नेपालको संविधान २०७२, अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४
- सरकारी विद्यालय र क्याम्पसहरूले अपांगता भएका व्यक्तिहरूलाइ कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।
- संस्थागत तथा नीजि विद्यालयहरूले प्रदान गर्नुपर्ने १०% छात्रबृत्तिमा अपांगता भएका विद्यार्थीहरूलाइ पनि २% समेट्नु पर्ने कुरा उल्लेख छ ।

**२०६९ सालमा सर्वोच्च अदालतबाट निःशुल्क शिक्षाको सम्बन्धमा भएको फैसला भएको छ ।**

**प्राविधिक शिक्षा तथा तालिममा सहुलियत**

- नेपाल सरकारले CTEVT अन्तर्गत दिइने प्राविधिक शिक्षामा सहभागी बन्नको लागि दिइने परिक्षामा योग्यता पुगेको अपांगता भएका व्यक्तिहरूलाइ थप १० अंक प्राथमिकता सहित प्रदान गरिने व्यवस्था गरिएको ।

**शैक्षिक छात्रबृत्ति**

नेपाल सरकारबाट अपांगता भएका बालबालिकालाई निम्न अनुसारको छात्रवृत्ति प्रदान गर्ने गरिन्छ ।

- **घरबाट बिधालय जान नसक्ने अरूको सहयोग चाहिने र नियमित रूपमा आवासीय रूपमा नै बसेर पढ्न पर्ने अवस्थाका बालबालिकालाई मासिक रु ४००० का दरले मात्र १० महिनाको रु ४००००**
- **अवासिय रुपमा बस्न नपर्ने तर अरूको सहयोग लिएर बिधालय जान आउन पर्ने वालवालिकालाई मासिक रु ५०० को दरले १० महिनाको रु ५०००**
- **अरूको सहयोग नचाहने सहायक सामाग्री प्रयोग गरि आफै बिधालय जान र आउन सक्ने बालबालिकालाई मासिक रु ३०० का दरले १० महिनाको रु ३०००**
- **सामान्य अपांगता बिधालय प्रोत्साहन छात्रवृत्तिको रूपमा मासिक रु १०० का दरले १० महिनाको रु १०००**
  - **परिक्षामा थप समय उपलब्ध गराइने**
  - **लेखनमा समस्या भएका, ढिलो लेख्न, लेखन सहयोगी राख्नु पर्ने अपांगता भएका विद्यार्थीहरूलाइ ६० मिनेट सम्म समय थप ।**
  - **परिक्षामा समावेश हुन चाहने अपांगता भएका व्यक्तिहरूले आफूलाइ थप समयको आवश्यकता भएको कारण स्पष्ट खुलाइ आफ्नो अपांगता परिचय पत्र सहित आफूले अध्ययन गरिरहेको विद्यालयमा अग्रीम रूपमा आवेदन गरी यो सुविधा हासिल गर्न सक्छन ।**

**निःशुल्क स्वास्थ्योपचारको व्यवस्था**

- स्वास्थ्य मन्त्रालयले जारी गरेको अपांगता व्यवस्थापन निति, रणनीति तथा १० बर्षे कार्ययोजना अनुसार निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरेको छ ।
- यो सुविधा नेपाल सरकारले गरेको अपांगताको परिभाषा भित्र पर्ने आउने सबै प्रकारका अपांगता भएका व्यक्तिहरूले उपभोग गर्न पाउँछन ।
- नेपाल भरका सरकारी अस्पतालहरूबाट यो सुविधा उपलब्ध गराइन्छ ।
- सुविधा लनि चाहने अपांगता भएको व्यक्तिल आफ्नो अपांगता परिचयपत्र अस्पतालको सम्बन्धित निकायमा देखाइ निःशुल्क स्वासथ्य परिक्षण वा उपचारको लागि अनुमति प्राप्त गर्नु पर्छ ।
- सुस्वास्थ्य व्यवस्थापन ऐन २०६४ को दफा ४५ बमोजिम नेपाल सरकारबाट स्वीकृत स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति सम्बन्धी निर्देशिका २०७० अनुसार निजी अस्पताल तथा नर्सिङ होमहरूले सम्पूर्ण बेड संख्याको १० प्रतिशत गरिब बिपन्न असहायलाइ निःशुल्क स्वास्थ्य उपलब्ध गराउनु पर्ने र अपांगता भएका व्यक्तिलाइ प्राथमिकता दिनु पर्ने प्रावधान छ ।

**निजामती सेवामा आरक्षणको व्यवस्था**

- लोकसेवा आयोगले लिने हरेको परिक्षाको ४५ % प्रतिशतलाइ १००% मानी उक्त १००% को ५% कोटा अपांगता भएका व्यक्तिहरूको लागि छुट्याइएको छ ।
- समावेशी तर्फ आरक्षण गरिएको कोटा मध्ये अपांगता भएका व्यक्तिहरूको लागि छुट्याइएको कोटामा आफूले चाहेको पदमा समावेशीको लागि तयार गरिएको छुट्टै आवेदन फारम तोकिएको आवश्यक प्रकृया पुरयाइ भर्ने र अपांगता परिचयपत्रको प्रतिलिपि सहित पेश गर्ने ।
- परिक्षामा प्रतिस्पर्धा गराउँदा निश्चित वर्गको लागि आरक्षण कोटामा सोहि वर्गका उम्मेदबारहरूलाइ मात्र प्रतिस्पर्धा गराइन्छ ।
- यो व्यवस्था लोकसेवा आयोगको अतिरिक्त अन्य सरकारी संस्थान, समिति, प्रतिष्ठान, आयोगले पनि लागू गरेका छन ।

**आयकरमा सहुलियत**

नेपाल सरकारले हरेक साल बजेट बक्तब्य मार्फत अपांगता भएका व्यक्तिहरूको हकमा आयकर लाग्ने बार्षिक आम्दानीको दायरालाइ अन्य व्यक्तिको तुलनामा ५० प्रतिशतले फराकिलो बनाएको छ ।

**हवाई यातायातमा ५०% भाडा छुट**

- अपांगता भएका व्यक्तिहरूले देशभित्र गरिने सम्पूर्ण नीजि तथा सरकारी हवाइ उडानहरूमा भाडामा ५०% छुट प्राप्त गर्ने छन ।
- यो सुविधा लिनको लागि सुविधा लिने व्यक्तिसँग अपांगता परिचयपत्र हुनु अनिवार्य छ ।
- आफूले सेवा लिन चाहेको हवाइ टिकट सम्बन्धित कम्पनीको विक्रिकक्षमा अनुरोध गरेमा प्राप्त गर्न सकिनेछ ।

**सार्वजनिक यातायातमा ५०% भाडा छुट**

- यो सुविधा हरेक लामो तथा छोटो दुरीका सार्वजनिक भाडाका सवारी साधनहरू सञ्चालन गर्ने व्यवसायीक संस्थाहरूले प्रदान गर्छन ।
- यो सुविधा प्राप्त गर्नको लागि सार्वजनिक सवारी साधनहरूमा यात्रा गर्दा वा यात्रा गर्नको लागि टिकट काउन्टरबाट यात्राको टिकट खरिद गर्दा आफूसँग अपांगता परिचयपत्र देखाएर यो सुविधाको उपयोग गर्न सकिन्छ ।

**सार्वजनिक यातायातमा सीट आरक्षणको व्यवस्था**

- यो सुविधा नेपाल सरकारले गरेको अपांगता परिभाषा तथा वर्गीकरण अन्तगर्त पर्ने शारीरिक रूपमा अशक्त, हिँड्न वा गाडी भित्र उभिन गारो र जोखिमपूर्ण हुने अवस्थाका अपांगता भएका व्यक्तिहरूले यो सुविधा प्राप्त गर्नेछन ।
- १५ भन्दा कम सीट संख्या भएको सार्वजनिक सवारी साधनमा १ जना र १५ जना भन्दा बढी सीट क्षमताको सवारी साधनमा २ सीट अपांगता भएका व्यक्तिको लागि आरक्षित गरिएको हुन्छ । सवारी साधनमा आरक्षित गरिएको सीटको ठिक माथि "अपांगहरूको लागि आरक्षित" भनेर लेखिएको हुन्छ ।

**चारपाङ्ग्रे स्कुटरमा भन्सार र करहरू छुट**

- चारपाङ्ग्रे स्कूटर प्रयोग गर्ने शारीरिक अपांगता भएका व्यक्तिहरूले स्कुटर खरिद गर्न चाहेमा भन्सार सहित सम्पूर्ण करहरू छुट हुन्छ ।
- स्कूटर खरिद गर्न चाहने व्यक्तिले आफ्नो अस्थायी वा स्थायी बसोबास रहेको जिल्ला प्रशासन कार्यालयमा गइ निवेदन दिएर पायक पर्ने भन्सार कार्यालयमा सिफारिस गर्न लगाउने छन ।
- यस्ता स्कूटरहरूको बार्षिक करहरूसमेत छुट हुन्छन

**सहायक सामाग्रीहरूमा भन्सार छुट ।**

- अपांगता भएका व्यक्तिहरूले प्रयोग गर्नु पर्ने सहायक सामाग्री विदेशबाट आयात गर्दा भन्सार र अन्य करहरू निःशुल्क हुने व्यवस्था छ ।
- भन्सार छुट हुने सामाग्रीहरू निम्नलिखित छन जस्तैः
- ह्वीलचियर, विद्युतीय ह्वीलचियर, बैशाखी, सेतो छडी, क्रचेस, वाकर, कृतिम हात खुट्टा श्रवण यन्त्र आदि रहेका छन ।
- त्यस्ता सामाग्रीहरू कुन कुनमा छुट छ भन्ने कुरा भन्सार कार्यलायहरूबाट जानकारी लिन सकिन्छ ।

**सामाजिक सुरक्षा भत्ता**

- नेपाल सरकारले वर्गीकरण गरेको ४ तह मध्ये क र ख तहका रातो र निलो परिचयपत्र प्राप्त गरेका अपांगता भएका व्यक्तिहरूले मासिक रूपमा भत्ता प्राप्त गर्छन ।
- रातो परिचयपत्र वालाले मासिक ३००० प्राप्त गर्दछन । ३३ प्रतिशत बृद्धि ३९९०
- नीलो परिचय पत्र प्राप्त गर्ने अपांगता भएको व्यक्तिले मासिक १६०० ३३ प्रतिशत बृद्धि २१२८ रुपैंया प्राप्त गर्दछन् । मेरुदंण्ड चोटपटक ५०००
- भत्ता लिनको लागि स्थानीय तह वा वडा कार्यालयमा निवेदन दिनु पर्ने छ

**अन्य सेवा तथा सुविधाहरूमा प्राथमिकता**

सरकारले प्रदान गर्ने अन्य सेवा तथा सुविधाहरूमा अपांगता भएका व्यक्तिहरूलाइ प्राथमिकता दिने भनिएको छ। जस्तै,

- सरकारबाट सञ्चालित स्वास्थ्य बीमा
- दैवीप्रकोपहरूमा राहतमा प्राथमिकता
- भूकम्प पछिको पुनर्निर्माणमा प्राथमिकता
- अन्य भवितव्यहरूका राहत दिँदा प्राथमिकता

# ०७२ को संविधानमा अपाङ्गता भएका व्यक्तिहरूका लागि के छ त

**मौलिक हक**

**धारा १८ : समानताको हक-** सामान्य कानुनको प्रयोगमा ......अपाङ्गताको आधारमा विभेद गरिनेछैन ।
उपधारा ३ : तर समाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, अपाङ्गता भएका व्यक्ति, ........लगायतका नागरिकको संरक्षण, शसक्तिकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिनेछैन ।

**धारा २४ : छुवाछुत तथा भेदभाव विरूद्धको हक**
उपधारा ३ : ......शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा निच दर्शाउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्न वा जातीय विभेदलाई कुनैपनि किसिमले प्रोत्साहन गर्न पाइनेछैन ।
**उपधारा ३ :** यसरी भेदभाव गरिए दण्ड र क्षतिपुर्तिको हक हुनेछ ।

**धारा ३१: शिक्षा सम्बन्धी हक**
**उपधारा ३: अपाङ्गता भएका** र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
**उपधारा ४: दृष्टिविहीन नागरिकलाई** ब्रेल लिपी तथा बहिरा र स्वर वा वोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ ।

**धारा ३९: बालबालिकाको हक**
**उपधारा ९:** असाहाय, अनाथ, **अपाङ्गता भएका, द्वन्द्व पिडित,** विस्थापित एमव जोखिममा रहेका बालबालिकालाई राज्यबाट संरक्षण र सुविधा पाउने हक हुनेछ ।

**धारा ४२ : सामाजिक न्यायको हक**
**उपधारा १:**सामाजिक रूपले पछाडी परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाती, मधेशी, थारू, अल्पसंख्यक, **अपाङ्गता भएका व्यक्ति,** सिमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पिडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्दान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

**उपधारा ३:अपाङ्गता भएका नागरिकलाई** विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।
**उपधारा ५ :** नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जनआन्दोलन, शसस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, **द्वन्द्व पिडित** र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पिडितहरूलाई न्याय एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।

**धारा ४३: सामाजिक सुरक्षाको हक**
आर्थिक रूपले विपन्न, **अशक्त र** असाहाय अवस्थामा रहेका, असाहाय एकल महिला, **अपाङ्गता भएका,** बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

**धारा ८४ : प्रतिनिधिसभाको गठन**
**उपधारा २:** समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनैतिक दलले उम्मेद्वारी दिँदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानूनबमोजिम हुनेछ । त्यसरी उम्मेद्वारी दिँदा प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ ।
**उपधारा ३ :** उपधारा २ बमोजिम राजनैतिक दलले उम्मेद्वारी दिँदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्नेछ ।

**धारा ८६ राष्ट्रिय सभाको गठन**
**उपधारा २:** राष्ट्रिय सभामा देहायबमोजिमका उनान्साठि सदस्य रहनेछन्
क) प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा संघीय कानून बमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखकको मतको भार फरक हुनेगरि प्रत्येक प्रदेशबाट कम्तिमा तीनजना महिला, एकजना दलित र **एकजना अपाङ्गता भएका व्यक्ति** वा अल्पसंख्यक सहित आठजना गरि निर्वाचित ५६ जना ।

**धारा १७६ प्रदेश सभाको गठन**

**उपधारा ६ :** समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनैतिक दलले उम्मेद्वारी दिँदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानूनबमोजिम हुनेछ । त्यसरी उम्मेद्वारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ ।

**उपधारा ७ :** उपधारा ६ बमोजिम राजनैतिक दलले उम्मेद्वारी दिँदा **अपाङ्गता भएका व्यक्तिको** समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्नेछ ।

**धारा २५८ : राष्ट्रिय समावेशी आयोग**

**उपधारा ६ :** देहायको योग्यता भएको व्यक्ति राष्ट्रिय समावेशी आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्ति हुन योग्य हुनेछ ।

क) कम्तिमा १० वर्ष सामाजिक समावेशीकरण, **अपाङ्गता भएका व्यक्ति,** अल्पसंख्यक एमव सिमान्तकृत समुदाय तथा पिछडीएको क्षेत्र र वर्गको हक हित वा विसका वा मानवअधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएको ।

ख) अध्यक्षको हकमा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको

ग) पैँतालिस वर्ष पुरा गरेको

घ) नियुक्ति हुँदाको वखत कुनै पनि राजनैतिक दलको सदस्य नरहेको

ङ) उच्च नैतिक चरित्र भएको

**धारा २५९ : राष्ट्रिय समावेशी आयोगको काम कर्तव्य र अधिकार**

खस आर्य, पिछडा वर्ग, **अपाङ्गता भएका व्यक्ति,** ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्ग लगाएतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन अनुसन्धान गर्ने ।

खण्ड (क) मा उल्लेखित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानुनको कार्यान्वियनको अवस्थाको अध्ययन गरि सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने ।

**अपांगता भएका व्यक्तिको अधिकार ऐन २०७४ मा भएका केही अधिकारहरु**

**परिभाषामा : थप हेमोफेलिया, अटिज्म र मानोसामाजिक ।**

- झुठा विवरण दिई परिचयपत्र प्रदान गर्न नहुने ।
- अपांगता भएका व्यक्तिको अभिलेख राख्नु पर्ने ।
- भेदभाव बिरुद्धको अधिकार ।
- सामुदायिक जीवनको अधिकार ।

- संरक्षकको अधिकार ।
- सेवा सुविधा र न्यायमा पहुँच

**अपांगता भएका व्यक्तिको अधिकार ऐन २०७२ मा भएका केही अधिकारहरु**

- अपांगता भएका महिलाको अधिकार
- निशुल्क शिक्षा
- रोजगारीको अधिकार रोजगारी संरक्षणको अधिकार
- निशुल्क शिक्षा
- पुनर्थापना
- बिमा अनुसन्धान
- निर्देशक समिति, प्रदेश समिति समन्वय समिति
- संरक्षक वा परिवारको दायित्व
- सजाय

# भाग ३

## नेपाल सरकार

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको

## सूचना

## अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "परिचयपत्र" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई दिइने नियम ५ बमोजिमको अपाङ्गता परिचयपत्र सम्झनु पर्छ ।

(ग) "विपन्न" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको आयभन्दा कम आय भएका व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(घ) "सहायक सामग्री" भन्नाले अपाङ्गता भएका व्यक्तिले दैनिक जीवनमा प्रयोग गर्ने सामग्री वा उपकरण वा प्रविधि सम्झनु पर्छ ।

(ङ) "सामुदायिक सहायता सेवा" भन्नाले समुदाय स्तरमा पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको दैनिक जीवन सञ्चालन, सहभागिता तथा गमनशीलतालाई सहज बनाउन उपलब्ध गराइने व्यक्तिगत सहयोगी सेवा, साङ्केतिक भाषाका दोभाषे, स्पर्श साङ्केतिक भाषा, नोट टेकर, फिङ्गर ब्रेल दोभाषे जस्ता मानवीय सहायता, प्रविधि तथा अन्य सेवा सम्झनु पर्छ ।

## परिच्छेद–२

## अपाङ्गताको वर्गीकरण, परिचयपत्र तथा अभिलेख

३. **अपाङ्गताको वर्गीकरण सिफारिस समिति** : (१) ऐनको दफा ३ को उपदफा (२) बमोजिम अपाङ्गताको वर्गीकरणमा आवश्यक हेरफेर गर्नका लागि मन्त्रालयमा सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयको सचिवले तोकेको महाशाखा प्रमुख | - संयोजक |
| (ख) | प्रतिनिधि, स्वास्थ्य सेवा विभाग | - सदस्य |
| (ग) | मन्त्रालयले तोकेको एक जना विशेषज्ञ चिकित्सक | - सदस्य |
| (घ) | अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल | - सदस्य |
| (ङ) | अध्यक्ष, राष्ट्रिय बहिरा महासङ्घ नेपाल | - सदस्य |
| (च) | अध्यक्ष, बौद्धिक अपाङ्ग अभिभावक महासङ्घ | - सदस्य |
| (छ) | मन्त्रालयको अपाङ्गता सम्बन्धी विषय हेर्ने शाखाको प्रमुख | सदस्य-सचिव |

(२) उपनियम (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिले सम्बद्ध अन्तर्राष्ट्रिय मापदण्ड तथा अभ्यास समेतको आधारमा अपाङ्गताको वर्गीकरणमा हेरफेर गर्नको लागि मन्त्रालयमा सिफारिस गर्नेछ ।

(४) उपनियम (१) बमोजिमको समितिले आफ्नो बैठक सम्बन्धी कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

४. **<u>निवेदन दिनु पर्ने</u>:** (१) ऐनको दफा ४ बमोजिम परिचयपत्र प्राप्त गर्न अपाङ्गता भएका व्यक्ति वा निजको परिवारको कुनै सदस्य वा संरक्षकले अनुसूची-१ बमोजिमको ढाँचामा आफ्नो स्थायी ठेगाना रहेको स्थानीय तहमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी ठेगाना रहेको स्थानीय तहमा बसोबास नगर्ने र

शारीरिक वा मानसिक अवस्थाको कारणले आफ्नो स्थायी ठेगाना रहेको स्थानीय तहमा गई परिचयपत्र प्राप्त गर्न असमर्थ व्यक्तिले अस्थायी रुपमा बसोबास गर्दै आएको स्थानीय तहमा निवेदन दिन सक्नेछ।

५. **परिचयपत्र प्रदान गर्ने** : (१) नियम ४ को उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर स्थानीय तहले ऐनको दफा ४ बमोजिम जाँचबुझ गरी अनुसूची-२ बमोजिमको ढाँचामा परिचयपत्र दिनु पर्नेछ ।

(२) नियम ४ को उपनियम (२) बमोजिम पर्न आएको निवेदन उपर जाँचबुझ गर्दा निवेदनमा उल्लिखित कारण परी स्थायी ठेगाना भएको स्थानीय तहमा निवेदन दिन नसक्ने मनासिब कारण भएको पाइएमा त्यस्तो स्थानीय तहले निवेदकको स्थायी ठेगाना रहेको स्थानीय तहसँग निजले परिचयपत्र लिए वा नलिएको सम्बन्धमा जानकारी माग गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जानकारी माग गर्दा निवेदकले स्थायी ठेगाना रहेको स्थानीय तहबाट परिचयपत्र नलिएको व्यहोरा यकिन हुन आएमा निवेदक अस्थायी रुपमा बसोबास गर्दै आएको स्थानीय तहले निजको स्थायी ठेगाना खुलाई निजलाई परिचयपत्र प्रदान गरी सोको जानकारी निवेदकको स्थायी ठेगाना भएको स्थानीय तहलाई गराउनु पर्नेछ ।

(४) यस नियम बमोजिम स्थानीय तहले परिचयपत्र दिँदा देहाय बमोजिमको अपाङ्गताको आधारमा देहाय बमोजिमको रङ्गको परिचयपत्र दिनु पर्नेछ :-

(क) पूर्ण अशक्त अपाङ्गताको लागि रातो,

(ख) अति अशक्त अपाङ्गताको लागि निलो,

(ग) मध्यम अपाङ्गताको लागि पहेंलो,

(घ) सामान्य अपाङ्गताको लागि सेतो ।

६. **उजुरी दिन सक्ने** : (१) ऐनको दफा ४ को उपदफा (७) बमोजिम सम्बन्धित स्थानीय तहले परिचयपत्र दिन नमिल्ने भनी गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले अनुसूची-३ बमोजिमको ढाँचामा सोझै वा सम्बन्धित स्थानीय तह मार्फत मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारी समक्ष उजुरी दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको उजुरी स्थानीय तहले तीन दिनभित्र मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारी समक्ष पठाउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम प्राप्त उजुरी उपर मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले आवश्यक छानबिन गरी तीस दिनभित्र निर्णय गरी सोको जानकारी सम्बन्धित स्थानीय तह र उजूरीकर्तालाई दिनु पर्नेछ ।

७. **अपाङ्गता भएका व्यक्तिको अभिलेख** : (१) ऐनको दफा ६ बमोजिम स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको अभिलेख राख्दा अनुसूची-४ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार गरेको अभिलेख सहितको विवरण स्थानीय तहले मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त अभिलेख सहितको विवरणको आधारमा मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको सम्पूर्ण विवरण खुल्ने गरी एकीकृत राष्ट्रिय अभिलेख तयार गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम तयार गरेको राष्ट्रिय अभिलेखको सङ्कलन, संरक्षण, विश्लेषण तथा प्रशोधनको लागि मन्त्रालयले पहुँचयुक्त विद्युतीय प्रणालीको विकास गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिमको प्रणालीको विकास गर्दा सम्बन्धित मन्त्रालयले र स्थानीय तहले समेत अनलाईनको माध्यमबाट अपाङ्गता सम्बन्धी विवरण अद्यावधिक गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(६) उपनियम (३) बमोजिम तयार गरेको एकीकृत राष्ट्रिय अभिलेखको विवरण मन्त्रालयले आफ्नो वेबसाइटमा राख्नुका साथै अन्य विद्युतीय माध्यमबाट समेत सार्वजनिक गर्नु पर्नेछ।

तर प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने व्यक्तिको गोपनीयतासँग सम्बन्धित विवरण सार्वजनिक गर्न मन्त्रालय बाध्य हुने छैन ।

(७) नेपाल सरकारको केन्द्रीय निकायले राष्ट्रिय जनगणना गर्दा यस नियमावली बमोजिम राखिएको एकीकृत राष्ट्रिय अभिलेख समेतलाई आधार लिन सक्नेछ ।

## परिच्छेद-३

## सेवा तथा सुविधा सम्बन्धी

८. **सहायक सामग्री उपलब्ध गराउने** : (१) नेपाल सरकारले अपाङ्गताको प्रकृति र अवस्था बमोजिम अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने अनुसूची-५ बमोजिमका सहायक सामग्री उपयुक्त प्राविधिक नापजाँच गरी निःशुल्क रुपमा उपलब्ध गराउनेछ।

(२) उपनियम (१) बमोजिमका सामग्री अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तहबाट सहज र सरल तरिकाले उपलब्ध गराउन नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउनेछ।

९. **सामुदायिक सहायता सेवा** : (१) पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई त्यस्ता व्यक्तिको आवश्यकता अनुसार देहाय बमोजिमका सामुदायिक सहायता सेवा उपलब्धताको आधारमा नि: शुल्क रुपमा उपलब्ध गराइनेछ :-

(क) व्यक्तिगत सहयोगी सेवा : पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत आवश्यकता अनुसारका सहयोगी सेवा,

(ख) दैनिक हेरचाह तथा स्याहार सेवा : पूर्ण अशक्त अपाङ्गता, श्रवण दृष्टिविहीन अपाङ्गता, बौद्धिक अपाङ्गता,

अटीजम वा मनोसामाजिक अपाङ्गता भएका दैनिक रूपमा निरन्तर हेरचाह तथा सहयोग आवश्यक पर्ने अवस्थाका अपाङ्गता भएका व्यक्तिका लागि परिवारको कुनै सदस्य वा संरक्षक नभएको अवस्थामा सम्बन्धित स्थानीय तह मार्फत उपलब्ध हुने हेरचाह तथा स्याहारको सेवा र स्थानीय तहमा पुनर्स्थापना कार्यक्रम मार्फत उपलब्ध हुने आवश्यक आधारभूत थेरापी, पुनर्स्थापना, दैनिक जीवनयापन सीप, सामाजिकीकरण सीप लगायतका सेवा,

(ग) क्लिनिकल परामर्श तथा रेफरल सेवा : स्थानीय स्वास्थ्य संस्था मार्फत अपाङ्गता भएका व्यक्तिको लागि उपलब्ध हुने आवश्यक क्लिनिकल परामर्श सेवा तथा स्वास्थ्य उपचारसँग सम्बन्धित रेफरल सेवा,

(घ) सामान्य परामर्श तथा दौतरी परामर्श सेवा : नेपाल सरकार वा स्थानीय तह मार्फत स्थानीयस्तरमा सञ्चालित पुनर्स्थापना केन्द्र वा विभिन्न व्यक्ति वा अपाङ्गता सम्बन्धी गैर सरकारी संस्थाबाट सञ्चालित पुनर्स्थापना केन्द्रहरू मार्फत उपलब्ध गराइने

सामान्य परामर्श सेवा, दौतरी परामर्श सेवा, अभिभावक परामर्श सेवा जस्ता सेवा ।

(२) उपनियम (१) बमोजिमको सेवा प्रदान गर्नका लागि आवश्यक बजेट नेपाल सरकारले सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनेछ ।

**१०. <u>व्यक्तिगत सहयोगी सेवा सिफारिस समिति</u>** : नियम ९ को उपनियम (१) को खण्ड (क) बमोजिम अपाङ्गता भएका व्यक्तिको लागि व्यक्तिगत सहयोगी सेवा उपलब्ध गराउन स्थानीय तहको प्रत्येक वडामा देहाय बमोजिमको व्यक्तिगत सहयोगी सेवा सिफारिस समिति रहनेछः-

(क) स्थानीय तहको सम्बन्धित वडाको वडाध्यक्ष -संयोजक

(ख) अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संस्थाका प्रतिनिधि वा अपाङ्गता भएका व्यक्ति वा निजका परिवारका सदस्य वा संरक्षकमध्येबाट संयोजकले तोकेको एक जना -सदस्य

(ग) संयोजकले तोकेको स्थानीय स्वास्थ्य संस्थाको एक जना प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित वडाको वडा सचिव -सदस्य-सचिव

**११. <u>आर्थिक सहयोग तथा तालीम सम्बन्धी</u>:** (१) नेपाल सरकारले ऐनको दफा १६ को उपदफा (१) बमोजिम पूर्ण अशक्त र

अति अशक्त अपाङ्गता भएका व्यक्तिको लागि प्रचलित कानूनमा उल्लिखित सामाजिक सुरक्षाको अतिरिक्त नेपाल सरकारले समय समयमा तोके बमोजिमको रकम आर्थिक सहयोग वा सामाजिक सुरक्षा वापत उपलब्ध गराउनेछ ।

(२) सङ्घ, प्रदेश र स्थानीय तहबाट अपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाहमा संलग्न परिवारका सदस्य वा संरक्षकलाई हेरचाह सम्बन्धी तालीम र बहिरा व्यक्तिका परिवारका सदस्यलाई साङ्केतिक भाषा तालीम निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको आर्थिक सहयोग वा सामाजिक सुरक्षा तथा तालीम सम्बन्धित स्थानीय तहले अपाङ्गता भएका व्यक्तिलाई सहज रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

१२. **सहुलियत र सुविधाः** (१) सार्वजनिक यातायातले पूर्ण अशक्त, अति अशक्त र मध्यम अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्रका आधारमा बस, रेल, हवाइजहाज जस्ता सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडामा पचास प्रतिशत छुट उपलब्ध गराउनु पर्नेछ।

(२) देहाय बमोजिमका सीट क्षमता भएका सार्वजनिक सवारी साधनले देहाय बमोजिमका सीट अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षित राख्नु पर्नेछः-

(क) दश वा सोभन्दा कम सीट क्षमता भएका सवारी साधनले एक सीट,

(ख) एघार देखि पन्ध्र सीट क्षमता भएका सवारी साधनले दुई सीट,

(ग) सोह्र देखि तीस सीट क्षमता भएका सवारी साधनले तीन सीट,

(घ) तीस भन्दा बढी सीट क्षमता भएका सवारी साधनले चार सीट,

(ङ) रेल लगायतका ठूला सवारी साधनले कूल सीट सङ्ख्याको कम्तीमा पाँच प्रतिशत सीट ।

१३. **अपाङ्गता भएका व्यक्तिका छोराछोरीका लागि छात्रवृत्तिको व्यवस्था** : (१) नेपाल सरकारले पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका असहाय विपन्न वर्गका नागरिकका छोराछोरीलाई स्वदेशमा स्नातक तहसम्मको शिक्षा हासिल गर्न छात्रवृत्ति उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिमको छात्रवृत्ति प्राप्त गर्न चाहने पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका असहाय विपन्न वर्गका नागरिकका छोराछोरीले सम्बन्धित शैक्षिक संस्थामा भर्ना गरेको प्रमाण, सम्बन्धित स्थानीय तहको सिफारिस, परिचयपत्रको प्रतिलिपि तथा नाता प्रमाणित र विपन्नताको सिफारिस लगायतका कागजात पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## अपाङ्गता भएका महिला तथा बालबालिकाको विशेष संरक्षण

१४. **अपाङ्गता भएका महिलाको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने** : (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले अपाङ्गता भएका महिलाको अधिकारको संरक्षण गर्न तथा त्यस्ता महिलाको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोग

गर्ने उपयुक्त वातावरण निर्माण गर्न देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछः-

(क) अपाङ्गता भएका महिलामा रहेको ज्ञान, सीप र क्षमताको पहिचानको लागि अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ख) खण्ड (क) बमोजिम भएको अध्ययन अनुसन्धानको आधारमा अपाङ्गता भएका महिलाको ज्ञान, सीप र क्षमताका आधारमा उपयुक्त पेशा वा व्यवसायको लागि रोजगारमूलक तालीम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) अपाङ्गता भएका महिलाले निर्माण वा उत्पादन गरेका सामान तथा वस्तुको बिक्री तथा बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाउने,

(घ) अपाङ्गता भएका महिलाको लागि उपयुक्त ठानिएका आय आर्जनका अन्य कार्यक्रम सञ्चालन गर्ने, गराउने।

(२) उपनियम (१) बमोजिमको व्यवस्था गर्नको लागि नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

१५. **<u>अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षण</u>** : ऐनको दफा २० बमोजिम पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका बालबालिकाको लागि नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गरी देहाय बमोजिमका विशेष संरक्षणको व्यवस्था गर्नु पर्नेछः-

(क) निजहरुको हेरचाह तथा स्याहारको लागि परिवारका सदस्य वा संरक्षकलाई आवश्यक तालीम तथा आय आर्जन सम्बन्धी व्यवसाय गर्न सहयोग गर्ने,

(ख) निजहरुको रोगको शीघ्र पहिचान, उपचार, औषधी र परामर्श सेवा स्थानीय स्वास्थ्य केन्द्रबाट उपलब्ध हुने गरी आवश्यक व्यवस्था मिलाउने,

(ग) स्थानीय तहमा अपाङ्गता भएका बालबालिकाको खेलकुद र मनोरञ्जनको लागि विशेष व्यवस्था गर्ने गरी आवश्यक व्यवस्था मिलाउने,

(घ) स्थानीय स्वास्थ्य केन्द्र र अस्पतालमा प्रारम्भिक अपाङ्गता पहिचान, परामर्श तथा आधारभूत स्वास्थ्य सम्बन्धी पुनर्स्थापनाको

लागि आवश्यक क्षमता विकास र मानव स्रोतको व्यवस्थापन गर्ने,

(ङ) अपाङ्गता भएका बालबालिकाको आँखा, नाक, कान, घाँटी, अडियोग्राम जाँच लगायतको सेवा स्थानीय स्वास्थ्य संस्थाबाट प्रदान गर्ने,

(च) बालबालिकाको उमेर अनुसार बौद्धिक र शारीरिक विकास नभएमा वा उमेर अनुसारका लक्षणहरू नदेखिएमा परिवारका सदस्य वा सामाजिक कार्यकर्ताले यस्तो सूचना वडा कार्यालयमा दिन सक्ने गरी आवश्यक व्यवस्था गर्ने,

(छ) स्थानीय तह मार्फत अपाङ्गता पहिचान भएका बालबालिकाको लागि आवधिक रूपमा अपाङ्गताको अवस्थाको मूल्याङ्कन, सेवा सुविधा पुनरावलोकन तथा आवश्यक थेरापी लगायत अन्य सेवाहरूको व्यवस्था गर्ने।

## परिच्छेद-५

## अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने शिक्षा

१६. **निःशुल्क शिक्षा उपलब्ध गराउने** : पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई देहाय बमोजिमका व्यावसायिक तथा प्राविधिक शिक्षा निःशुल्क रुपमा उपलब्ध गराइनेछः-

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट प्रदान गरिने शिक्षा,

(ख) नेपाल सरकारले समय समयमा तोकेका अन्य व्यावसायिक तथा प्राविधिक शिक्षा ।

१७. **आवासीय सुविधा सहितको शिक्षा उपलब्ध गराउने** : (१) नेपाल सरकारले पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गताको कारणले आफैं विद्यालय जान आउन कठिन हुने र विपन्न तथा असहाय अपाङ्गता भएका बालबालिकाको लागि पहुँचयुक्त आवास सुविधा सहितको शिक्षाको व्यवस्था गर्नेछ ।

(२) नेपाल सरकारले बहिरा, दृष्टिविहीन र बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि पहुँचयुक्त आवास सहितको समावेशी शिक्षा र विशेष कक्षाको व्यवस्था गर्नेछ ।

१८. **शिक्षामा सूचना प्रविधिको प्रयोग** : (१) नेपाल सरकारले सूचना प्रविधिका माध्यम, प्रणाली वा तरिकाको अवलम्बन गरी दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिलाई शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनेछ ।

(२) उपनियम (१) बमोजिम अपाङ्गता भएका व्यक्तिलाई शिक्षामा पहुँच सहज बनाउन नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी आवश्यक विशेष सफ्टवेयर सहितको कम्प्युटर वा उपकरण उपलब्ध गराउने वा अडियो, ब्रेल, सरल भाषा तथा चित्रात्मक, ठूलो छापा, भिडियो, साङ्केतिक भाषा लगायतका ढाँचामा शैक्षिक सामग्री उपलब्ध गराउनेछ ।

१९. **छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराउने** : निःशुल्क नगरिएको शिक्षामा भर्ना भई अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीको लागि नेपाल सरकारले प्रत्येक वर्ष निर्धारण गरे बमोजिमको सङ्ख्याका विद्यार्थीलाई शैक्षिक शुल्क, आवास, स्टेशनरी तथा अन्य खर्च वापत नेपाल सरकारले निर्धारण गरे बमोजिमको रकम शैक्षिक छात्रवृत्तिको रुपमा उपलब्ध गराउनेछ ।

२०. **विद्यालयलाई सहयोग उपलब्ध गराउने** : (१) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीका लागि विशेष शिक्षा कार्यक्रम सञ्चालन गरेका सामुदायिक विद्यालयको पूर्वाधारलाई त्यस्ता विद्यार्थीको लागि पहुँचयुक्त बनाउन त्यस्तो विद्यालयको आवश्यकता तथा सम्बन्धित स्थानीय तहको सिफारिसको आधारमा पहुँचयुक्त छात्रावासको सुविधा सहितको आर्थिक, प्राविधिक सहयोग तथा आवश्यक सामग्री उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिमको विद्यालयको भौतिक पूर्वाधार तथा अन्य सेवा सुविधाको विकासको लागि सम्बन्धित स्थानीय तहले तीस प्रतिशत लगानी गर्ने प्रतिबद्धता गरेमा बाँकी लगानीको लागि कार्यक्रमको आधारमा सम्बन्धित

विद्यालयलाई नेपाल सरकारले आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**२१. <u>विद्यार्थीको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने</u> :** (१) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन तथा अध्ययन प्रवर्द्धनको लागि आवश्यकता र उपलब्धता अनुसार स्टेशनरी, पाठ्यपुस्तक, दिवा खाजा, पोशाक, सहयोगी शिक्षक र सम्बन्धित अपाङ्गता विज्ञ शिक्षक उपलब्ध गराउनेछ ।

(२) अपाङ्गता भएका विद्यार्थीलाई अध्यापन गराउने शिक्षकका लागि नेपाल सरकारले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी अपाङ्गताको पहिचान, सिफारिस, सामान्य थेरापी, व्यक्तिगत पाठ्ययोजना, व्यक्तिगत हेरचाह, क्षमता विकास, साङ्केतिक भाषा लगायतका तालीम कार्यक्रम सञ्चालन गर्नेछ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको विद्यालय तथा सिकाईमा पहुँच सुनिश्चित गर्न त्यस्तो शिक्षा प्रदान गर्ने विद्यालयलाई देहाय बमोजिमका शैक्षिक सामग्री निःशुल्क उपलब्ध गराउनेछ :-

(क) अपाङ्गता भएका विद्यार्थीलाई अध्ययनमा सहजता हुने आवश्यकतामा आधारित पाठ्यपुस्तक तथा पाठ्यसामग्री,

(ख) सूचना प्रविधिको माध्यमबाट अध्ययन अध्यापनको लागि आवश्यक पर्ने डेजि, ब्रेल डिस्प्लेअर, ब्रेल प्रिन्टर, कम्प्युटर सफ्टवेयर, मोबाईल

एप्लिकेशन, सरल भाषामा बुझाउने शैक्षिक सामग्री, चित्रात्मक सामग्री, श्रव्य दृश्य सामग्री लगायतका सूचना प्रविधि,

(ग) पहुँचयुक्त फर्निचर तथा अन्य भौतिक सामग्री,

(घ) अपाङ्गता भएका विद्यार्थीको लागि आवश्यक पर्ने खेलकुदका सामग्री ।

## परिच्छेद-६

## सीप विकास तथा रोजगारी

२२. **ऋण उपलब्ध गराउने :** नेपाल सरकारले पेशा वा व्यवसाय गर्न चाहने पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिमा रहेको सीप, क्षमता तथा पेशा व्यवसायका लागि निज वा निजको परिवारको सदस्य वा संरक्षकले तयार गरेको प्रस्तावको आधारमा बैङ्क तथा वित्तीय संस्थाबाट नेपाल सरकारको जमानतमा वा बिना धितो सहुलियत ब्याज दरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ।

२३. **अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नु पर्ने:** कुनै प्रतिष्ठानमा अपाङ्गता भएका व्यक्तिको क्षमता, तालीम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने कामको लागि उपलब्ध भएसम्म देहाय बमोजिमका प्राथमिकताका आधारमा अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नु पर्नेछ :-

(क) अपाङ्गता र कामको प्रकृतिको आधारमा बढी उपयुक्त देखिएको,

(ख) अपाङ्गता भएको व्यक्ति विपन्न परिवारको भएको,

(ग) प्रचलित कानून बमोजिम पिछडिएको क्षेत्रमा स्थायी बसोबास गरेको,

(घ) अपाङ्गताको गाम्भीर्यताको आधारमा नेपाल सरकारले तोकेको ।

२४. **अभिलेख राख्नु पर्ने** : प्रतिष्ठानले आफ्नो प्रतिष्ठानमा कार्यरत अपाङ्गता भएका व्यक्तिको ऐनको दफा २६ को उपदफा (१) मा उल्लिखित विवरणका अतिरिक्त देहाय बमोजिमको विवरण समेत खुलाई अभिलेख राख्नु पर्नेछ :-

(क) अपाङ्गता भएका व्यक्तिको नाम, थर, ठेगाना र पद,

(ख) सेवाको प्रकार (स्थायी/ अस्थायी/ करार/ ज्यालादारी),

(ग) अपाङ्गताको वर्गीकरणको आधारमा प्रदान गरिएको परिचयपत्रको किसिम (पूर्ण अशक्त अपाङ्गता/अति अशक्त अपाङ्गता/मध्यम अपाङ्गता/सामान्य अपाङ्गता),

(घ) प्रतिष्ठानमा भर्ना भएको मिति,

(ङ) प्रतिष्ठानमा दिएको जिम्मेवारी,

(च) प्रतिष्ठानबाट निजलाई उपलब्ध गराइएको सेवा, सुविधा,

(छ) प्रतिष्ठानले आवश्यक देखेको अन्य विवरण ।

## परिच्छेद-७

## स्वास्थ्य, पुनर्स्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जन

२५. **निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने:** (१) नेपाल सरकारले समय समयमा तोकेको भन्दा कम वार्षिक आय भएका र देहाय बमोजिमका गम्भीर प्रकृतिका रोगको उपचारको लागि अस्पतालमा भर्ना भएका पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई सरकारी अस्पतालमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्नेछः-

(क) मुटु रोग,

(ख) मृगौला रोग,

(ग) क्यान्सर,

(घ) नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य रोग।

(२) नेपाल सरकारले स्वीकृति प्राप्त चिकित्सकको सिफारिसमा अनुवंशीय रक्तश्राव (हेमोफिलिया) अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने फ्याक्टर लगायतका औषधी निःशुल्क रूपमा सम्बन्धित स्थानीय तह मार्फत उपलब्ध गराउनेछ ।

(३) नेपाल सरकारले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि सबै सरकारी अस्पतालमा निःशुल्क मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।

(४) उपनियम (१) र (२) बमोजिमका रोगको उपचार सेवा तथा औषधी उपलब्ध गराउन नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहसँग आवश्यक समन्वय गरी प्रदेशस्तरका सरकारी अस्पताल तथा स्थानीय स्वास्थ्य संस्थाहरूको क्षमता विस्तार गर्नेछ ।

२६. **पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन** : (१) ऐनको दफा २९ को उपदफा (३) बमोजिम पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न चाहने संस्थाले स्वीकृतिको लागि देहायका विवरण खुलाई सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची-६ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको विधान र दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) पुनर्स्थापना केन्द्र स्थापना हुने स्थान र त्यस्तो केन्द्रको क्षमता लगायतका भौतिक पूर्वाधारको विवरण,

(ग) पुनर्स्थापना केन्द्रले उपलब्ध गराउने सेवा, सुविधा र प्राविधिक क्षमताको विवरण,

(घ) पुनर्स्थापना केन्द्रको लागि आवश्यक जनशक्तिको विवरण,

(ङ) पुनर्स्थापना केन्द्र सञ्चालनको लागि आवश्यक आर्थिक स्रोतको विवरण ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा नियम २७ बमोजिमको मापदण्ड पूरा भएको देखिएमा स्थानीय तहले त्यस्तो संस्थालाई पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न अनुसूची-७ बमोजिमको ढाँचामा स्वीकृति दिनेछ ।

(३) यो नियमावली प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका पुनर्स्थापना

केन्द्रले यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र यस नियम बमोजिम स्वीकृति लिनु पर्नेछ ।

२७. **पुनर्स्थापना केन्द्रको स्थापना, व्यवस्थापन तथा सञ्चालन सम्बन्धी मापदण्ड** : ऐन तथा यस नियमावली बमोजिम पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) अपाङ्गता भएका व्यक्तिलाई पुनर्स्थापनाको लागि न्यूनतम आधारभूत सुविधा सहितको भौतिक संरचना भएको,

(ख) अपाङ्गता भएका व्यक्तिलाई आवश्यक आधारभूत स्वास्थ्य सेवा तथा औषधी उपचारको सेवा उपलब्ध गराउन सक्ने क्षमता भएको,

(ग) अपाङ्गता भएका व्यक्तिलाई खेल तथा मनोरञ्जनको लागि आवश्यक खुला स्थान भएको,

(घ) अपाङ्गता भएका व्यक्तिलाई आवश्यकता अनुसार शिक्षा तथा सीपमूलक तालीम प्रदान गर्न वा सोको प्रबन्ध गर्न सक्ने क्षमता भएको,

(ङ) न्यूनतम दश जना अपाङ्गता भएका व्यक्ति बराबर तीन जना तालीम प्राप्त सहयोगीको प्रबन्ध भएको,

(च) मन्त्रालयले समय समयमा तोकेका पूर्वाधार तथा अन्य सुविधा सम्बन्धी मापदण्ड पूरा भएको ।

२८. **पुनर्स्थापना केन्द्रको व्यवस्थापन** : (१) नियम २६ बमोजिम स्वीकृति लिई स्थापना तथा सञ्चालन हुने प्रत्येक पुनर्स्थापना केन्द्रको व्यवस्थापनको लागि देहाय बमोजिमको व्यवस्थापन समिति रहनेछ :-

(क) सम्बन्धित गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) सम्बन्धित स्थानीय तहको सामाजिक विकास हेर्ने कर्मचारी -सदस्य

(ग) अपाङ्गता भएका व्यक्ति, परिवारका सदस्य वा संरक्षकहरू मध्येबाट अध्यक्षले तोकेको एक जना -सदस्य

(घ) अपाङ्गता भएका स्थानीय समाजसेवी मध्येबाट अध्यक्षले तोकेको एक जना महिला सहित दुई जना -सदस्य

(ङ) पुनर्स्थापना केन्द्रको प्रमुख –सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिले ऐन, यस नियमावली तथा प्रचलित कानूनको अधीनमा रही पुनर्स्थापना केन्द्रको सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी सोको आधारमा पुनर्स्थापना केन्द्र सञ्चालन गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको समितिले पुनर्स्थापना केन्द्रमा रहेका प्रत्येक अपाङ्गता भएका व्यक्तिको छुट्टा छुट्टै व्यक्तिगत विवरणको अभिलेख राख्नु पर्नेछ ।

२९. **पुनर्स्थापना केन्द्रको निरीक्षण तथा अनुगमन** : (१) समन्वय समितिले ऐन तथा यस नियमावली बमोजिम पुनर्स्थापना केन्द्र सञ्चालन भए नभएको सम्बन्धमा समय समयमा निरीक्षण तथा अनुगमन गर्नेछ।

(२) उपनियम (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्न खटिएका पदाधिकारी वा कर्मचारीले निरीक्षण तथा अनुगमन गरी समन्वय समितिमा सात दिनभित्र प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेश भएको प्रतिवेदन समन्वय समितिले आफू समक्ष पेश भएको मितिले सात दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा प्रदेश सरकारले आवश्यकता अनुसार यस नियमावली बमोजिम सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रको निरीक्षण तथा अनुगमन गर्न सक्नेछन् ।

(५) उपनियम (१) वा (४) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा त्यस्ता पुनर्स्थापना केन्द्रले ऐन तथा यस नियमावली बमोजिम तोकिएको मापदण्ड पूरा नगरेको वा मन्त्रालयबाट जारी भएको निर्देशिका विपरीत काम कारबाही गरेको पाइएमा निश्चित समयावधिभित्र तोकिएको मापदण्ड पूरा गर्न वा स्वीकृत निर्देशिका बमोजिम पुनर्स्थापना केन्द्र सञ्चालन गर्न आवश्यक निर्देशन दिन सकिनेछ।

(६) उपनियम (५) बमोजिम प्राप्त निर्देशन बमोजिमको समयावधिभित्र पुनर्स्थापना केन्द्रले कार्य सम्पन्न गरी सोको जानकारी त्यसरी निर्देशन दिने निकायलाई दिनु पर्नेछ ।

(७) यस नियम बमोजिम निरीक्षण वा अनुगमन गर्दा पुनर्स्थापना केन्द्र ऐन तथा यस नियमावली विपरीत स्थापना र सञ्चालन भएको वा नियम २७ बमोजिमको मापदण्ड पूरा नगरेको वा उपनियम (५) बमोजिम दिएको निर्देशनको पालना नगरेको देखिएमा स्थानीय तहले त्यस्तो पुनर्स्थापना केन्द्रको सञ्चालनमा रोक लगाउन वा त्यस्तो केन्द्रको स्वीकृति निश्चित अवधिका लागि निलम्बन वा रद्द गर्न सक्नेछ ।

(८) उपनियम (७) बमोजिम पुनर्स्थापना केन्द्रको स्वीकृति निलम्बन वा रद्द गर्नु अघि त्यस्तो पुनर्स्थापना केन्द्रलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

**३०.** **<u>अनुदान उपलब्ध गराउन सक्ने</u>** : (१) पुनर्स्थापना केन्द्रको भौतिक पूर्वाधार, सेवा सुविधा र पुनर्स्थापना भएका व्यक्तिको सङ्ख्याको आधारमा ऐन तथा यस नियमावली बमोजिम स्वीकृति प्राप्त पुनर्स्थापना केन्द्रलाई नेपाल सरकारले समय समयमा तोके बमोजिमको रकम अनुदान बापत उपलब्ध गराउन सक्नेछ।

(२) सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहबाट स्वीकृति प्राप्त पुनर्स्थापना केन्द्रलाई सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले समय समयमा तोके बमोजिमको रकम अनुदान वापत उपलब्ध गराउन सक्नेछ।

**३१.** **<u>पुनर्स्थापना केन्द्र बन्द गर्न सक्ने</u>**: (१) ऐन तथा यस नियमावली बमोजिम स्वीकृति लिई सञ्चालनमा रहेको पुनर्स्थापना केन्द्र सञ्चालन गर्न सम्भव नभएमा त्यस्तो केन्द्रको प्रमुखले बन्द गर्नु पर्ने कारण सहित पुनर्स्थापना केन्द्रमा रहेका अपाङ्गता भएका व्यक्तिको विवरण समेत संलग्न गरी सम्बन्धित स्थानीय तह समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त हुन आएको निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो पुनर्स्थापना केन्द्र बन्द गर्नु पर्ने मनासिब आधार र कारण रही बन्द गर्न उपयुक्त देखेमा सम्बन्धित स्थानीय तहले त्यस्तो पुनर्स्थापना केन्द्रमा रहेका व्यक्तिको लागि अन्य वैकल्पिक व्यवस्था गरी बन्द गर्न स्वीकृति दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम पुनर्स्थापना केन्द्र बन्द गर्न स्वीकृति प्राप्त भएमा त्यस्तो पुनर्स्थापना केन्द्रले सो केन्द्रमा रहेका व्यक्तिहरुको वैकल्पिक व्यवस्था गरिसकेपछि मात्र बन्द गर्ने अन्य प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पुनर्स्थापना केन्द्र बन्द गरेको जानकारी त्यस्तो पुनर्स्थापना केन्द्रले तीन दिनभित्र सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त हुन आएको जानकारी सम्बन्धित स्थानीय तहले सात दिनभित्र सम्बन्धित प्रदेश सरकार र मन्त्रालयमा दिनु पर्नेछ।

(६) उपनियम (१) बमोजिम प्राप्त हुन आएको निवेदन उपर सम्बन्धित स्थानीय तहले जाँचबुझ गर्दा बन्द गर्न माग गरेको पुनर्स्थापना केन्द्र आफैंले वा आफ्नो समेत संलग्नता र लगानीमा सञ्चालन गर्न आवश्यक देखेमा स्थानीय तह आफैले वा आफू समेतको संलग्नता र लगानीमा त्यस्तो केन्द्र सञ्चालन गर्ने वा कुनै प्रतिष्ठान वा अपाङ्गता क्षेत्रमा क्रियाशील अन्य सङ्घ, संस्थालाई सञ्चालन गर्न हस्तान्तरण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

३२. **आचार संहिता**: पुनर्स्थापना केन्द्रले केन्द्रका पदाधिकारी तथा कर्मचारीले पालना गर्नु पर्ने आचार संहिता केन्द्रको व्यवस्थापन समितिबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ ।

३३. **पुनर्स्थापना कोषको सञ्चालन** : (१) ऐनको दफा ३० बमोजिमको पुनर्स्थापना कोषको रकम मन्त्रालयले तोकेको बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित "क" वर्गको कुनै वाणिज्य बैंङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) पुनर्स्थापना कोषको खाता मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत र मन्त्रालयको आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) पुनर्स्थापना कोषको रकम ऐन तथा यस नियमावली बमोजिम पुनर्स्थापना केन्द्रको सञ्चालनको लागि मात्र खर्च गर्नु पर्नेछ ।

३४. **सामाजिक सुरक्षा**: (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बनपूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी स्वास्थ्य बीमा तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिम मासिक जीवनयापन भत्ता रकम उपलब्ध गराइनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपन्न परिवारका पूर्ण अशक्त र अति अशक्त अपाङ्गता

भएका बेरोजगार व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको बेरोजगार भत्ता उपलब्ध गराइनेछ ।

(४) नेपाल सरकारले पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिको एक जना सहयोगीलाई त्यस्तो अपाङ्गता भएका व्यक्तिले उपनियम (२) बमोजिम पाउने भत्ता रकमको आधा रकम बराबरको रकम मासिक रूपमा सहयोगी भत्ता बापत उपलब्ध गराउनेछ ।

(५) उपनियम (२) र (३) बमोजिमको भत्ता रकम तोक्दा अन्य प्रचलित कानून बमोजिम अपाङ्गता भएका व्यक्तिलाई सोही प्रयोजनका लागि उपलब्ध हुने भत्ता वा सुविधामा दोहोरो नपर्ने गरी तोक्न सकिनेछ ।

(६) पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिले आफ्नो निजी शौचालय अपाङ्गतामैत्री बनाउन चाहेमा नेपाल सरकारले तोके बमोजिमको रकम अनुदान वापत उपलब्ध गराउन सकिनेछ ।

३५. **सांस्कृतिक अधिकार तथा मनोरञ्जन** : अपाङ्गता भएका व्यक्तिको सांस्कृतिक अधिकारको सम्मान गर्न ऐनको दफा ३३ बमोजिमको व्यवस्थाको अतिरिक्त नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहले देहायको व्यवस्था गर्नेछ :-

(क) अपाङ्गता भएका व्यक्तिको सहभागितामा सांस्कृतिक प्रतियोगिता आयोजना गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिको मनोरञ्जनको लागि स्थानीय स्तरमा आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(ग) सामुदायिक भवन, पार्क, मठ मन्दिर, बगैँचा लगायतका सांस्कृतिक र मनोरञ्जनका क्षेत्र

अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त बनाउने ।

३६. **खेलकुदमा सहभागी गराउने** : (१) ऐनको दफा ३४ मा उल्लिखित कार्यक्रमको अतिरिक्त अपाङ्गता भएका व्यक्तिको लागि खेलकुदको विकास गर्न अधिकार पाएका संस्था वा निकायले विशेष तथा पारा खेलकुदका क्षेत्रमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा सङ्घ, संस्थाको सहभागितामा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न सक्नेछन् :-

(क) खेलकुदका लागि आवश्यक भौतिक पूर्वाधार विकास कार्यक्रम,

(ख) खेलकुदका लागि क्षमता विकासका कार्यक्रम,

(ग) खेलकुद प्रतियोगिता सञ्चालन ।

(२) उपनियम (१) बमोजिम खेलकुद कार्यक्रम सञ्चालन गर्दा दोभाषे र स्वास्थ्य उपचार जस्ता अपाङ्गताको प्रकृति अनुसार आवश्यक पर्ने अन्य सेवा समेत उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-८

## विविध

३७. **उपायको अवलम्बन गर्ने** : नेपाल सरकारले ऐनको दफा ४५ को उपदफा (४) बमोजिम अपाङ्गता भएका व्यक्तिले बिना भेदभाव अन्य व्यक्ति सरह समान रूपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चितताका लागि देहायका उपायको अवलम्बन गर्नेछ :-

(क) अपाङ्गता भएका व्यक्तिका अधिकार र सेवा सुविधा सम्बन्धी कानूनी व्यवस्थाको विषयमा जनचेतना तथा कानूनी शिक्षा कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ख) अपाङ्गता भएका व्यक्तिको हेरचाह, सशक्तीकरण तथा क्षमता विकासको लागि आवश्यक तालीम सञ्चालन गर्ने, गराउने,

(ग) सरकारी वा सार्वजनिक सेवा प्रदान गर्ने निकाय तथा संस्थाको भौतिक संरचनाको निर्माणलाई अपाङ्गतामैत्री र पहुँचयुक्त बनाउन त्यस्ता निकाय तथा संस्थालाई निर्देशन दिने र सोको कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

(घ) स्थानीय तहमा हुने विपद् व्यवस्थापन सम्बन्धी गतिविधिमा अपाङ्गता भएका व्यक्तिलाई सहभागी गराउने र यसका लागि पूर्वतयारी, खोज तथा उद्धार, राहत र विपद् पश्चातका अवस्थामा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गर्न आवश्यक तालीम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ङ) विपद् पूर्व तयारीका चरणमा गरिने सामग्रीको भण्डारणमा अपाङ्गता भएका व्यक्तिका आवश्यकतालाई समेत मध्यनजर राखी त्यस्ता सामग्रीको छुट्टै सूची बनाई भण्डारण गर्ने व्यवस्था मिलाउने।

३८. **सामाजिक उत्तरदायित्वः** (१) ऐनको दफा ४९ को उपदफा (१) को प्रयोजनको लागि प्रतिष्ठान तथा शैक्षिक संस्थाले आफ्नो आयबाट नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको रकम अपाङ्गता भएका व्यक्तिप्रतिको सामाजिक उत्तरदायित्व अन्तर्गत छुट्याउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको रकमको उपयोग अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारीका अवसरहरुको सम्बर्द्धन, प्रवर्द्धन, पुनर्स्थापना र सशक्तीकरणको काम समेतको लागि गरिनेछ।

३९. **घुम्ती सेवा सञ्चालन** : (१) मन्त्रालयले प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र स्थानीय तहसँग समन्वय गरी ऐनको दफा ५९ बमोजिम अपाङ्गता भएका व्यक्तिले पाउने सेवा सुविधा सहज रुपमा उपलब्ध गराउन आवश्यकता अनुसार घुम्ती सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सञ्चालन हुने घुम्ती सेवाको अवधि तथा उपलब्ध हुने सेवाका सम्बन्धमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र स्थानीय तहले त्यस्तो सेवा सञ्चालन हुने कम्तीमा पन्ध्र दिन अघि विभिन्न सञ्चार माध्यमबाट सूचना प्रवाह गर्नु पर्नेछ।

४०. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने**: मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४१. **खारेजी र बचाउ** : (१) अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ खारेज गरिएको छ ।

(२) अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउनको लागि दिने निवेदनको ढाँचा

फोटो

श्री प्रमुख/अध्यक्ष ज्यू,

......... नगरपालिका/ गाउँपालिका ।

मिति :.................

विषय : अपाङ्गताको परिचयपत्र पाउँ।

महोदय,

निम्न लिखित विवरण सहित अपाङ्गताको परिचयपत्र पाउन यो निवेदन पेश गरेको छु। मैले पेश गरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरे प्रचलित कानूनबमोजिम सजाय भोग्न मञ्जुर छु ।

१. नाम थर : ....................

२ उमेर : ...... वर्ष

३ लिङ्ग : पुरुष/महिला/अन्य

४ जन्म मिति: .......साल....... महिना....... गते

५. ठेगाना :

(क) स्थायी ठेगाना : प्रदेश....... जिल्ला..........गाउँपालिका/नगरपालिका वडा नं. .....टोल ........।

(ख) अस्थायी ठेगाना : प्रदेश....... जिल्ला........गाउँपालिका/नगरपालिका वडा नं. .......टोल...... ।

(ग) सम्पर्क नं. .............. ................. .................

६. परिवारको सदस्य वा संरक्षकको नाम, थर: ................... ............. निवेदकको नाता:..............

७. परिवारको सदस्य वा संरक्षकको टेलिफोन वा मोबाइल नं.: ............. ................. ............

८. अपाङ्गताको प्रकार:.....................

९. शरीरको अङ्ग, संरचना, प्रणालीमा आएको क्षतिको विवरण:

.................................... ..............................

………………………………………………

…………………………………………..

१०. क्षति भएपछि दैनिक क्रियाकलापमा आएको अवरोध वा सीमितताको विवरण

......... ......... ..........................

……………………………………………………………………

…………………………………………………………………..

११. अपाङ्गताको कारण : रोगको दीर्घ असर/दुर्घटना/ जन्मजात/सशस्त्र द्वन्द्व/वंशानुगत कारण/अन्य

१२. सहायक सामग्री प्रयोग गर्नु पर्ने आवश्यकता भए वा नभएको :

१३. आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामग्रीको प्रयोग गर्नुपर्ने हो सोको विवरण:

……………………………………………………………………

१४. सहायक सामग्री प्रयोग गर्ने गरेको वा नगरेको:

१५. सहायक सामग्री प्रयोग गर्ने गरेको भए सामग्रीको नाम : ......................... ...........

१६. अन्य व्यक्तिको सहयोग बिना गर्न सक्ने दैनिक कार्य:

(क) ................. (ख)....................(ग) .........................

(घ) ..............(ङ) ....................... (च) ..........................

१७. अन्य व्यक्तिको सहयोग लिनु पर्ने भए त्यस्तो सहयोग लिनु पर्ने कामः

(क) ........................ (ख)............................ ..... (ग)

(घ).......................(ङ)....................(च) ..........................

१८. पछिल्लो शैक्षिक योग्यता : निरक्षर/साक्षर/प्राथमिक तह/ निम्न माध्यमिक तह/ माध्यमिक तह/उच्च माध्यमिक तह/स्नातक तह/स्नातकोत्तर तह/विद्यावारिधी तह

१९. कुनै तालीम प्राप्त गरेको भए मुख्य तालीमको नामः ..........................................................

२०. हालको पेशाः अध्ययन/कृषि व्यवसाय/स्वरोजगार/सरकारी सेवा/निजी क्षेत्रमा सेवा/केही नगरेको/अन्य

निवेदक / परिवारको सदस्य वा संरक्षकको,-

नाम,थरः ......... ............. .......

दस्तखतः.........

मितिः.............

अनुसूची- २

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

<u>अपाङ्गता भएका व्यक्तिको परिचयपत्रको ढाँचा</u>

............... गाउँपालिका/नगरपालिका

परिचयपत्र नम्बरः -

फोटो

<u>अपाङ्गताको परिचयपत्र</u>

नाम, थरः ..............................

स्थायी ठेगानाः प्रदेश ........जिल्ला.........नगरपालिका/गाउँपालिका ... वडा नं. ...

जन्म मितिः ...............नागरिकता नम्बर/जिल्ला ...........

लिङ्गः ........... ............. रक्त समूहः.............

अपाङ्गताको किसिमः प्रकृतिको आधारमा ........गम्भीरताको आधारमाः ........

बाबु/आमा वा संरक्षकको नाम, थरः ........................

परिचयपत्र वाहकको दस्तखतः-

परिचयपत्र प्रमाणित गर्नेको,-

दस्तखतः ..........

नाम, थरः

पदः

मितिः

*"यो परिचपत्र कसैले पाएमा नजिकको प्रहरी कार्यालय वा गाउँपालिका/नगरपालिकामा बुझाई दिनु होला"।*

.....Rural Municipality/Municipality

ID Card Number: -

Disability Identity Card

Name, Surname-

Permanent Address: Province ……………..District……... Rural Municipality/Municipality ………Ward No. …….

Date of Birth:………………………………Citizenship Number/ District: ……………………..

Sex: ………… …………. Blood Group: …………..

Type of Disability: On the basis of nature: …………. On the basis of severity: ……. ……..

Name of Father/Mother or Protector :……………………………………………

Signature of ID Card Holder::……………….

ID Card Certifying Official's:

Signature: ...............

Name,Surname : ………….

Designation: ………..

Date: …………

*"If somebody finds this ID Card, please hand it over to the nearby Police Office or Rural Municipality/Municipality ".*

अनुसूची- ३

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

उजुरीको ढाँचा

मिति :

श्री ……………. …………………………………………….।

मार्फत,

श्री ……………………… ।

विषय : उजुरी सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा म/श्री………………………… को तर्फबाट म ……………………… ले अपाङ्गताको परिचय पत्र पाउनको लागि मिति ……………………… मा……………. कार्यालयमा निवेदन दिएकोमा ……….सो कार्यालयले मिति ……………. मा मलाई/…………… लाई अपाङ्गताको परिचयपत्र दिन नमिल्ने भनी निर्णय गरेको जानकारी प्राप्त हुन आएको हुँदा उक्त निर्णय देहायका आधार तथा प्रमाणबाट त्रुटिपूर्ण भएको कारण मेरो चित्त नबुझेकोले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (७) तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ को नियम ६ बमोजिम देहायका कागजात संलग्न गरी यो उजुरी पेश गरेको छु । मैले पेश गरेको संलग्न आधार तथा प्रमाणको आधारमा अपाङ्गताको परिचयपत्र पाउने गरी निर्णय गरी पाउँ ।

(१) <u>निर्णय त्रुटिपूर्ण भएको आधार, कारण र प्रमाणः</u>

(क) ..................................

(ख) ....................................

(ग) ........................................

(२) <u>संलग्न कागजातः</u>

(क) परिचयपत्र दिन नमिल्ने भनी गरेको निर्णयको प्रतिलिपि,

(ख) नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) अपाङ्गता भएको व्यहोरा खुल्ने गरी चिकित्सकले गरेको सिफारिशको प्रतिलिपि

(घ) अन्य

उजूरीकर्ताको,-
दस्तखत :
नाम थर :
ठेगानाः
परिवारको सदस्य वा संरक्षकको नाम :
सम्पर्क नम्बर :

अनुसूची-४

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

**अपाङ्गता भएका व्यक्तिको अभिलेखको ढाँचा**

क्रम सङ्ख्या :

अपाङ्गताको परिचयपत्र नम्बरः-

परिचयपत्रको प्रकारः ...............

१. नाम, थरः-

२. स्थायी ठेगानाः प्रदेश : जिल्ला :

गाउँपालिका/नगरपालिका:

वडा नं.:

३ अस्थायी ठेगाना प्रदेश : जिल्ला :

गाउँपालिका/नगरपालिका:

वडा नं. :

४. जन्म मितिः-

५. नागरिकता नम्बरः

६. लिङ्गः ७. रक्त समूहः

८. विवाहित/अविवाहितः

९. बाबु/आमा, परिवारको सदस्य वा संरक्षकको नाम, थरः

१०. ठेगानाः- प्रदेश जिल्ला स्थानीय तह वडा नं.

११. अपाङ्गता भएको व्यक्तिसँगको नाताः-

१२. पछिल्लो शैक्षिक योग्यताः-

१३. हाल अध्ययनरत शैक्षिक संस्थाः अहिलेसम्म नगएको/अध्ययनरत/पढाइ सकेको

१४. पेशाः-

१५. अपाङ्गताको किसिमः-

(क) अपाङ्गताको प्रकृतिको आधारमा ....................

(ख) अपाङ्गताको गम्भीरताको आधारमा ..........................

१६. के कस्ता दैनिक क्रियाकलाप गर्न सकिन्छ ?

.................................. ..................................

.................................. ..................................

१७. के कस्ता दैनिक क्रियाकलाप गर्न सकिँदैन ?

..........................................................................

..........................................................................

१८. सहायक सामग्री आवश्यक पर्ने वा नपर्ने :

आवश्यक पर्ने भएमा आवश्यक पर्ने सामग्रीको विवरणः ...

१९. हाल सहायक सामग्री पाए/नपाएकोः

२०. परिचयपत्र वाहकले प्राप्त गरेका अन्य सेवा, सुविधाः

..........................................................................

..........................................................................

२१. परिचयपत्र बाहकलाई आवश्यक परेका अन्य सेवा सुविधाः

......................................................

......................................................

२२. सेवा, सुविधा प्रदान गर्ने निकायः .........................

२३. अन्यः .....................

प्रमाणित गर्ने अधिकारीको,-

दस्तखत :

नाम, थर :

पद :

कार्यालय :

मिति :

## अनुसूची-५

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

**सहायक सामग्री**

१. स्टाइलस, स्लेट, ब्रेल पेपर,

२. ब्रेल मेमो,

३. ब्रेल डिस्प्लेयर,

४. डेजी प्लेयर, सफ्टवेयर, स्क्रिन रिडीङ सफ्टवेयर,

५. सेतो छडी,

६. बाटर इन्डिकेटर,

७. लाइट इन्डिकेटर,

८. अब्जेक्ट इन्डिकेटर,

९. विभिन्न प्रकारका ह्वीलचियर,

१०. वैशाखी, लठ्ठी, इल्वो क्रचेस, एग्जलरी क्रचेस,

११. वाकर, अपाङ्गता भएका व्यक्तिलाई बस्न बनाइने विशेष प्रकारको कुर्सी,

१२. क्यालिपर,

१३. विशेष प्रकारको जुत्ता,

१४. कृत्रिम हात खुट्टा र स्पाइनल ब्रेस,

१५. मेरूदण्ड पक्षघात भएका व्यक्तिको लागि क्याथेटर र डाइपर एयर कुशन,

१६. विशेष प्रकारको कमोड, कमोड चेयर,

१७. श्रावण यन्त्र: Audio induction loop system, Infrared system, Frequency modulation system, Communication access real time translation, Automatic speech recognition,

१८. म्याग्नीफाइङ ग्लास, उच्च क्षमताको चस्मा,

१९. स्वर यन्त्र,

२०. मेरूदण्ड पक्षघात भएकाका लागि एयर म्याट्रेस (Air mattress), जेलि कुशन (Jelly cushion) ।

अनुसूची-६

(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

<u>पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालनको स्वीकृतिका लागि दिने निवेदनको ढाँचा</u>

मितिः

श्री ......................,

विषय : पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न स्वीकृति पाउँ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ बमोजिम पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न हाम्रो संस्था इच्छुक भएकोले देहायको विवरण सहित स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु ।

१. संस्थाको नामः

२. संस्थाको ठेगानाः

३. संस्थाका पदाधिकारीको नाम, थर र ठेगानाः

४. सम्पर्क गर्नु पर्ने व्यक्तिः

५. संस्थाको विधानको प्रतिलिपिः

६. संस्थाको निर्णयको प्रतिलिपिः

७. दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपिः

८. गत आ.व.को प्रगति तथा लेखापरीक्षण प्रतिवेदनः

९. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिः

१०. कर छुटको प्रमाणपत्र भए सोको प्रतिलिपिः

संस्थाको अधिकारप्राप्त व्यक्तिको,-

दस्तखत :

नाम, थर :

सम्पर्क ठेगाना :

मिति :

अनुसूची-७

(नियम २६ को उपनियम (२) सँग सम्बन्धित)

पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालनको स्वीकृति

.............................................. (संस्था) लाई अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७६ बमोजिम पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न मिति ...................को निर्णय अनुसार यो स्वीकृति प्रदान गरिएको छ ।

स्वीकृति दिने व्यक्तिको,-

दस्तखत :

नाम, थर :

पद :

कार्यालय :

मिति :

**आज्ञाले,**

**यामकुमारी खतिवडा**

**नेपाल सरकारको सचिव ।**



कानून किताब व्यवस्था समिति

# अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४

प्रमाणीकरण मिति
२०७४।६।२९

संवत् २०७४ सालको ऐन नं. २५

| संशोधन | प्रमाणिकरण मिति |
| --- | --- |
| १. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ | २०७५।६।२ |

**प्रस्तावना :** अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्ने सम्बन्धमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अपाङ्गता भएका असहाय व्यक्ति" भन्नाले आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफै रोजगार गरी जीवनयापन गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति सम्झनु पर्छ ।

(ख) "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ ।

नेपाल कानून आयोग

(ग) ✖ .................

(घ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) “निर्देशन समिति” भन्नाले दफा ३८ बमोजिमको अपाङ्गता राष्ट्रिय निर्देशन समिति सम्झनु पर्छ ।

(च) “परिवार” भन्नाले अपाङ्गता भएका व्यक्तिका बाजे, बज्यै, बाबु, आमा, छोरा, छोरी, दाजु, भाइ, दिदी, बहिनी वा पति पत्नी सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने निजका अन्य नातेदारलाई समेत जनाउँछ ।

(छ) “पहुँचयुक्त” भन्नाले अपाङ्गता भएका व्यक्तिलाई स्वनिर्भरतापूर्वक जीवनयापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्णरूपले सहभागी हुन सक्ने गरी सक्षम बनाउन मानव निर्मित भौतिक संरचना, यातायातका साधन, सूचना र सञ्चारका उपकरण तथा प्रविधि वा सर्वसाधारणलाई खुला गरिएका सेवा तथा सुविधा विना अवरोध समान रूपमा उपयोग गर्न सक्ने अवस्था सम्झनु पर्छ ।

(ज) “पुनर्स्थापना केन्द्र” भन्नाले दफा २९ बमोजिमको पुनर्स्थापना केन्द्र सम्झनु पर्छ ।

🗀(ज१) “प्रतिष्ठान“ भन्नाले मुनाफा आर्जन गर्ने वा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना, संस्थापना, दर्ता, गठन वा सञ्चालनमा रहेको कुनै कलकारखाना, संघ, संगठन, संस्था, कम्पनी, फर्म, वा अन्य संस्था सम्झनु पर्छ ।

(झ) “भाषा” भन्नाले बोली वा साङ्केतिक भाषा तथा अन्य प्रकारका ध्वनी रहित भाषा सम्झनु पर्छ ।

◈(ञ) “मन्त्रालय” भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ट) “सञ्चार” भन्नाले भाषा, पाठको प्रस्तुति, ब्रेल, स्पर्श सञ्चार, ठूलो छापा, पहुँचयुक्त बहुमाध्यम, पहुँचयुक्त सूचना र सञ्चार प्रविधि लगायत लेख्य, श्रव्य,

---

✖ पहिलो संशोधनद्वारा झिकिएको ।

🗀 पहिलो संशोधनद्वारा थप ।

◈ पहिलो संशोधनद्वारा संशोधित ।

सामान्य भाषा, मानव वाचक तथा सञ्चारका प्रबर्द्धनात्मक र वैकल्पिक तरिका, साधन र ढाँचा सम्झनु पर्छ ।

(ठ) "समन्वय समिति" भन्नाले दफा ४२ बमोजिमको स्थानीय समन्वय समिति सम्झनु पर्छ ।

(ड) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ढ) "संरक्षक" भन्नाले अपाङ्गता भएका व्यक्तिको हक, हितको संरक्षण गर्न प्रचलित कानून बमोजिम नियुक्त गरिएको व्यक्ति सम्झनु पर्छ ।

(ण) "संरक्षण अधिकृत" भन्नाले दफा ५८ बमोजिमको अधिकृत सम्झनु पर्छ ।

परिच्छेद-२

**अपाङ्गताको वर्गीकरण, परिचयपत्र तथा अभिलेख**

३. **अपाङ्गताको वर्गीकरण :** (१) अपाङ्गताको वर्गीकरण अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) मन्त्रालयले तोकिए बमोजिमको समितिको सिफारिसमा उपदफा (१) बमोजिमको अपाङ्गताको वर्गीकरणमा हेरफेर गर्न सक्नेछ ।

४. **अपाङ्गताको परिचयपत्र सम्बन्धी व्यवस्था :** (१) अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको परिचयपत्र प्राप्त गर्न निज आफैले वा निजको परिवारको कुनै सदस्य वा संरक्षकले ◈सम्बन्धित वडा स्थानीय तहको सिफारिस सहित ◈स्थानीय तहमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका कुनै व्यक्ति आफैले निवेदन दिन नसक्ने भएमा वा निजको परिवारको कुनै सदस्य वा संरक्षक पनि नभएमा स्थानीय तहका सम्बन्धित वडाका वडा अध्यक्षले अपाङ्गता परिचयपत्रको लागि निजको तर्फबाट उपदफा (१) बमोजिम निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त भएपछि स्थानीय तहले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा प्रष्ट रुपमा अपाङ्गता देखिने व्यक्तिको हकमा अपाङ्गताको वर्गीकरण समेत उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा अपाङ्गताको परिचयपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन जाँचबुझ गर्दा अपाङ्गताको कुन वर्गीकरणमा पर्ने हो सो प्रष्ट नभएका वा अपाङ्गता भए वा नभएको सम्बन्धमा द्विविधा भएका व्यक्तिको

◈ पहिलो संशोधनद्वारा संशोधित ।

हकमा स्थानीय तहले समन्वय समिति समक्ष पेश गरी सो समितिको सिफारिसको आधारमा उपदफा (३) बमोजिम अपाङ्गताको परिचयपत्र दिनु पर्नेछ ।

(५) समन्वय समितिले उपदफा (४) बमोजिम सिफारिस गर्नुअघि अपाङ्गताको परिचयपत्र प्राप्त गर्ने व्यक्तिको शारीरिक परीक्षण गर्न आवश्यक देखेमा स्थानीय तहको खर्चमा नजिकको सरकारी अस्पतालमा निजको स्वास्थ्य परीक्षण गराउनु पर्नेछ ।

(६) यस दफा बमोजिम जाँचबुझ वा शारीरिक परीक्षण गर्दा कुनै व्यक्तिलाई अपाङ्गताको परिचयपत्र दिन मिल्ने नदेखिएमा स्थानीय तहले सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम अपाङ्गताको परिचयपत्र दिन नमिल्ने गरी स्थानीय तहबाट भएको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारी समक्ष उजूरी दिन सक्नेछ र त्यस्तो उजूरी सम्बन्धमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(८) अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. **झुट्टा विवरण दिई परिचयपत्र प्राप्त गर्न नहुने** : (१) कसैले पनि झुट्टा विवरण दिई अपाङ्गताको परिचयपत्र प्राप्त गर्न वा एक प्रकारको अपाङ्गताको वर्गीकरणमा पर्नेमा झुट्टा विवरण दिई अर्को प्रकारको वर्गीकरणको अपाङ्गताको परिचयपत्र प्राप्त गर्न हुँदैन ।

(२) कसैले उपदफा (१) विपरीत अपाङ्गताको परिचयपत्र प्राप्त गरेमा त्यस्तो व्यक्तिको परिचयपत्र रद्द गरी निजलाई यस ऐन बमोजिम कारबाही गरिनेछ ।

◈(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यथार्थ विवरण दिंदादिंदै कुनै अधिकारीले अपाङ्गता भएको व्यक्तिलाई बेग्लै वर्गको परिचयपत्र प्रदान गरिएको देखिएमा सो परिचयपत्र दिने अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाहीको लागि सिफारिस गरिनेछ ।

(४) कसैले झुट्टा विवरण दिई प्राप्त गरेको अपाङ्गताको परिचयपत्रको आधारमा प्रचलित कानून बमोजिम अपाङ्गता भएका व्यक्तिको लागि आरक्षित गरिएको पदमा कुनै व्यक्ति नियुक्ति भएको पाइएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो नियुक्ति जुनसुकै बखत बदर गरी निजले पाएको तलब तथा अन्य सुविधा समेत

---

◈ पहिलो संशोधनद्वारा संशोधित ।

सरकारी बाँकी सरह असूल उपर गरी पद प्राप्तिका लागि योग्यता ढाँटेको कसूर गरेको मानी प्रचलित कानून बमोजिम सजाय गरिनेछ ।

◈६. **अभिलेख राख्नु पर्नेः** (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिको तोकिए बमोजिमको विवरण सहितको अभिलेख तयार गरी प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अद्यावधिक गरेको अभिलेख स्थानीय तहले नेपाल सरकारको संघीय मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय, मन्त्रालय र प्रदेशको सामाजिक क्षेत्र हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त अभिलेखको आधारमा मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको एकीकृत विवरण तयार गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम अभिलेखमा समावेश नभएका अपाङ्गता भएका व्यक्तिलाई यस ऐन बमोजिम उपलब्ध गराउने सेवा, सुविधा प्रदान गर्न बाध्य हुने छैन ।

## परिच्छेद-३

## अपाङ्गता भएका व्यक्तिको अधिकार

७. **प्रचलित कानून बमोजिमका अधिकार उपभोग गर्न पाउने** : अपाङ्गता भएका व्यक्तिलाई यस ऐनद्वारा प्रदत्त अधिकारका अतिरिक्त अन्य व्यक्ति सरह समान आधारमा प्रचलित कानून बमोजिम प्रदत्त अधिकारको उपभोग गर्न पाउने अधिकार हुनेछ ।

८. **भेदभाव विरुद्धको अधिकार** : (१) अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको आधारमा भेदभाव वा निजलाई वैयक्तिक स्वतन्त्रताबाट बञ्चित गरिने छैन ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि "अपाङ्गताको आधारमा भेदभाव" भन्नाले अन्य व्यक्ति सरह समान आधारमा राजनीतिक, आर्थिक, सामाजिक वा सांस्कृतिक क्षेत्रमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको उपभोग वा प्रयोगमा बाधा अवरोध सृजना गर्ने वा अपाङ्गताका आधारमा भिन्न गराउने, बहिष्करण गर्ने वा रोक लगाउने कार्य सम्झनु पर्छ र सो शब्दले उपयुक्त अनुकूलताको अस्वीकारको विभेदलाई समेत जनाउँछ ।

(२) कसैले पनि अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना गर्दा, बैङ्क तथा वित्तीय संस्थाबाट धितो राखी वा नराखी ऋण लिँदा वा अन्य वित्तीय कारोबार गर्दा, कुनै

◈ पहिलो संशोधनद्वारा संशोधित ।

रोजगारीका लागि छनौट गर्दा वा शुल्क लिई वा नलिई सार्वजनिक रुपमा उपलब्ध गराइएका कुनै पनि सेवा, सुविधा प्रदान गर्दा अपाङ्गताका आधारमा कुनै पनि प्रकारको भेदभाव गर्न पाइने छैन ।

(३) अपाङ्गता भएका व्यक्तिलाई निजको परिवारका कुनै सदस्य वा संरक्षकले अपाङ्गता भएकै आधारमा पालन पोषण, खानपान, हेरचाह, सम्पत्ति बाँडफाँड वा अन्य कार्यमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(४) कुनै दस्तुर बुझाई वा नबुझाई सर्वसाधारण व्यक्तिले प्रयोग वा प्रवेश गर्न पाउने गरी खुला गरिएको कुनै भवन वा स्थानको प्रयोग वा प्रवेशमा अपाङ्गता भएको आधारमा कुनै व्यक्तिलाई निषेध गर्न वा थप शर्त वा दायित्व राख्न पाइने छैन ।

९. **सामुदायिक जीवनको अधिकार** : (१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान रुपमा आफ्नो परिवार वा संरक्षकसँग वा आफूले छनौट गरेको बासस्थानमा बस्ने अधिकार हुनेछ र निजलाई कुनै खास स्थानमा बस्नका लागि बाध्य पारिने छैन ।

(२) अपाङ्गता भएका व्यक्तिलाई सम्मानपूर्वक जीवनयापन गर्न तोकिए बमोजिम सहायक सामग्री तथा सामुदायिक सहायता सेवा पाउने अधिकार हुनेछ ।

१०. **संरक्षणको अधिकार** : (१) अपाङ्गता भएका व्यक्तिलाई परिवार, संरक्षक वा अन्य व्यक्तिबाट हुने हरेक किसिमका अमानवीय वा अपमानजनक व्यवहार, शारीरिक वा मानसिक हिंसा, लैङ्गिक हिंसा, घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई सशस्त्र संघर्ष, सङ्कटकाल वा विपद् परेको अवस्थामा प्राथमिकताका साथ सुरक्षा, उद्धार तथा संरक्षण पाउने अधिकार हुनेछ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई लैङ्गिक हिंसा लगायत सबै प्रकारका शोषण, हिंसा र दुर्व्यवहारबाट संरक्षण गर्नको लागि देहाय बमोजिमको व्यवस्था गर्नेछ :-

(क) अपाङ्गता भएका व्यक्ति विरुद्ध भएका शोषण, हिंसा र दुर्व्यवहारजन्य, लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाको जानकारी लिने तथा अभिलेख राख्ने,

(ख) खण्ड (क) बमोजिमको शोषण, हिंसा तथा घटनाका विरुद्धमा यस ऐन तथा प्रचलित कानून बमोजिम प्रभावकारी कानूनी कारबाही गर्ने,

(ग) त्यस्ता घटनाबाट पीडितको तत्काल र प्रभावकारी रुपमा सुरक्षा, उद्धार, संरक्षण तथा पुनर्स्थापना गर्ने,

(घ) त्यस्ता घटना हुन नदिनका लागि उपयुक्त व्यवस्था गर्ने,

(ङ) त्यस्ता घटनाका विरुद्धमा सामुदायिक स्तरमा सचेतना तथा परामर्श कार्यक्रम सञ्चालन गर्ने ।

११. **राजनीतिक सहभागिताको अधिकार** : (१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा भयमुक्त वातावरणमा निर्वाचनमा उम्मेदवार हुने र स्वेच्छिक रूपमा कसैको सहयोग लिई वा नलिई मतदान गर्ने अधिकार हुनेछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मतदानको प्रक्रिया, सुविधा र सामग्रीलाई पहुँचयुक्त तथा बुझ्न र प्रयोग गर्न सक्ने गरी उपयुक्त व्यवस्था मिलाउनेछ ।

१२. **नीति निर्माणमा सहभागिताको अधिकार** : (१) अपाङ्गता भएका व्यक्तिलाई असर पार्ने प्रकृतिका महत्वपूर्ण नीति निर्माण प्रक्रियामा अपाङ्गता भएका व्यक्ति स्वयं वा निजसँग सम्बन्धित संघ, संस्था मार्फत सहभागी हुने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम नीति निर्माण प्रक्रियामा सहभागी हुँदा अपाङ्गता भएका व्यक्तिले व्यक्त गरेको विचारलाई सान्दर्भिकताको आधारमा उचित स्थान दिइनेछ ।

१३. **संस्था खोल्ने अधिकार** : अपाङ्गता भएका व्यक्तिलाई प्रचलित कानून बमोजिम संघ वा संस्थाको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न पाउने अधिकार हुनेछ ।

१४. **सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार** : (१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा टेलिभिजन कार्यक्रम, चलचित्र, नाटक, नाटचशाला, सिनेमा हल, पुस्तकालय, पर्यटकीय सेवा, कला, साहित्य, सङ्गीत लगायतका सांस्कृतिक कार्यक्रम वा सेवा र मनोरञ्जनमा पहुँचयुक्त ढाँचा र विधिमा सहभागी हुने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई सिर्जनशील, कलात्मक, बौद्धिक, व्यावसायिक, पेशागत तथा आन्तरिक क्षमताको विकास र उपयोग गर्ने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा साङ्केतिक भाषा, बहिरा संस्कृति लगायत विशेष सांस्कृतिक तथा भाषिक पहिचानको मान्यता र सहायता पाउने अधिकार हुनेछ ।

१५. **सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार** : (१) अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्था, आवास, कार्यस्थल, भवन, सडक, यातायात, विद्युतीय सञ्चार सेवा लगायत

सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका अन्य सेवा तथा सुविधाहरूमा सहज पहुँचको अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सुनिश्चित गर्न निःशुल्क कानूनी सहायताको अधिकार हुनेछ ।

१६. **सामाजिक सुरक्षाको अधिकार :** (१) तोकिएका अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारबाट तोकिए बमोजिमको आर्थिक सहयोग वा सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिले कुनै पनि अवसरको प्राप्ति र उपभोग गर्दा निजले प्रयोग गर्ने सहायता सेवामा भएको अतिरिक्त व्ययभारको सोधभर्ना पाउने अधिकार हुनेछ ।

१७. **सूचना तथा जानकारीको अधिकार** : (१) अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सञ्चारका माध्यमबाट अपाङ्गमैत्री तथा पहुँचयुक्तताको आधारमा सूचना तथा जानकारी पाउने अधिकार हुनेछ ।

(२) सार्वजनिक सञ्चारका विद्युतीय प्रसारण संस्थाले नेपाल सरकारले तोके बमोजिमको सङ्ख्यामा साङ्केतिक भाषामा समाचार तथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई सर्वसाधारणको लागि लक्षित गरिएका सूचना थप शुल्क वा दस्तुर बिना पहुँचयुक्त ढाँचा र प्रविधिमा प्राप्त गर्ने अधिकार हुनेछ ।

(४) टेलिफोन तथा इन्टरनेट लगायतका सञ्चार सेवा प्रदायकले आफूले प्रदान गर्ने सेवा नेपाल सरकारले तोकिदिएको अवधिभित्र अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त ढाँचा र प्रयोग गर्न मिल्ने गरी उपलब्ध गराउनु पर्नेछ ।

१८. **आवतजावतको अधिकार :** अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह आफ्नो सहायक सामग्री र आफूले रोजेको सहयोगीका साथ आवतजावत गर्ने अधिकार हुनेछ ।

परिच्छेद-४

## अपाङ्गता भएका महिला तथा बालबालिकाका थप अधिकार

१९. **अपाङ्गता भएका महिलाको अधिकार :** (१) नेपाल सरकारले अपाङ्गता भएका महिलाको अधिकारको संरक्षण गर्न तथा उनीहरुको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोगका लागि उपयुक्त वातावरण निर्माण गर्न तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका महिलाको विशेष अवस्थालाई ध्यानमा राखी उनीहरुको स्वास्थ्य तथा प्रजनन् अधिकारको संरक्षणको लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

२०. **अपाङ्गता भएका बालबालिकाको अधिकार** : (१) अपाङ्गता भएका बालबालिकालाई आफ्नो मान, प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रबर्द्धन गर्ने, समाजमा सक्रिय रुपले सहभागी हुने तथा सम्मानजनक तवरले जीवन व्यतीत गर्ने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका बालबालिकालाई समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य, स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह समान आधारमा निजलाई प्रभाव पर्ने विषयमा आफ्नो धारणा व्यक्त गर्ने अधिकार हुनेछ र उनीहरुका धारणालाई उमेर र परिपक्वताको आधारमा उचित सम्मान दिइनेछ ।

(४) अपाङ्गता भएका बालबालिकालाई निजको सर्वोत्तम हितका लागि अदालतबाट आदेश भएको अवस्थामा बाहेक अपाङ्गता भएका कारणबाट निजको घर परिवारबाट अलग गरिने छैन ।

(५) नेपाल सरकारले बौद्धिक अपाङ्गता, मानसिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात वा श्रवण दृष्टिविहीन अपाङ्गता भएका बालबालिकाका लागि सिकाइ आवश्यकतालाई सम्बोधन गर्न पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ लगायतका विषयमा उपयुक्त व्यवस्था गर्नेछ ।

(६) अपाङ्गता भएका बालबालिकालाई तोकिए बमोजिमको विशेष संरक्षणको अधिकार हुनेछ ।

परिच्छेद-५

**अपाङ्गता भएका व्यक्तिको शिक्षा**

२१. **निःशुल्क शिक्षा उपलब्ध गराउने** : (१) अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित वा नेपाल सरकारबाट अनुदान प्राप्त शैक्षिक संस्थाद्वारा निःशुल्क रुपमा उच्च शिक्षा उपलब्ध गराइनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराउनेछ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना हुँदा कुनै प्रकारको शुल्क लिन पाइने छैन ।

(४) अपाङ्गता भएका व्यक्तिलाई तोकिए बमोजिमका व्यावसायिक तथा प्राविधिक शिक्षा निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।

(५) शिक्षण संस्थाले आफ्नो संस्थाको अतिरिक्त क्रियाकलाप, शैक्षिक सामग्रीको वितरण र पहुँचमा अपाङ्गता भएका व्यक्तिलाई भेदभाव गर्नु हुँदैन ।

(६) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई शिक्षा हासिल गर्न सहज बनाउन उनीहरुको आवश्यकता बमोजिम ब्रेल वा वैकल्पिक लिपि, साङ्केतिक भाषा, सूचना प्रविधिको साधन र दौँतरीबाट सिक्ने जस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) नेपाल सरकारले दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, श्रवण दृष्टिविहीन भएका अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त भाषा तरिका, लिपि, पाठ्यक्रम, पाठ्यपुस्तक, लगायतका पहुँचयुक्त सूचना प्रविधिको माध्यमबाट तोकिए बमोजिम शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(८) नेपाल सरकारले विपन्नता, भौगोलिक विकटता वा अपाङ्गताको गम्भीरता समेतका आधारमा तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिलाई आवास सुविधा सहितको शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(९) अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त अनुकूलता प्रदान गरी व्यावसायिक तथा प्राविधिक शिक्षा, प्रौढ शिक्षा, व्यवहारिक शिक्षा र आजीवन सिकाइमा पहुँच प्राप्त गर्न सक्षम बनाइनेछ ।

(१०) नेपाल सरकारले अपाङ्गताको वर्गीकरणका आधारमा आवश्यकता अनुसार अपाङ्गता भएका विद्यार्थीको परीक्षा तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा छुट्टै व्यवस्था गर्नेछ ।

(११) शिक्षण संस्थाले अपाङ्गता भएका व्यक्तिको आवश्यकतालाई दृष्टिगत गरी अपाङ्गतामैत्री शैक्षिक सामग्रीको व्यवस्था गर्नु पर्नेछ ।

(१२) शिक्षण संस्थाले अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित हुने गरी मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय भवन तथा अन्य भौतिक संरचनाको निर्माण गर्नु पर्नेछ ।

(१३) निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाले नेपाल सरकारले निर्धारण गरिदिए बमोजिमको सङ्ख्यामा अपाङ्गता भएका विद्यार्थीलाई निःशुल्क अध्ययनको सुविधा उपलब्ध गराउनु पर्नेछ ।

२२. **छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराउने** : (१) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीलाई निःशुल्क नगरिएको शिक्षाको लागि तोकिए बमोजिम शैक्षिक छात्रवृत्ति उपलब्ध गराउनेछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीका लागि विशेष शिक्षा कार्यक्रम सञ्चालन गरेका विद्यालयको भौतिक पूर्वाधार तथा अन्य सेवा सुविधाको विकासको लागि तोकिए बमोजिम आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

२३. **अपाङ्गता भएका विद्यार्थीको गुणस्तरीय शिक्षामा पहुँच अभिबृद्धि गर्ने** : (१) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन तथा प्रबर्द्धन गर्नका लागि तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नेछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीलाई अध्यापन गराउने शिक्षक तथा अपाङ्गता भएका शिक्षकका लागि विशेष तालिमको व्यवस्था गर्नेछ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको विद्यालय तथा सिकाइमा पहुँच सुनिश्चित गर्नको लागि विद्यालयलाई तोकिए बमोजिमका शैक्षिक सामग्री निःशुल्क उपलब्ध गराउनेछ ।

परिच्छेद-६

## सीप विकास तथा रोजगारी

२४. **व्यावसायिक तालिम तथा स्वरोजगार** : (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको सीप अभिबृद्धि गरी व्यावसायिकता विकास तथा स्वरोजगारीको अवस्था सृजना गर्न व्यावसायिक तालिम उपलब्ध गराउनेछ ।

(२) नेपाल सरकारले विभिन्न पेशा वा व्यवसाय गर्न चाहने अपाङ्गता भएका व्यक्तिलाई निजमा रहेको सीप, क्षमता तथा पेशा, व्यवसायका लागि निजले तयार गरेको प्रस्तावका आधारमा तोकिए बमोजिम सहुलियत दरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(३) कुनै प्रतिष्ठानले अपाङ्गता भएका व्यक्ति विरुद्ध रोजगारी तथा सोसँग सम्बन्धित कुनै विषयमा भेदभाव गर्न पाइने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै रोजगारीका हकमा सो उपदफा बमोजिमको व्यवस्था लागू नहुने गरी छुट दिन सक्नेछ ।

(५) प्रतिष्ठानले अपाङ्गता भएका कामदार वा कर्मचारीका लागि सहज ढङ्गले काम गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) कसैले पनि अपाङ्गता भएका कारणले मात्र कुनै व्यक्तिलाई बढुवाको अवसरबाट बञ्चित गर्न वा बढुवा गर्न इन्कार गर्न पाउने छैन ।

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि रोजगारी दिने निकाय तथा संस्थाले रोजगारीका सिलसिलामा अपाङ्गता भएको कामदार तथा कर्मचारीलाई रोजगारीबाट हटाउने वा पदबाट घटुवा गर्न पाइने छैन ।

(८) उपदफा (७) बमोजिमको अपाङ्गता भएको कर्मचारीको सन्दर्भमा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) त्यस्तो कामदार वा कर्मचारी आफूले गरी आएको पदको काम सम्पादन गर्न नसक्ने गरी अपाङ्गता भएको अवस्थामा निजलाई समान तलब, सुविधा भएको अर्को पदमा काम गर्ने गरी तोक्ने,

(ख) त्यस्तो कामदार वा कर्मचारीलाई अर्को पदमा काम गर्ने गरी तोक्न सम्भव नभएमा निजलाई मिल्ने अर्को पद सृजना गर्न वा निज अवकाश नभए सम्मका लागि अतिरिक्त पद कायम गरी राख्ने ।

२५. **अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नु पर्ने** : (१) नेपाल सरकारले कुनै प्रतिष्ठानमा अपाङ्गता भएका व्यक्तिको शारीरिक क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने काम उपलब्ध भएसम्म कुनै खास सङ्ख्यामा अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नु पर्ने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका प्रतिष्ठानले अपाङ्गता भएका व्यक्तिलाई तोकिएको प्राथमिकताको आधारमा नियुक्ति गर्नु पर्नेछ ।

२६. **अभिलेख राख्नु पर्ने** : (१) प्रतिष्ठानले आफ्नो प्रतिष्ठानमा कार्यरत अपाङ्गता भएका व्यक्तिको सङ्ख्या, निजलाई उपलब्ध गराइएको सुविधा तथा तोकिए बमोजिम अन्य विवरण समेतको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको अभिलेख प्रतिष्ठानले स्थानीय तह समयभित्र निरीक्षण गर्न चाहनेका लागि निरीक्षण गर्न खुला राख्नु पर्नेछ ।

२७. **व्यवस्थापक समक्ष उजूरी दिन सक्ने :** (१) कुनै प्रतिष्ठानले दफा २४ को उपदफा (३), (४), (५) वा (६) को व्यवस्था पालन नगरेको कारणबाट कुनै व्यक्तिलाई मर्का पर्न गएमा त्यस्तो व्यक्तिले व्यवस्थापक समक्ष उजूरी दिन सक्नेछ ।

स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनका लागि "व्यवस्थापक" भन्नाले प्रतिष्ठानको काम कारबाहीमा अन्तिम निर्णय गर्न पाउने अधिकारी सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम उजूरी परेमा व्यवस्थापकले पन्ध्र दिनभित्र त्यस्तो उजूरी उपर आवश्यक जाँचबुझ गर्नु पर्नेछ र त्यसरी जाँचबुझ गर्दा उजूरीको व्यहोरा मनासिब देखिएमा आवश्यक सुधार गर्न वा त्रुटी सच्याउनु पर्नेछ ।

परिच्छेद-७

## स्वास्थ्य, पुनर्स्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जन

२८. **निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने :** (१) नेपाल सरकारले तोकिए बमोजिमको आयभन्दा कम वार्षिक आय भएका वा तोकिएको रोगको उपचारको लागि सरकारी अस्पतालमा भर्ना भएका अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य सेवा तथा स्पीच थेरापी, अकोपेशनल थेरापी लगायतका आवश्यक थेरापी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "अस्पताल" भन्नाले स्वास्थ्य केन्द्रलाई समेत जनाउँछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका कारणले खानुपर्ने औषधि तथा अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने फ्याक्टर तोकिएका आधारमा निःशुल्क उपलब्ध गराउनेछ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्योपचारको लागि अस्पतालसम्म पहुँचका लागि रहेका अवरोधहरु हटाउन आवश्यक व्यवस्था गर्नेछ ।

(४) अस्पतालका स्वास्थ्यकर्मीले अस्पतालमा उपलब्ध भएसम्मको गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्राथमिकताका साथ अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित पच्चीस शैयाभन्दा बढी शैया भएका अस्पतालमा कम्तीमा दुई शैया अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित राख्नु पर्नेछ ।

(६) नेपाल सरकारले निरोध वा निवारण हुन सक्ने अपाङ्गपनको निरोध तथा निवारण गर्न र अपाङ्गपन तुल्याउने कारक तत्वहरू पत्ता लगाई त्यसको निरोध, निवारण, नियन्त्रण, उन्मूलन र उपचार गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नेछ ।

(७) नेपाल सरकारले अपाङ्गताबाट सृजना हुने अङ्ग र आङ्गिक कार्यको विचलन न्यूनीकरणका लागि नजिकको अस्पतालबाट उपचार प्रदान गर्न आवश्यक व्यवस्था गर्नेछ ।

२९. **पुनर्स्थापना सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारले पूर्ण अशक्त, अति अशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई पुनर्स्थापना गर्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "पुनर्स्थापना" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई समाजमा सक्रिय जीवन निर्वाह गर्न सक्षम हुने गरी प्रदान गरिने चिकित्सकीय सेवा, जीवनोपयोगी सीपमूलक तथा व्यावसायिक तालिम, सहायक सामग्री, औषधि उपचार, नियमित परामर्श सेवा, शैक्षिक तथा आर्थिक कार्यक्रम सम्झनु पर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिलाई बसोबासका लागि सञ्चालन गरिने आवास कार्यक्रमलाई समेत जनाउँछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त आवासको व्यवस्था गर्न तथा सशक्तीकरण गरी समाजमा पुनर्स्थापना गर्ने प्रयोजनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्नेछ ।

(३) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यका लागि पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(४) पुनर्स्थापना केन्द्रलाई नेपाल सरकारले तोकिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ ।

(५) पुनर्स्थापना केन्द्रमा हुनु पर्ने भौतिक तथा अन्य पूर्वाधार, व्यवस्थापन र सञ्चालन सम्बन्धी मापदण्ड तथा अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. **पुनर्स्थापना कोष** : (१) दफा २९ को उपदफा (२) बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र सञ्चालन गर्नका लागि नेपाल सरकारले एक पुनर्स्थापना कोषको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

🗀(क१) प्रदेश सरकारबाट प्राप्त रकम,

🗀 पहिलो संशोधनद्वारा थप ।

(ख) कुनै व्यक्ति वा संस्थाबाट सहयोग स्वरूप प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) स्थानीय तहबाट प्राप्त रकम,

(ङ) ◈दफा ५५ बमोजिम भएको जरिबाना बापत प्राप्त हुने रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) पुनर्स्थापना कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. **अनुसन्धान गर्ने गराउने** : नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण र सेवा सुविधामा पहुँच अभिबृद्धि गर्न तथा अपाङ्गमैत्री सेवा, सुविधा र प्रविधिको विकासको लागि आवश्यक अनुसन्धान गर्नु, गराउनु पर्नेछ ।

३२. **सामाजिक सुरक्षा** : (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बनपूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा निःशुल्क रुपमा देहाय बमोजिमका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउनेछ :-

(क) सुरक्षा तथा स्वास्थ्य सेवासहितको सामुदायिक आवास सुविधा विकास गर्न,

(ख) असहाय बालबालिका तथा परिवारबाट त्यागिएका अपाङ्गता भएका व्यक्तिको लागि आवासको व्यवस्था गर्न,

(ग) जीवन बीमा, स्वास्थ्य बीमा र दुर्घटना बीमा गराउन,

(घ) औषधि तथा आवश्यक सहायक सामग्री उपलब्ध गराउन,

(ङ) तोकिएको आधारमा बेरोजगारी भत्ता, जीवनयापन भत्ता तथा बृद्ध भत्ता उपलब्ध गराउन,

(च) तोकिएको अवस्थाका अपाङ्गता भएका व्यक्तिका सहयोगीको लागि भत्ता उपलब्ध गराउन,

(छ) अपाङ्गता भएका व्यक्तिको विकासका लागि सर्वमान्य ढाँचाको विकास तथा प्रयोगमा सहयोग गर्न,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "सर्वमान्य ढाँचा (युनिभर्सल डिजायन)" भन्नाले सबैले अधिकतम हदसम्म प्रयोग गर्न सक्ने उत्पादन,

◈ पहिलो संशोधनद्वारा संशोधित ।

भौतिक संरचना, कार्यक्रम र सेवाको ढाँचा सम्झनु पर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिका निश्चित वर्गका लागि प्रयोग गरिने सहायक उपकरणलाई समेत जनाउँछ ।

(ज) तोकिए बमोजिमका अन्य सेवा सुविधा उपलब्ध गराउन ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा अपाङ्गताको विविधता, लिङ्ग, उमेर, आर्थिक तथा सामाजिक अवस्था जस्ता विषयलाई आधार बनाइनेछ ।

३३. **सांस्कृतिक अधिकार तथा मनोरञ्जन** : नेपाल सरकार तथा स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको सांस्कृतिक अधिकारको सम्मान गर्न तथा निजलाई मनोरञ्जन सम्बन्धी क्रियाकलापमा अन्य व्यक्ति सरह सहभागी हुने अवसरको सिर्जनाका लागि देहायको व्यवस्था गर्नेछ :-

(क) अपाङ्गता भएका व्यक्तिमा रहेको सीप, कला, प्रतिभा तथा साहित्यप्रतिको रुचीको सम्मान र विकासका लागि आवश्यक छात्रवृत्ति, सुविधा तथा सहयोग उपलब्ध गराउने,

(ख) सेवा सुविधा तथा पूर्वाधारलाई अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाउन आवश्यक प्रविधि तथा कलाको विकास गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिलाई सेवा उपलब्ध गराउने मनोरञ्जन केन्द्र तथा संघसंस्थालाई सहयोग गर्ने,

(घ) अपाङ्गता भएका व्यक्तिलाई अतिरिक्त क्रियाकलापमा भाग लिन प्रोत्साहन गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

३४. **खेलकुदमा सहभागी गराउने** : (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह आवश्यकता अनुसार विशेष व्यवस्था गरी खेलकुद सम्बन्धी क्रियाकलापमा सहभागी गराउनका लागि आवश्यक व्यवस्था गर्नेछ ।

(२) खेलकुदको विकास तथा प्रतियोगिता आयोजना गर्ने संस्था वा निकायले अपाङ्गता भएका व्यक्तिलाई खेलकुद सम्बन्धी प्रतियोगितामा संलग्न गराई खेलकुदको विकास तथा प्रबर्द्धन गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) को प्रयोजनको लागि खेलकुदको विकास गर्न अधिकार पाएका संस्था वा निकायले अपाङ्गता भएका व्यक्तिलाई खेलकुदमा सहभागी गराउन देहायका कार्यक्रम सञ्चालन गर्न सक्नेछन् :-

(क) अपाङ्गता भएका व्यक्तिको पहुँच र समावेशी सहभागिता रहने गरी खेलकुदका पाठ्यक्रम तथा कार्यक्रमको पुनरावलोकन गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिको पहुँच र सुविधा हुने गरी खेलकुद मैदान तथा भौतिक पूर्वाधारको पुनः डिजाइन गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिको खेलकुदप्रतिको प्रतिभा तथा क्षमतालाई उजागार गर्न आवश्यक प्रविधिको विकास तथा प्रयोग गर्ने,

(घ) अपाङ्गता भएका व्यक्तिलाई समावेश गरी खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(ङ) खेलकुदसँग सम्बन्धित अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेश तथा स्थानीयस्तरका संयन्त्रमा अपाङ्गता भएका व्यक्तिलाई प्रभावकारी रूपमा प्रतिनिधित्व गराउने,

(च) विद्यालयस्तरमा सञ्चालन गरिने खेलकुद तथा अतिरिक्त क्रियाकलापमा अन्य बालबालिका सरह अपाङ्गता भएका बालबालिकालाई सहभागी गराउने तथा उनीहरुलाई अपाङ्गताको प्रकृतिका आधारमा विकास गरिएको खेलकुदमा सहभागी गराउन उपयुक्त प्रशिक्षण, तालिम, प्रतियोगिता र सोका लागि स्रोतको व्यवस्था गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

**३५. मानसिक वा मनोसामाजिक (साइको-सोसियल) अपाङ्गता भएका व्यक्तिका लागि थप सेवा, सुविधा** : (१) नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई निज, निजको परिवारको कुनै सदस्य वा संरक्षकले छनौट गरेको सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा राखी उपचार गराउने व्यवस्था मिलाउनेछ ।

(२) नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने औषधि र परामर्श सेवा निःशुल्क उपलब्ध गराउनेछ ।

(३) नेपाल सरकारले घर परिवारबाट उपेक्षित भएका मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई उपचार गरी पुर्नस्थापना गर्ने वा पारिवारिक पुनर्मिलन गराउने व्यवस्था मिलाउनेछ ।

३६. **कारागारमा राख्न नहुने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मानसिक वा मनोसामाजिक अपाङ्गता भएका कुनै व्यक्तिलाई उपचार वा संरक्षणको नाममा कारागारमा राखिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फौजदारी कसूरमा कारबाही चलिरहेका वा सजाय पाएका अपाङ्गता भएका व्यक्तिलाई प्रचलित कानून बमोजिम कारागारमा राख्न बाधा पर्ने छैन ।

परिच्छेद-८

## अपाङ्गता भएका व्यक्तिलाई सहुलियत र सुविधा

३७. **सहुलियत र सुविधा** : (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(२) सवारी साधनको धनी वा सञ्चालकले तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिलाई बस, रेल, हवाईजहाज जस्ता सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा यात्रु भाडामा पचास प्रतिशत छुट उपलब्ध गराउनु पर्नेछ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक साधन, उपकरण वा औजार, अपाङ्गमैत्री सवारी साधन तथा अपाङ्गता भएका व्यक्तिको शिक्षा, तालिम वा स्वरोजगारका लागि प्रयोग हुने मालसामान, यन्त्र, पाटपूर्जा तथा कच्चा पदार्थमा प्रचलित कानून बमोजिम भन्सार, अन्तःशुल्क, स्थानीय कर वा अन्य दस्तुर सम्पूर्ण वा आंशिक रूपमा छुट दिन सक्नेछ ।

(४) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने उद्देश्य राखी स्थापना भएका प्रतिष्ठानमा जडित यन्त्रलाई अपाङ्गमैत्री बनाउन विशेष रुपमा फेरबदल वा पार्टपूर्जा जडान गर्दा भएको खर्चमा तोकिए बमोजिम कर छुट दिन सक्नेछ ।

(५) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क शिक्षा दिने संस्थागत विद्यालयलाई सो वापतको रकम करमा छुट दिन सक्नेछ ।

(६) नेपाल सरकारले तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिका छोरा छोरीहरुलाई तोकिए बमोजिम निःशुल्क शिक्षाको व्यवस्था गर्नेछ ।

(७) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मात्र तालिम वा रोजगारी दिने वा रोजगारीको व्यवस्था गरिदिने सामाजिक संस्था, व्यापारिक वा औद्योगिक प्रतिष्ठानलाई बैङ्क तथा वित्तीय संस्थाबाट सहुलियत ब्याजदरमा ऋण दिलाउने व्यवस्था गर्न सक्नेछ ।

(८) अपाङ्गता भएका व्यक्तिलाई रोजगारी वा तालिम दिने उद्देश्यले स्थापना भएका वा तोकिएको भन्दा बढी सङ्ख्यामा अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने प्रतिष्ठानलाई नेपाल सरकारले विशेष सहुलियत दरमा ऋण उपलब्ध गराउन, प्रचलित कानून बमोजिम कर छुट दिन वा अपाङ्गता भएका व्यक्तिलाई कार्यस्थलमा सुरक्षाका लागि आवश्यक पर्ने उपकरण आयात गर्दा, कच्चा पदार्थ उपलब्ध गराउँदा वा बजार व्यवस्थापन कार्यका लागि छुट तथा सहुलियत प्रदान गर्न सक्नेछ ।

परिच्छेद-९

## निर्देशन समिति तथा समन्वय समिति

३८. **निर्देशन समिति** : (१) अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र संरक्षण सम्बन्धी काम कारबाहीमा समन्वय, रेखदेख, प्रबर्द्धन गर्ने तथा सो सम्बन्धी काममा निर्देशन दिने काम समेतको लागि एक अपाङ्गता राष्ट्रिय निर्देशन समिति रहनेछ ।

(२) निर्देशन समितिको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| ◈(क) | मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | - अध्यक्ष |
| 🗀(क१) | खण्ड (द) बमोजिमका सदस्यहरु मध्येबाट निर्देशन समितिले मनोनयन गरेको सदस्य | - उपाध्यक्ष |
| (ख) | सदस्य, राष्ट्रिय योजना आयोग (सामाजिक सेवा हेर्ने) | - सदस्य |
| (ग) | नेपाल सरकारका मुख्य सचिव | - सदस्य |
| ◈(घ) | सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | - सदस्य |

◈ पहिलो संशोधनद्वारा संशोधित ।

🗀 पहिलो संशोधनद्वारा थप ।

(ङ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(च) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(छ) सचिव, गृह मन्त्रालय - सदस्य

◈(ज) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(झ) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - सदस्य

◈(ञ) सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

◈(ट) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

(ठ) सचिव, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय - सदस्य

(ड) सदस्य-सचिव, समाज कल्याण परिषद् - सदस्य

(ढ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(ण) अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल - सदस्य

(त) राष्ट्रिय संयोजक, समुदायमा आधारित पुर्नस्थापना सञ्जाल - सदस्य

(थ) अपाङ्गता सम्बन्धी विषयका विज्ञहरूमध्येबाट एक जना महिला सहित दुई जना - सदस्य

◈(द) अपाङ्गता भएका व्यक्तिहरुको राष्ट्रियस्तरका संघ, संगठन, महासंघ तथा मानवअधिकारको क्षेत्रमा कार्यरत संस्थाहरुमध्ये फरक(फरक अपाङ्गताका वर्गबाट प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा कम्तीमा पाँचजना महिला सहित दशजना - सदस्य

🗀(द१) राष्ट्रियस्तरमा महत्वपूर्ण योगदान पुऱ्याएका

◈ पहिलो संशोधनद्वारा संशोधित ।

🗀 पहिलो संशोधनद्वारा थप ।

अपाङ्गता भएका व्यक्तिहरुमध्येबाट दुईजना - सदस्य

(ध) अपाङ्गतासँग सम्बन्धित सेवाप्रदायक संस्थाहरूमध्येबाट एक जना महिला सहित दुई जना - सदस्य

(न) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख -सदस्य-सचिव

◈(३) उपदफा (२) को खण्ड (थ), (द), (द१) र (ध) बमोजिमका सदस्यहरुको मनोनयन मन्त्रालयले गर्नेछ र त्यस्ता सदस्यहरु तथा खण्ड (क१) बमोजिम मनोनित उपाध्यक्षको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले त्यस्ता सदस्यलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउँदा निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(६) निर्देशन समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

३९. **निर्देशन समितिको काम, कर्तव्य र अधिकार** : निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अपाङ्गता सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) नेपाल सरकारबाट स्वीकृत नीतिको अधीनमा रही अपाङ्गता सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र अवसरको उपभोग, संरक्षण र प्रबर्द्धन गरी अपाङ्गता भएका व्यक्तिलाई बिना भेदभाव मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपयोग गर्न उपयुक्त उपाय अवलम्बन गर्ने, गराउने,

(घ) अपाङ्गता सम्बन्धी काम कारबाहीमा विभिन्न सरकारी निकाय वा गैरसरकारी संस्थाहरूबीच समन्वय गर्ने,

(ङ) अपाङ्गता सम्बन्धी प्रचलित कानूनमा आवश्यक सुधार गर्नु पर्ने भएमा नेपाल सरकारलाई सुझाव दिने,

---

◈ पहिलो संशोधनद्वारा संशोधित ।

नेपाल कानून आयोग

(च) अपाङ्गता भएका व्यक्तिको सेवा सुविधाको लागि प्रयोग हुने उपकरण वा वस्तुको नविनतम प्रविधिको अनुसन्धान गराई थप सुधार तथा विकास गर्न तथा यस क्षेत्रमा त्यस्ता उपकरणको उपलब्धता र प्रयोगलाई प्रबर्द्धन गर्ने, गराउने,

(छ) अपाङ्गता भएका व्यक्तिको अधिकारका विषयमा विभिन्न निकायको भूमिकाका बारेमा सम्बन्धित व्यक्ति तथा कर्मचारीलाई प्रशिक्षण प्रदान गर्ने, गराउने,

(ज) अपाङ्गता हुन सक्ने अवस्था, त्यसको रोकथामका लागि अपनाउनु पर्ने सजगता तथा अपाङ्गता भएका व्यक्तिका अधिकारको सम्मानका लागि गर्नु पर्ने व्यवहार र सहयोगको बारेमा जनचेतना अभिबृद्धि गर्ने, गराउने,

(झ) बहिरा तथा श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिका लागि दोभाषेको सेवा उपलब्ध गराउने, नेपाली साङ्केतिक भाषाको अनुसन्धान, विकास र प्रबर्द्धन गर्ने तथा त्यसका लागि आवश्यक शब्दकोश र स्पर्श सञ्चारको विकास गर्ने, गराउने,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "दोभाषे" भन्नाले बहिरा वा सुस्तश्रवण व्यक्तिको सञ्चारमा सहजीकरण गर्ने साङ्केतिक भाषा अनुवादक, सुस्त श्रवण भएका व्यक्तिका लागि क्याप्सनर वा श्रवण दृष्टिविहीन व्यक्तिका लागि सञ्चारमा सहजीकरण गर्ने स्पर्श सञ्चार अनुवादक सम्झनु पर्छ ।

(ञ) भौतिक संरचनालाई अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त तुल्याउन आवश्यक नीति स्वीकृति गर्ने,

(ट) अस्पताल, खेल मैदान, सडक, सार्वजनिक तथा सरकारी स्थानीय तह, सार्वजनिक यातायातका साधन, सडक, शौचालय, बसपार्क, पार्क लगायतका सार्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँचलाई सहज तुल्याउन समयावधि निर्धारण गरी आवश्यक कार्यक्रम बनाई लागू गर्ने,

(ठ) अपाङ्गता भएका व्यक्तिहरूको हकहित, प्रबर्द्धन तथा अधिकारको संरक्षण र सेवा सुविधाका लागि काम गर्ने संस्थाको कार्यमा सहयोग गर्ने तथा त्यस्ता संस्थासँग सहकार्य गर्ने,

(ड) अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालित विभिन्न कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन गर्ने,

(ढ) अपाङ्गता सम्बन्धमा अध्ययन, अनुसन्धान, सूचना सङ्कलन, प्रशोधन र प्रकाशन गर्ने, गराउने,

(ण) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धिका प्रावधानहरू कार्यान्वयन गर्न सम्बन्धित निकायका कार्यक्रममा उपयुक्त व्यवस्था समावेश गर्न लगाउने,

(त) अपाङ्गता भएका व्यक्तिको हक, हित वा अधिकार विपरीत कुनै काम कारबाही कसैद्वारा भए गरेको पाइएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(थ) अपाङ्गताका सम्बन्धमा नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेको प्रतिबद्धता कार्यान्वयन गर्न उपयुक्त नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने,

(द) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

४०. **बैठक सम्बन्धी कार्यविधि :** (१) निर्देशन समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ ।

(२) निर्देशन समितिको बैठक अध्यक्षले □र निजको अनुपस्थितिमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) निर्देशन समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य-सचिवले बैठक बस्नुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) निर्देशन समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) निर्देशन समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले □र निजको अनुपस्थितिमा उपाध्यक्षल गर्नेछ ।

(६) निर्देशन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) निर्देशन समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) निर्देशन समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

---

□ पहिलो संशोधनद्वारा थप ।

(९) निर्देशन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४१. **प्रदेश स्तरमा समिति गठन गर्न सक्ने** : (१) प्रदेश सरकारले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन तथा प्रदेश सरकारबाट अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गर्न समेतको लागि सम्बन्धित विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश स्तरको समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

४२. **समन्वय समिति सम्बन्धी व्यवस्था :** (१) अपाङ्गता भएका व्यक्तिको हक हित संरक्षण सम्बन्धी विषयमा समन्वय गर्ने काम समेतको लागि प्रत्येक गाउँपालिका र नगरपालिकामा स्थानीय समन्वय समिति रहनेछ ।

(२) समन्वय समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख -संयोजक

(ख) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य मध्येबाट गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले तोकेको महिला सदस्य -सदस्य

(ग) गाउँपालिका र नगरपालिकाभित्रका माध्यमिक विद्यालयका प्रधानाध्याक वा स्रोत व्यक्तिमध्येबाट गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको व्यक्ति -सदस्य

(घ) गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक -सदस्य

(ङ) स्थानीय प्रहरी स्थानीय तहको प्रमुख -सदस्य

(च) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको

क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरुमध्येबाट गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले मनोनयन गरेको संस्थाको प्रतिनिधि -सदस्य

(छ) गाउँपालिका र नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुमध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सहित तीन जना -सदस्य

(ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने स्थानीय तहको स्थानीय तह प्रमुख -सदस्य

(झ) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्मचारी -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा समन्वय समितिले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउँदा निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

४३. **समन्वय समितिको काम, कर्तव्य र अधिकार** : समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अपाङ्गता भएका व्यक्तिको हक, हित तथा संरक्षणको विषयमा स्थानीय स्तरमा काम गर्ने विभिन्न निकाय, संघ वा संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा त्यस्तो काम सञ्चालन गर्न कुनै निकायलाई निर्देशन दिने,

(ख) अपाङ्गताको वर्गीकरण स्पष्ट नभएका र अपाङ्गता भए नभएको सम्बन्धमा द्विविधा भएका व्यक्तिको निवेदन उपर जाँचबुझ गरी परिचयपत्र प्रदान गर्न स्थानीय तहलाई सिफारिस गर्ने,

(ग) स्थानीय तहभित्र अस्पताल, विद्यालय लगायत अन्य सरकारी तथा सार्वजनिक भौतिक संरचना तथा स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँच सहज गराउन अपाङ्गता मैत्री संरचना विकास वा निर्माण गर्ने, गराउने,

(घ) स्थानीय तहभित्र रहेका अपाङ्गता भएका व्यक्तिको अभिलेख सङ्कलन तथा अद्यावधिक गर्न लगाउने,

(ङ) अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा स्थानीय तहमा सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

४४. **समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समन्वय समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समन्वय समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य-सचिवले बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समन्वय समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समन्वय समितिको बैठकको अध्यक्षता सो समितिका संयोजकले र निजको अनुपस्थितिमा समितिका सदस्यले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समन्वय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समन्वय समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समन्वय समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

परिच्छेद-१०

## अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व

४५. **नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको दायित्व** : (१) अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ ।

(२) राज्यका तर्फबाट अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने सहयोग सहज रुपमा उपलब्ध गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ ।

(३) आफ्नो क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तवरबाट उपलब्ध हुन सक्ने सम्मका सेवा, सुविधा तथा अवसर उपलब्ध गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

(४) अपाङ्गता भएका व्यक्तिले विना भेदभाव अन्य व्यक्ति सरह समानरुपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चितताका लागि नेपाल सरकारले तोकिए बमोजिमका उपायहरुको अवलम्बन गर्नेछ ।

४६. **शिक्षण संस्थाको दायित्व** : अपाङ्गता भएका व्यक्तिलाई यस ऐनमा उल्लेख गरिएका शिक्षा सम्बन्धी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुनेछ ।

४७. **परिवारका सदस्य तथा संरक्षकको दायित्व** : (१) परिवारका सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको अवस्था बमोजिम विशेष ध्यान दिई हेरविचार तथा पालन पोषण गर्ने र शिक्षाको अवसर उपलब्ध गराउनु पर्नेछ ।

(२) अपाङ्गता भएका कुनै व्यक्तिलाई उपचार नगराएमा थप जोखिममा पर्ने भएमा परिवारका सदस्य वा संरक्षकले निजलाई तत्काल उपचारको लागि नजिकको अस्पताल वा नेपाल सरकारले तोकिदिएको स्वास्थ्य संस्थामा पुऱ्याउनु पर्नेछ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई घर परिवारबाट निकाला गर्न वा अवहेलना गर्न पाइने छैन ।

(४) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले अपाङ्गता भएका व्यक्तिका परिवारलाई अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व निर्वाह गर्न सहयोग पुग्ने गरी स्वयं हेरचाह र स्याहार सुसार सम्बन्धी तालिम तथा अन्य आवश्यक सेवा सहायता उपलब्ध गराउन सक्नेछ ।

४८. **चिकित्सकको दायित्व :** (१) चिकित्सकले आफू समक्ष उपचारका लागि आएको कुनै व्यक्तिमा अपाङ्गता हुने जोखिम छ भन्ने लागेमा त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई गराई सो तर्फ समेत उचित ध्यान दिई उपचार गर्नु पर्नेछ ।

(२) चिकित्सकले अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिई अपाङ्गतामैत्री वातावरणमा उपचार गर्नु पर्नेछ र कुनै कारणवश आफूले उपचार गराउन नसक्ने भएमा उपचार हुनसक्ने ठाउँमा सिफारिस गर्नु पर्नेछ ।

४९. **अपाङ्गता भएका व्यक्तिप्रतिको सामाजिक उत्तरदायित्व** : (१) प्रतिष्ठान तथा शैक्षिक संस्थाले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारीका अवसरहरूको सम्बर्द्धन र प्रबर्द्धनका लागि आफ्नो आयबाट तोकिए बमोजिमको रकम सामाजिक उत्तरदायित्व अन्तर्गत छुट्याउनु पर्नेछ ।

(२) नेपालमा कार्यरत विकासका साझेदार (डेभलपमेण्ट पार्टनर) ले नेपालको विकास कार्यक्रममा खर्च गर्ने कूल रकममध्येबाट अर्थ मन्त्रालयले निर्धारण गरिदिए बमोजिमको रकम अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण तथा यस ऐन बमोजिमको पुर्नस्थापना सम्बन्धी कार्यका लागि खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम तोकिए बमोजिम उपयोग गरिनेछ ।

(४) सवारी साधनका धनी वा सञ्चालकले बस, रेल, हवाईजहाज समेतका सार्वजनिक यातायातका साधनमा अपाङ्गता भएका व्यक्तिका लागि तोकिए बमोजिमको सङ्ख्यामा सिट सुरक्षित राख्नु पर्नेछ ।

५०. **वर्गीकरणका आधारमा सेवा, सुविधामा प्राथमिकता दिन सकिने** : अपाङ्गता भएका व्यक्तिलाई राज्यको तर्फबाट कुनै सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउँदा अपाङ्गताको मात्रा, गाम्भीर्यता तथा निजको आर्थिक अवस्थाका आधारमा प्राथमिकता दिइनेछ ।

## परिच्छेद-११

## अपाङ्गता भएका व्यक्तिको अधिकार तथा निज प्रतिको दायित्वको संरक्षण र प्रचलन

५१. **अधिकारको प्रचलन गराउन निवेदन दिन सक्ने** : (१) कसैले यस ऐनमा उल्लेख भएका अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन गरेमा वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगरेमा अपाङ्गता भएका व्यक्ति स्वयंले वा निजको परिवारका कुनै सदस्य वा

संरक्षकले सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख जिल्ला अधिकारीले सात दिनभित्र सम्बन्धित व्यक्ति वा निकाय बुझी सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा कुनै व्यक्तिले अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गरेको पाइएमा वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गरेको नदेखिएमा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको अधिकार प्रचलन गराउन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गर्न सम्बन्धित व्यक्तिलाई आदेश दिनेछ ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा कुनै निकाय वा संस्थाले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगराएको देखिएमा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउनका लागि सम्बन्धित निकाय वा संस्थामा लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लेखी आएमा सम्बन्धित निकाय वा संस्थाले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउँदा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको परिवारका सदस्य वा संरक्षकलाई आवश्यक सुझाव दिन, सचेत गराउन वा आदेश दिन सक्नेछ ।

(७) उपदफा (३) वा (६) बमोजिम प्रमुख जिल्ला अधिकारीले दिएको आदेश उपर चित्त नबुझ्नेले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

५२. **<u>अधिकार प्रचलन गराउन जिल्ला अदालतमा निवेदन दिन सक्ने</u>** : (१) दफा ५१ मा जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्ति, निजका परिवारका सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिको अधिकार प्रचलन वा निज प्रतिको दायित्व पूरा गराउन अपाङ्गता भएका व्यक्ति रहे बसेको जिल्लाको जिल्ला अदालत समक्ष सोझै निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा जिल्ला अदालतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन गर्ने वा अपाङ्गता

नेपाल कानून आयोग

भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउने सम्बन्धमा सम्बन्धित व्यक्ति वा निकायका नाउँमा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा परिवारको कुनै सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन गरेको वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गरेको नदेखिएमा अदालतले त्यस्तो परिवारको सदस्य वा संरक्षकलाई अपाङ्गता भएका व्यक्तिको अधिकार र निज प्रतिको दायित्वको विषयमा आवश्यक जानकारी गराई अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन नगर्न वा निज प्रतिको दायित्व पूरा गर्ने प्रतिवद्धता प्रकट गर्न लगाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम आदेश जारी गर्दा जिल्ला अदालतले अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गर्ने वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगर्ने व्यक्ति, संस्था वा निकायका प्रमुखलाई सचेत गराउन वा दफा ५५ बमोजिम सजाय गर्न र निजबाट मनासिब क्षतिपूर्ति भराउने आदेश गर्न सक्नेछ ।

परिच्छेद-१२

## कसूर र सजाय

५३. **घृणा, हेला वा तिरस्कार गर्न नहुने** : कसैले पनि अपाङ्गता भएका व्यक्तिलाई घृणा, हेला, उपहास वा तिरस्कार गर्न, जानीजानी निजको आत्मसम्मानमा चोट पुऱ्याउने कुनै कार्य गर्न वा अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्रीको प्रयोगमा अवरोध वा हस्तक्षेप गर्न वा त्यस्तो सामग्री खोस्न वा बिगार्न हुँदैन ।

५४. **भिक्षा माग्न लगाउन नहुने** : कसैले अपाङ्गता भएका व्यक्तिलाई भिक्षा माग्न लगाउन हुँदैन ।

५५. **सजाय :** (१) कसैले दफा ५ को उपदफा (१) विपरीत कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई एक महिनादेखि तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ५३ विपरीत कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई तीन महिनादेखि नौ महिनासम्म कैद वा तीस हजार रुपैयाँदेखि नब्बे हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) कसैले दफा ५४ विपरीत कुनै काम गरेमा भिक्षा माग्न वा माग्न लगाउनेलाई प्रचलित कानून बमोजिम हुने सजायमा पचास प्रतिशत थप सजाय हुनेछ ।

(४) उपदफा (२) बमोजिमको कसूर गर्न दुरुत्साहन गर्ने, उद्योग गर्ने वा मतियार भई सहयोग गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(५) उपदफा (२) र (४) बमोजिमको सजाय पाएको व्यक्तिले पुनः त्यस्तो कार्य गरेमा सो उपदफा बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजायसमेत हुनेछ ।

(६) कुनै व्यक्तिले यस ऐन बमोजिम प्रदत्त अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गरेमा वा निज प्रतिको दायित्व पूरा नगरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(७) माथि उपदफाहरुमा लेखिएदेखि बाहेक यस ऐन विपरीत काम गर्ने व्यक्ति वा कुनै संस्था वा निकायका प्रमुखलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

५६. **हदम्याद** : दफा ५५ बमोजिम सजाय हुने विषयमा सो काम भए गरेको मितिले तीन महिनाभित्र मुद्दा दायर गरिसक्नु पर्नेछ ।

५७. **नेपाल सरकार वादी हुने** : दफा ५५ को उपदफा (१), (२), (३), (४) र (५) अन्तर्गतको सजाय हुने मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

परिच्छेद-१३

## विविध

◈५८. **संरक्षण अधिकृत** : स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण गर्ने काम समेतका लागि एकजना कर्मचारीलाई संरक्षण अधिकृत तोक्न सक्नेछ ।

५९. **घुम्ती सेवा सञ्चालन गर्न सक्ने** : अपाङ्गता भएका व्यक्तिलाई यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको सेवा सुविधा ✖............ सहज रुपमा उपलब्ध गराउनका लागि मन्त्रालयले तोकिए बमोजिम घुम्ती सेवा सञ्चालन गर्नु, गराउनु पर्नेछ ।

६०. **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

६१. **कार्यविधि तथा निर्देशिका बनाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्न मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

◈ पहिलो संशोधनद्वारा संशोधित ।

✖ पहिलो संशोधनद्वारा झिकिएको ।

६२. **अनुसूचीमा हेरफेर गर्न सक्ने** : मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

६३. **खारेजी र बचाउ :** (१) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ खारेज गरिएको छ ।

(२) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

नेपाल कानून आयोग

**द्रष्टव्यः**

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ द्वारा मूल ऐनको ठाउँ(ठाउँमा रहेका "कार्यालय" भन्ने शब्दको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका ।

अनुसूची

**(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

**अपाङ्गताको वर्गीकरण**

**(क) शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपाङ्गता भएका व्यक्ति :-**

१. **शारीरिक अपाङ्गता** : स्नायु, मासंपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या (जस्तैः बाल पक्षघात (पोलियो), शारीरिक अङ्गविहीन, कुष्ठ प्रभाव, मांसपेशी विचलन (मस्कुलर डिस्ट्रोफी), जोर्नी र मेरूदण्ड सम्बन्धी स्थायी समस्या, क्लवफीट पैंताला फर्केको, रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता) तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनुपर्ने औसत उचाइभन्दा ज्यादै कम उचाइ भएको व्यक्ति ।

२. **दृष्टि सम्बन्धी अपाङ्गता :** दृष्टि सम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने,

(क) **दृष्टि विहीनता** : औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औंला दश फिटको दूरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर ( ३/६०) मा पढ्न नसक्ने व्यक्ति ।

(ख) **न्यून दृष्टियुक्त** : औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दूरीबाट हातको औंला छुटयाउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६/१८) मा पढ्न नसक्ने ।

(ग) **पूर्ण दृष्टिविहीन** : पूर्ण रुपमा उज्यालो वा अँध्यारो छुटयाउन नसक्ने व्यक्ति ।

**३. सुनाइ सम्बन्धी अपाङ्गता :** सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुटयाउन नसक्ने,

(क) **बहिरा :** असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति ।

(ख) **सुस्तश्रवण :** सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा पैँसठीदेखि असी डेसिबलसम्मको ध्वनि सुन्न सक्ने व्यक्ति ।

४. **श्रवण दृष्टिविहीन अपाङ्गता**ः सुनाइ सम्बन्धी र दृष्टिसम्बन्धी दुवै अपाङ्गता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।

५. **स्वर र बोलाइ सम्बन्धी अपाङ्गता** : स्वर र बोलाइ सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोऱ्याउने व्यक्ति ।

६. **मानसिक वा मनोसामाजिक अपाङ्गता** : मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

७. **बौद्धिक अपाङ्गता :** उमेरको बृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तो : डाउन्स सिन्ड्रोम समेत)

८. **अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता :** अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

९. **अटिज्म सम्बन्धी अपाङ्गता** : जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तो : सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोऱ्याइरहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति)

१०. **बहुअपाङ्गता** : एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति । (जस्तैः मस्तिष्क पक्षघात आदि)

**(ख)** **अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरण** :

(१) **पूर्ण अशक्त अपाङ्गता :** आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर रुपमा अरुको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थाको व्यक्ति ।

(२) **अति अशक्त अपाङ्गता :** वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रुपमा अरुको सहयोग लिनुपर्ने अवस्थाको व्यक्ति ।

(३) **मध्यम अपाङ्गता** : भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरुको सहयोग लिई वा नलिई नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

(४)**सामान्य अपाङ्गता :** सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

**स्पष्टीकरण** :

१. "शारीरिक अङ्गहरूको बनौट र कार्य" भन्नाले शरीर सञ्चालन सम्बन्धी, दृष्टि सम्बन्धी, स्वर र सुनाइ सम्बन्धी, मानसिक, मांसपेशी र स्नायु सम्बन्धी र अन्य प्रणालीका अङ्ग र कार्यलाई जनाउँछ ।

२. "नियमित दिनचर्याका कार्यहरु र सामाजिक जीवन क्षेत्रमा सहभागिता" भन्नाले व्यक्तिको सिकाइ, दैनिक काम, सञ्चार, चलफिर, स्वयं हेरचाह, घरेलु जीवन अन्तरक्रिया, समाहित शिक्षा, रोजगारी, सामुदायिक एवं नागरिक जीवनका क्षेत्रका कार्यहरू र सहभागितालाई जनाउँछ ।

३. "विद्यमान सामाजिक एवं भौतिक वातावरणबाट सिर्जित अवरोध" भन्नाले मनोसामाजिक, प्रविधि, प्राकृतिक तथा मानव निर्मित वातावरण, धारणागत, सेवाप्रणाली र नीतिहरूबाट सिर्जना भएको अवरोधलाई जनाउँछ ।

४. सहभागिता, सुविधा तथा प्रतिनिधित्व समेतका लागि बौद्धिक अपाङ्गता र पूर्णअशक्तता भएका अपाङ्ग व्यक्तिहरूका हकमा आमा, बाबु वा प्रत्यक्षरूपमा पालनपोषणमा संलग्न व्यक्तिलाई परिवारका सदस्य वा सरोकारवाला मानिनेछ ।